सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ चैत २०८०, आइतबार (24 Mar 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सुनकाण्डको अनुसन्धानमा 'बदनियत' देखिएका सिआइबीका अधिकारीमाथि कारबाही गर्न अर्को समिति गठन



किरण बज्राचार्य सञ्जयसिंह थापा रुगम कुँवर दुर्गा दाहाल

सुन तस्करी प्रकरणमा चार प्रहरी अधिकारीमाथि कस्तो कारबाही गर्ने भन्ने अन्योल भएपछि गृहले बनायो अर्को समिति

आइजिपी वसन्त कुँवरका एक वर्ष

नक्कली शरणार्थीदेखि सुनकाण्डसम्मको अनुसन्धान

(विस्तृत पृष्ठ ३)

लुम्बिनी क्षेत्रमा गुम्बाको नाममा गुरुयोजनाविपरीत तारे होटेलजस्ता संरचना

लिजमा लिएका जग्गामा विभिन्न राष्ट्रले गुरुयोजनाविपरीत संरचना बनाउँदा पनि लुम्बिनी विकास कोष मूकदर्शक



गुरुयोजना कार्यान्वयन गर्न संस्कृतिमन्त्रीको निर्देशन



पर्यटनमन्त्री हितबहादुर तामाङले लुम्बिनी गुरुयोजना कार्यान्वयन नभएकोमा सर्वत्र आलोचना भइरहेको भन्दै कार्यान्वयन गर्न निर्देशन दिएका छन्। गुरुयोजनाविपरीत संरचना बनेको, युनेस्कोको असहमति रहेका जस्ता विषय आइरहेकाले यसबारे ध्यानाकर्षण भएको उनले बताए।

(विस्तृत पृष्ठ ६)



१० क्यासिनोबाट तीन अर्ब ८५ करोड बक्यौता अझै उठेन

बक्यौता नतिरेकै कारण एभरेस्ट, याक एन्ड यती र च्याडिसनको पाँचतारे वर्गीकरण नवीकरण भएन, फूलबारी रिसोर्ट वर्षौंदेखि बन्द

नवीन अर्याल/नयाँ पत्रिका

१० क्यासिनोले रोयल्टीबापत बुझ्काउनुपर्ने तीन अर्ब ८५ करोड बक्यौता वर्षौंदेखि सरकारलाई बुझाएका छैनन्। हेप्पी आवर, रक इन्टरनेसनल, क्यासिनो च्याड, याक एन्ड यती, सेन्ट्रल मिडिया प्रालि, फूलबारी रिसोर्ट, नेपाल रिक्रियसन सेन्टर, सोल्टी होटेल, अन्नपूर्ण इन्टरनेसनल र होटेल एभरेस्टले बक्यौता नबुझाएका हुन्।

पुरानो बक्यौता नबुझाएका केही कम्पनीले अदालतको 'स्टे अर्डर'को भरमा क्यासिनो सञ्चालन गरिरहेका छन्। अदालती मुद्दालगायत कारणले वर्षौंदेखि उठाउन नसकेको एक अर्ब ७५ करोड बक्यौताको हिसाब महालेखा नियन्त्रकको कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयलाई पठाइएको पर्यटन विभागका महानिर्देशक चक्र बुढाले बताए। कुमारीचोकमा पठाएको बक्यौता उठाउने दायित्व उसैको हुने बुढाको भनाइ छ। त्यस्तै, पर्यटन विभाग आफैंले उठाउने बक्यौताको दायित्व दुई अर्ब १० करोड रुपैयाँ छ।

बक्यौता नतिर्ने कतिपय सञ्चालनमा, कतिपय बन्द

भारतीय नागरिक राकेश बाधवा नेतृत्वको रिक्रियसन सेन्टरले सबैभन्दा धेरै बक्यौता बुझाउन बाँकी छ। रिक्रियसन सेन्टरले सोल्टी, अन्नपूर्ण, हायात, एभरेस्टलगायत होटेलमा विभिन्न चरणमा क्यासिनो सञ्चालन गरेबापतको ८७ करोड ५९

» पृष्ठ २ मा क्रमशः

■ कुन क्यासिनोको बक्यौता कति ?



नेपाल रिक्रियसन सेन्टर
८७ करोड ५९ लाख
रिक्रियसनले सोल्टी, अन्नपूर्ण, हायात, एभरेस्टलगायत होटेलमा विभिन्न चरणमा क्यासिनो सञ्चालन गरेबापतको बक्यौता

याक एन्ड यती
७३ करोड ९५ लाख
दरबारमार्गमा सञ्चालित यो क्यासिनोसँग पर्यटन विभागले ५४ करोड ५१ लाख र केन्द्रीय तहसिल कार्यालयले १९ करोड ४४ लाख उठाउन बाँकी

हेप्पी आवर
५९ करोड २९ लाख
महेन्द्रनगर, नेपालगन्ज, भैरहवा र काँकडभिट्टामा सञ्चालित हेप्पी आवरले पुरानो बक्यौता नतिर्दा जरिवाना थपिँदै

फूलबारी रिसोर्ट
४० करोड ८० लाख
पोखराको यो रिसोर्ट अहिले बन्द छ।

क्यासिनो च्याड
४० करोड २७ लाख
यो क्यासिनोले बक्यौता नतिर्दा लाजिम्पाटको च्याडिसन होटेलको पाँतचारे वर्गीकरण नवीकरण भएको छैन।

सेन्ट्रल मिडिया प्रालि
७ करोड ८० लाख
सेन्ट्रल मिडियाले चार-चारवटा आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेल (मिनी क्यासिनो) सञ्चालन गर्ने अनुमति लिएको छ।

सोल्टी होटेल
१० करोड ४० लाख
विभिन्न चरणमा विभिन्न क्यासिनो सञ्चालन भएको पाँचतारे होटेल सोल्टीमा हाल माजोङ इन्टरटेनमेन्टले क्यासिनो चलाउँछ। तर, उनीहरूले नतिरेको बक्यौताको अन्तिम दायित्व होटेललै नै व्यहोर्नुपर्छ।

होटेल एभरेस्ट प्रालि
१६ करोड ९५ लाख
एभरेस्टको पाँच तारा नवीकरण हुनका लागि सबैभन्दा पहिला इआई स्वीकृत हुनुपर्छ। त्यसपछि उसको मुद्दा किनारा लाग्नुका साथै बक्यौता रकम तिरेपछि बल्ल पाँच तारा नवीकरण हुने विभागले जनाएको छ।

अन्नपूर्ण इन्टरनेसनल
१९ करोड १४ लाख
अन्नपूर्ण होटेलमा क्यासिनो चलाएको क्यासिनो अन्नाको पुरानो बक्यौता तिर्न बाँकी छ। हाल अन्नपूर्णमा क्यासिनो चलाइरहेको एटलान्टिक रिक्रियसनले भने पूरै बक्यौता तिरेको छ।

रक इन्टरनेसनल
२९ करोड २० लाख
धनगढी, वीरगन्ज, भैरहवा र काँकडभिट्टामा सञ्चालित रकले पुरानो बक्यौता नतिर्दा जरिवाना बढ्दै गएको छ।

■ कति तिर्नुपर्छ रोयल्टी ?

कुनै पनि क्यासिनोको रोयल्टी प्रत्येक वर्ष बजेटमार्फत आउने आर्थिक ऐनले निर्धारण गर्छ। तर, क्यासिनोको इजाजतपत्र दिने र नवीकरण गर्ने भने क्यासिनो नियमावली, २०७० अनुसार हो। ठूलो क्यासिनोको इजाजत लिन साढे दुई करोड र मिनी क्यासिनोको एक करोड रुपैयाँ लाग्छ। क्यासिनो नवीकरण गर्न ५० प्रतिशत शुल्क तिर्नुपर्ने हुन्छ। चालू आर्थिक वर्षको आर्थिक ऐन, २०८० को दफा १६ ले ठूलो क्यासिनोको रोयल्टी पाँच करोड र मिनी क्यासिनोको डेढ करोड रुपैयाँ तोकेको छ। आर्थिक ऐन प्रत्येक वर्ष आउने हुँदा रोयल्टी पनि फरक-फरक हुने गर्छ।

अब एक कम्पनी, एक क्यासिनो

अब एउटा कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न नपाउने भएका छन्। प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरणको प्रक्रियामा रहेको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकले पर्यटन ऐन, २०३५ पनि संशोधन गरेको छ, जसमा क्यासिनो सञ्चालनमा कडाइ गरिएको हो। यसअघि एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको भए ०८२ असार मसान्तभित्र रोजेको कुनै एउटा क्यासिनो चलाउन दिइने ऐनमा प्रावधान छ। यदि अन्य क्यासिनो सञ्चालन गर्ने भए ०८५ असार मसान्तसम्म अलग-अलग कम्पनी पर्यटन ऐनबमोजिम इजाजतपत्र लिनुपर्नेछ। अहिले एउटै कम्पनीले चारवटासम्म क्यासिनो सञ्चालनको इजाजत पाएका छन्। नयाँ प्रावधानअनुसार क्यासिनो इजाजतपत्रको अनुमति एक वर्षको मात्र हुनेछ।

आर्थिक ऐन, २०७२ मै एउटा कम्पनीले एउटाभन्दा बढी ठूला क्यासिनो सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको थियो। आर्थिक ऐन, २०७३ को दफा १६ ले मिनी र ठूलो क्यासिनो दुवैको हकमा 'एक कम्पनी, एक क्यासिनो'को व्यवस्था गऱ्यो। यो व्यवस्थाका विरुद्ध हेप्पी आवर, रक, सिएमजी, रोयल (याक एन्ड यती), क्यासिनो च्याडलगायत मुद्दामा गएका थिए। बक्यौता बढ्नुको कारण यही पनि हो।

नयाँ प्रावधानअनुसार नयाँ दर्ता हुने क्यासिनो कम्पनी अन्तर्राष्ट्रिय सिमानाबाट कम्तीमा पाँच किलोमिटर दूरीमा हुनुपर्ने व्यवस्था गरेको छ। यसअघि तीन किलोमिटर कायम थियो।

हाइटेन्सन तार चुँडिएर एकै घरका तीनको मृत्यु

दाडमा **दीपक बोहरा**

दाडको राप्ती गाउँपालिका- ३ घण्टदेवमा विद्युत्को लाइन चुँडिएर करेन्ट लाग्दा एकै घरका तीनजनाको मृत्यु भएको छ। शनिबार दिउँसो सवा २ बजेतिर विद्युत्को हाइटेन्सन लाइनको तार चुँडिएर करेन्ट लाग्दा घण्टदेव चोकका ५५ वर्षीया दिलसरा केसी र उनका श्रीमान् ६० वर्षीय गोरखबहादुर केसी र चार वर्षीय नाति कृष्ण केसीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाडका प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले जानकारी दिए।

दिलसरा र नाति कृष्णको घटनास्थलमा मृत्यु भएको र गोरखबहादुरको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको हो। प्रहरीका अनुसार तार चुँडिएर आँगनमा खसेको थियो। आँगनमा रहेकाहरूको शरीरमा खस्दा करेन्ट लागेको हो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कांग्रेस नेतृत्वलाई गृहमन्त्री लामिछानेको चुनौती

सम्पूर्ण प्रमाण बोकेर आउनुस्, सिंगो देशले हेर्ने गरी प्रत्यक्ष प्रसारणसहित बहस गरौं

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सहकारी प्रकरणमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले सार्वजनिक बहसका लागि कांग्रेस नेतृत्वलाई चुनौती दिएका छन्। प्रमुख प्रतिपक्ष दल कांग्रेसले निरन्तर गृहमन्त्री लामिछानेमाथि सहकारी प्रकरणमा छानबिनको माग गर्दै आएपछि रास्वपा सभापतिसमेत रहेका लामिछानेले सार्वजनिक कार्यक्रममार्फत चुनौती दिएका हुन्।

गृहमन्त्री लामिछानेले कांग्रेस महामन्त्री गगन थापातर्फ लक्षित गर्दै उनको निर्वाचन क्षेत्रमा बहस गर्न सहज हुने बताएका छन्। 'तपाईंहरूले भनेको दिन, स्थान र समयमा तपाईंहरू र म सार्वजनिक बहस गरौं। त्यो बहस काठमाडौं ४ मा भए राम्रो। म एक्लै आउँछु, तपाईं आफ्ना विज्ञ, पार्टीका सम्पूर्ण प्रभावशाली नेता र तपाईंले ममाथि लगाएका सारा आरोप पुष्टि गर्ने सम्पूर्ण प्रमाण बोकेर आउनुहोला,' शनिबार राति लामिछानेले सामाजिक सञ्जालमा लेखेका छन्, 'यो बहस प्रत्यक्ष प्रसारण गरौं ताकि सिंगो देशले हेरोस्। सारा देशका अगाडि तपाईंहरूले मलाई सूर्यदर्शन सहकारीको ठग प्रमाणित गर्नुहोला। तपाईंका कुरा तपाईं जान्नुहोस्, मैले त मेरा मतदातामाथि न्याय गर्नैपर्छ। जवाफ दिनैपर्छ। मेरो यो प्रस्तावको जवाफमा तपाईंहरूले कहींकतै, केही लेख्न-बोल्न पर्दैन। दायाँबायाँ केही कुरा नगर्नुहोला। बस्, तपाईं मलाई यति मात्र भन्नुस्, म कहिले, कहाँ

» पृष्ठ २ मा क्रमशः

'कांग्रेसले मागेर होइन, काम गर्न नसके राजीनामा दिने हो'



तपाईंहरूले भनेको दिन, स्थान र समयमा तपाईंहरू र म सार्वजनिक बहस गरौं। त्यो बहस काठमाडौं ४ मा भए राम्रो। म एक्लै आउँछु, तपाईं आफ्ना विज्ञ, पार्टीका सम्पूर्ण प्रभावशाली नेता र तपाईंले ममाथि लगाएका सारा आरोप पुष्टि गर्ने सम्पूर्ण प्रमाण बोकेर आउनुहोला। यो बहस प्रत्यक्ष प्रसारण गरौं ताकि सिंगो देशले हेरोस्। सारा देशका अगाडि तपाईंहरूले मलाई सूर्यदर्शन सहकारीको ठग प्रमाणित गर्नुहोला। तपाईंका कुरा तपाईं जान्नुहोस्, मैले त मेरा मतदातामाथि न्याय गर्नैपर्छ। जवाफ दिनैपर्छ। मेरो यो प्रस्तावको जवाफमा तपाईंहरूले कहींकतै, केही लेख्न-बोल्न पर्दैन। दायाँबायाँ केही कुरा नगर्नुहोला। बस्, तपाईं मलाई यति मात्र भन्नुस्, म कहिले, कहाँ तपाईंका आरोपहरूको जवाफ दिन आऊँ ? होइन भने, छोड्दिनुस् यो बालहठ। मेरो यो चुनौतीलाई प्रतिशोधका रूपमा लिन पनि आवश्यक छैन। प्रतिपक्षी नेपाली कांग्रेसले माग्दैमा राजीनामा दिने कुरा हुँदैन। काम गर्न नसकेका वेला राजीनामा माग्नैपर्दैन, खल्तीमा राजीनामा बोकेर हिँडेका छौं।

■ ५ चैतमा संसद्को आकस्मिक समयमा बोल्दै महामन्त्री थापाले भनेका थिए-



पोखराको सूर्यदर्शन सहकारीले १९ हजार बचतकर्ताको एक अर्ब ३५ करोडभन्दा बढी पैसा अपचलन गरेको महानगरको अध्ययनले देखाएको छ। यदि यस्तै मान्ने हो भने सयजनाले लगेको एक अर्बभन्दा बढी रुपैयाँको प्रकृति ठ्याक्कै यही हो। कसैको धितो छैन, कोही सहकारीको सदस्य होइन, कुनै प्रक्रिया पुऱ्याइएको छैन, एक अर्ब इ्वाम। यसै छोडिदिने हो भने एकजना मात्र छोडेर हुँदैन, सबैलाई छोड्नुपर्छ। एउटा सहकारी छोडेर हुँदैन, सबै सहकारी छोड्नुपर्छ। प्रधानमन्त्रीलाई प्रश्न छ, सरकार यो गर्न तयार हो ? सहकारीमा त गृहमन्त्री आफैं मुछिनुभएको छ। यसको अनुसन्धान कसरी हुन्छ, हामीले विश्वास कसरी गर्ने ?

एक वर्षमा पर्सा निकुञ्ज क्षेत्रमा चार बाघ मारिए, बाघको आक्रमणमा तीनको मृत्यु

बारामा **इन्दीप कोइराला**

बारा र पर्सा जिल्लामा फैलिएको पर्सा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या थपिएसँगै मानव र वन्यजन्तुबीच द्वन्द्व पनि बढेको छ। मानव र वन्यजन्तुबीच द्वन्द्वका कारण स्थानीयले बाघलाई मासुमा विष हालेर दिनेदेखि गोली प्रहारसम्म गरेको पाइएको छ।

पछिल्लो एक वर्षमा आठवटा बाघ मरेका छन्, जसमध्ये चार बाघको सिकार गरेको अनुमान निकुञ्ज प्रशासनले गरेको छ। दुई-दुई बाघको मृत्युको कारण भने प्राकृतिक (बुढो भएर) र उपचारका क्रममा मृत्यु भएको हो। मारिएका अनुमान गरिएका चारवटा बाघको भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको रिपोर्ट कुरेर बसेको पर्सा निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जनाए। यही अवधिमा बाघको आक्रमणमा परी तीनजनाको मृत्यु भएको छ।

सात वर्षअघि यस क्षेत्रमा तीनवटा बाघ मात्र रहेकामा ०७९ मा गणना गर्दा ४१ वयस्क बाघ पुगेका थिए। बाघको संख्या बढेसँगै वासस्थान अभाव हुँदा बाघ आफैं जुधेर घाइते हुने र घाइते बाघले मानव बस्तीमा पसेर जनधनको क्षति पुऱ्याउन थालेका छन्।

गोली प्रहार गरेर मारिएको अवस्थामा ६ चैतमा बाराको

» पृष्ठ २ मा क्रमशः



गोली प्रहार गरेर मारिएको अवस्थामा ६ चैतमा बाराको कोल्हवी नगरपालिका- २ मा रहेको तामागढी सामुदायिक वनमा फेला परेको पाटेबाघ। पर्सा निकुञ्ज र आसपासका जंगलमा एक वर्षमा आठवटा बाघ मरेका छन्, जसमध्ये चार बाघको सिकार भएको छ। सात वर्षअघि यस क्षेत्रमा तीनवटा बाघ मात्र रहेकामा ०७९ मा गणना गर्दा ४१ वयस्क बाघ पुगेका छन्। जसकारण बाघ पनि सामुदायिक वन र बस्ती पस्न थालेका छन्। एक वर्षमा बाघको आक्रमणमा परी तीनजनाको मृत्यु भएको छ।

एक्लै हिँडडुल गर्न र काममा निस्कन सक्ने वातावरण छैन



● **सुरथ पुरी**, मेयर, निजगढ नगरपालिका

वन्यजन्तुले आसपासका बस्तीमा पटकपटक क्षति गर्दा पनि निकुञ्जले बस्ती जोगाउन दीर्घकालीन योजना अघि सारेको छैन। कति वेला बाघ बस्तीमा आउँछ थाहा हुँदैन। बाघ कति वेला आउँछ भन्ने डरले स्थानीयका दैनिक कामकाजसमेत प्रभावित भएको छ। एक्लै हिँडडुल गर्न र काममा निस्कन सक्ने वातावरण छैन। निकुञ्ज प्रशासनले केही गर्न सकेको छैन।

■ होलीको सुरक्षा

उपत्यकाका सडकमा पाँच हजार सुरक्षाकर्मी



■ उपत्यका भित्रिने नाका र अन्य ९० स्थानमा बिहान ७ बजेदेखि नै चेकजाँच

■ दिनभर प्रहरीका ३० मोबाइल भ्यान परिचालन, भिड हुने ठाउँमा ड्रोन क्यामेराबाट निगरानी

■ अनुमतिविपरीत रङ दल्ने र लोला हान्नेलाई कडा कारबाही

● **अवदेश विष्ट**, एसपी, उपत्यका प्रहरी कार्यालय



होली पर्वलाई सुरक्षित र मर्यादित बनाउनुपर्छ। यसका लागि उपत्यकाभित्र करिब पाँच हजारको संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। अवाञ्छित क्रियाकलाप गर्नेलाई प्रहरीले पक्राउ गर्नेछ। भिड हुने ठाउँको सुरक्षा निगरानी ड्रोनबाट पनि हुनेछ।

काठमाडौं/ प्रहरीले होलीलक्षित सुरक्षा योजनाअन्तर्गत काठमाडौं उपत्यकामा मात्रै पाँच हजार सुरक्षाकर्मी खटाउँदै छ। यी सुरक्षाकर्मी आइतबार (आज) बिहानदेखि साँझसम्म परिचालन हुनेछन्।

होलीमा उच्छृंखल गतिविधि नियन्त्रण गर्न काठमाडौं, ललितपुर र भक्तपुर प्रहरी

» पृष्ठ २ मा क्रमशः

कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिकचोक, बुटवलको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय ट्राफिकचोक, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत १८ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण	लिलाम हुने सम्पत्ति विवरण
राम सुनाही महतो ना.प्र.नं.- ५५९१ जारी मिति - २०४४/०८/०३, जि.प्र.का. चितवन बाबु - ठगाई महतो बाजे- सोभाई महतो स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०५ हालको ठेगाना- चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०७	१. **राम सुनाही महतो**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ०९ क स्थित कि.नं. ८८१ र ५८९ को क्षेत्रफल क्रमश ८७५.५१ र ३७५८.२७ (व.मी.)घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **पतरमिया देवी चौधरी**
ना.प्र.नं.- २१४०/०३४
जारी मिति - २०५५/१०/०५, जि.प्र.का. चितवन
बाबु - खुरन चौधरी
ससुरा/बाजे- ठगाई महतो
स्थायी ठेगाना- चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०७

२. ऋणीको विवरण	लिलाम हुने सम्पत्ति विवरण
डम्बर बहादुर सुनार ना.प्र.नं.- ७५०९ जारी मिति - २०३९/०४/१४, जि.प्र.का. चितवन बाबु - रामजित सुनार बाजे- भुवान सिंह स्थायी ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ११ हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ११	१. **डम्बर बहादुर सुनार**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ०९ क स्थित कि.नं. ८८६, ८९० र ८९२ को क्षेत्रफल क्रमश १८६३.१६, १८४५.१२ र ११४०.३७ (व.मी.)घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **संगिता वि.क**
ना.प्र.नं.- ३५३०२५/३८८७
जारी मिति - २०६३/१२/०२, जि.प्र.का. चितवन
बाबु - राम बहादुर विश्वकर्मा
ससुरा/बाजे- रामजित सुनार
पति-डम्बर बहादुर सुनार
स्थायी ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स. वडा नं.०८
हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ११

३. ऋणीको विवरण	लिलाम हुने सम्पत्ति विवरण
रवि दरै ना.प्र.नं.- ५४६० जारी मिति - २०५७/०४/२०, जि.प्र.का. चितवन बाबु - डुन्कर दरै बाजे- खुइले दरै भन्ने सुकराम दरै स्थायी ठेगाना- चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०३ हालको ठेगाना- चितवन जिल्ला खैरहनी.न.पा. वडा नं. ०२	१. **रवि दरै**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ०९ क स्थित कि.नं. ८७१, ८७४, ८९६, ८८२, ८९५ र ८८९ को क्षेत्रफल क्रमश २३०६.९५,१००.४९,१६९.३०,२८९.६५,८९५.६१ र ४३२.६८ (व.मी.)घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **शरद दराई**
ना.प्र.नं.- ३५-०१-७०-००९७५
जारी मिति - २०७०/१०/०२, जि.प्र.का. चितवन
बाबु - आईत राम दराई
ससुरा/बाजे- रामेश्वर दराई
स्थायी ठेगाना- चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०३
हालको ठेगाना- चितवन जिल्ला खैरहनी.न.पा. वडा नं. ०२

४. ऋणीको विवरण	लिलाम हुने सम्पत्ति विवरण
सिता सार्की ना.प्र.नं.- १३१४३६ जारी मिति - २०६२/०५/०२, जि.प्र.का. गोरखा बाबु - प्रेम बहादुर अछामी ससुरा- नन्द बहादुर सार्की स्थायी ठेगाना-गोरखा जिल्ला पृथ्वी नारयण गा.वि.स. वडा नं. ०४ हालको ठेगाना- चितवन जिल्ला भरतपुर.म.न.पा. वडा नं. ११	१. **सिता सार्की**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ०९ क स्थित कि.नं. ८७९, ८८५ र ८८८ को क्षेत्रफल क्रमश २७५१.२३,११६६.५२ र ८६५.२६ (व.मी.)घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **यम बहादुर मग्राती**
ना.प्र.नं.- ३५१०२५/५५१६
जारी मिति - २०६८/११/०३, जि.प्र.का. चितवन
बाबु - शेर बहादुर सार्की
बाजे- नन्द बहादुर सार्की
स्थायी ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स. वडा नं. ११
हालको ठेगाना- चितवन जिल्ला भरतपुर गा.वि.स. वडा नं.११

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० चैत १७ गते** भित्र बैंकको शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ट्राफिकचोक, बुटवलबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० चैत १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ट्राफिकचोक, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्र्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत १८ गते आइतबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ट्राफिकचोक, बुटवल फोन नं. ०७१-५३६६२९

१० क्यासिनोबाट...

पृष्ठ १ बाट क्रमशः

लाख रुपैयाँ बक्यौता बुझाउन बाँकी छ। उसले राज्यलाई बुझाउनुपर्ने रोयल्टी बक्यौता अझै नबुझाएको केन्द्रीय तहसिल कार्यालयले जनाएको छ। त्यस्तै, याक एन्ड यतीको विभिन्न चरणमा क्यासिनो सञ्चालन गरेबापतको ७३ करोड ९५ लाख बक्यौता छ। जसमध्ये साढे ५४ करोड पर्यटन विभाग र १९ करोड ४४ लाख केन्द्रीय तहसिल कार्यालयले उठाउनुपर्ने दायित्वमा हो।

विभागका अनुसार चारवटा क्यासिनो सञ्चालनको अनुमति पाएको हेप्पी आवरको कुल ५९ करोड २९ लाख रुपैयाँ बक्यौता छ। जसमध्ये ४७ करोड ९४ लाख विभाग आफैँले र पुरानो ११ करोड ३५ लाख बक्यौता केन्द्रीय तहसिल कार्यालयले उठाउनुपर्नेछ। रक इन्टरनेसनलले २९ करोड २० लाख, क्यासिनो ऱ्याडले ४० करोड २७ लाख, याक एन्ड यतीले ५४ करोड ५० लाख र सेन्ट्रल मिडिया प्रालिले सात करोड ८० लाख रुपैयाँ बक्यौता तिर्न बाँकी छ। रक इन्टरनेसनलले पनि चारवटा क्यासिनो सञ्चालनको अनुमति पाएको छ। हेप्पी आवर, रक र सेन्ट्रल मिडियाले चार-चारवटा आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेल (मिनी क्यासिनो) सञ्चालन गर्ने अनुमति लिएका छन्।

बन्द अवस्थामा रहेको पोखरास्थित फूलबारी रिसोर्टको ४० करोड ८० लाख, सोल्टी होटेलको १० करोड ४० लाख, अन्नपूर्ण इन्टरनेसनलको १९ करोड १४ लाख र होटेल एभरेस्टको १६ करोड ९५ लाख रुपैयाँ बक्यौता बाँकी रहेको केन्द्रीय तहसिल कार्यालयले जनाएको छ।

बक्यौता नतिर्ने कतिपय सञ्चालनमा, कतिपय बन्द

पुरानो बक्यौता नतिर्ने कतिपय कम्पनीले अदालतबाट स्टे अर्डर ल्याएर क्यासिनो सञ्चालन गरिरहेका छन्। क्यासिनो नियमावली, २०७० को विरुद्धमा रक इन्टरनेसनल, हेप्पी आवर, रोयल, क्यासिनो ऱ्याड, सिएमजी, एसएचएललगायत कम्पनी अदालती ढोका ढकढक्याउन गएका थिए। अदालतबाट स्टे अर्डर ल्याएर सञ्चालन भए पनि क्यासिनो ऱ्याड (ऱ्याडिसन होटेल) र रोयल क्यासिनो (याक एन्ड यती) कोभिडकै बीचमा बन्द भए।

सरकारले कोभिड महामारीमा दिएको छुटको फाइदा उठाउँदै सिएमजीले बक्यौता तिरेर नवीकरण गरेको पर्यटन विभाग होटेल शाखाका अधिकृत चुनबहादुर तामाङले बताए। यस्तै, एसएचएल म्यानेजमेन्ट सर्भिसेज प्रालिले भैरहवाको टाइगर प्यालेस र काठमाडौंस्थित सांग्रिलाको मिलिनियर्स क्लबको पूरै बक्यौता माघ महिनामै चुक्ता गरेको छ। दुई क्यासिनोको साढे ५१ करोड बक्यौतामध्ये २२ करोड ६० लाख नगद र बाँकी बैंक ग्यारेन्टी बुझाएको पर्यटन विभागका प्रवक्ता कालीबहादुर भुजेलले बताए।

रक इन्टरनेसनल र हेप्पी आवरले पुरानो बक्यौता नतिरे पनि ०७८/७९ यताको रोयल्टी नियमित तिरेको विभागको भनाइ छ। 'दुवै क्यासिनोले पछिल्लो समय रोयल्टी पनि तिरेका छन्, क्यासिनो पनि सञ्चालन गरिरहेका छन्,' तामाङले भने, 'तर, पुरानो बक्यौता नतिर्दा फाइन लागेर बढेको बढ्यै छ।' कोभिडको बीचमा करिब १९ करोड पुरानो बक्यौता तिरेर रिन्यु भएको सिएमजीले ०७९/८० को मात्र बक्यौता तिर्न बाँकी रहेको देखिन्छ। अन्नपूर्ण होटेलमा क्यासिनो सञ्चालन गरिरहेको क्यासिनो अन्नाको पुरानो बक्यौता तिर्न बाँकी छ। अहिले अन्नपूर्णमा एटलान्टिक रिक्रियसनले क्यासिनो सञ्चालन गरिरहेको छ, जसले पूरै बक्यौता तिरेको विभागले जनाएको छ। सबैभन्दा बढी बक्यौता बाँकी रहेको नेपाल रिक्रियसन प्रालिले अहिले कुनै क्यासिनो सञ्चालन गर्दैन।

अहिले १० पाँचतारे होटेलमा मात्र क्यासिनो सञ्चालनमा छन्। सोल्टीमा माजोङ इन्टरटेनमेन्टले क्यासिनो सञ्चालन गर्छ। त्यस्तै, अलफ्ट, मल्ल, म्यारियट, अन्नपूर्ण, मेची क्राउन प्लाजा, किङ्सबेरी, सोल्टी वेस्टेन्ड क्यासिनो सञ्चालनमा छन्। भैरहवाको टाइगर प्यालेसमा १६ चैतदेखि क्यासिनो सञ्चालनमा आउँदै छ।

तीन होटेलको पाँचतारे नवीकरण भएन

बक्यौता नतिरेकै कारण एभरेस्ट, याक एन्ड यती र ऱ्याडिसन होटेलको पाँचतारे वर्गीकरण नवीकरण भएको छैन। फूलबारी रिसोर्ट भने वर्षौँदेखि बन्द छ। 'एभरेस्टले हालै मात्र इन्भायरोमेन्टल इम्प्याक्ट एसिस्मेन्ट (इआइए) गरेर रिपोर्ट पेस गरेको छ, अझै क्यासिनको बक्यौता पनि बुझाएको छैन, अदालती मुद्दाको पूर्ण पाठ पनि आएको छैन, यसैले उसको पाँच तारा वर्गीकरण नवीकरण नभएको हो,' पर्यटन विभाग होटेल शाखाका अधिकृत तामाङले भने, 'अरू होटेलको पनि पाँच तारा वर्गीकरण नहुनुमा बक्यौता मुख्य कारण हो।' पहिला होटेल सञ्चालनका लागि इआइएको व्यवस्था थिएन। अहिले इआइए अनिवार्य गरिएको छ।

अहिलेसम्म १७ पाँचतारे होटेल नवीकरण भएको विभागले जनाएको छ। होटेल मेची क्राउन, सोल्टी, अन्नपूर्ण, पोखरा ग्रान्ड, हायात रिजेन्सी, मल्ल, सांग्रिला, टाइगर प्यालेस, सोल्टी वेस्टेन्ड प्रिमियम, होटेल सेन्ट्रल प्लाजा, म्यारियट, अलफ्ट, द किङ्सबेरी, हायात प्लेस, इच्छा, दुसित प्रिन्सेस र अकाले नवीकरण गरेका हुन्। यीमध्ये मेची क्राउनले पाँचतारे डिलक्सको वर्गीकरण लिएको छ।

याक एन्ड यती, ऱ्याडिसन र द एभरेस्टको क्यासिनो बक्यौता बाँकी रहेकाले पनि नवीकरण नभएको हो। एभरेस्टको पाँच तारा नवीकरण हुनका लागि सबैभन्दा पहिला इआई स्वीकृत हुनुपर्छ। त्यसपछि उसको मुद्दा किनारा लाग्नुका साथै बक्यौता रकम तिरेपछि बल्ल पाँच तारा नवीकरण हुने विभागले जनाएको छ।

क्यासिनो ऱ्याडले ऱ्याडिसन होटेलमा क्यासिनो सञ्चालन गर्दै आएको थियो। हेप्पी आवरले महेन्द्रनगर, नेपालगन्ज, भैरहवा र काँकडभिट्टामा तथा रक इन्टरनेसनलले धनगढी, वीरगन्ज, भैरहवा र काँकडभिट्टामा चार-चार ठाउँमा मिनी क्यासिनो सञ्चालनको अनुमति पाएका छन्।

टाइगर प्यालेसले बुझायो ५४ करोड राजस्व

भैरहवाको पाँचतारे रिसोर्ट टाइगर प्यालेसमा भित्रिएको नयाँ व्यवस्थापनले क्यासिनोको पूरै बक्यौता चुक्ता गरेको छ। अमेरिकाका गैरआवासीय नेपालीहरूको कम्पनी हिमालयन टाइगर इन्भेष्टमेन्टले हङकङको बहुराष्ट्रिय कम्पनी सिल्भर हेरिटेजसँग रिसोर्टको पूरै स्वामित्व खरिद गरेर माघमै साढे ५१ करोड रुपैयाँ बक्यौता तिरेको हो। बक्यौता चुक्ता भएपछि क्यासिनो नवीकरण भइसकेको छ। १६ चैतदेखि क्यासिनो सञ्चालनमा आउने रिसोर्टका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपक लेखकले बताए।

दुईवटा क्यासिनो (टाइगर प्यालेस र सांग्रिला होटेल)को क्यासिनो बक्यौता र पुँजीगत लाभकर गरी ५४ करोड रुपैयाँ राजस्व बुझाएको टाइगर प्यालेसका नयाँ सञ्चालक बुद्धि सुवेदीले बताए। सिल्भर हेरिटेजको भगिनी कम्पनी एसएचएल म्यानेजमेन्ट सर्भिसेजले टाइगर प्यालेस र सांग्रिला होटेलमा क्यासिनो सञ्चालन गरिरहेको थियो। टाइगर प्यालेसको २५ करोड ६० लाख र सांग्रिलाको २५ करोड ९० लाख गरेर ५१ लाख ५० हजार बक्यौता पुगेको थियो।

'टाइगर प्यालेसको बक्यौतामध्ये २२ करोड ६० लाख नगद र तीन करोडको बैंक ग्यारेन्टी प्राप्त भएको छ,' विभागका प्रवक्ता कालीबहादुर भुजेलले भने, 'सांग्रिलाको क्यासिनोको २५ करोड ९० लाख बक्यौताको बैंक ग्यारेन्टी प्राप्त भइसकेको छ।' दुवै क्यासिनोको आर्थिक वर्ष ०७७/७८ देखिको बक्यौता बाँकी थियो।

रिसोर्ट खरिद-बिक्री गर्दाको पुँजीगत लाभकरबापत राज्यलाई दुई करोड ३४ लाख राजस्व बुझाएको छ। 'नयाँ व्यवस्थापन आएसँगै रिसोर्ट लयमा फर्किन थालेको छ, हामीले क्यासिनो बक्यौता र कर तिर्नेदेखि श्रमिकको समस्या पनि समाधान गऱ्यौँ,' सिइओ लेखकले भने, 'छिट्टै क्यासिनो पनि सञ्चालनमा आउँदै छ, भारतको लखनउ, बेंग्लोर, कानपुर, मुम्बई, कोलकातालगायत ठाउँबाट बुकिङ आइरहेको छ।'

रिसोर्ट र क्यासिनोमा गरी करिब पाँच सयले रोजगारी पाउने टाइगर प्यालेसका नयाँ सञ्चालक बुद्धि सुवेदीले बताए। 'टाइगर प्यालेसलाई देशकै अब्बल दर्जाको रिसोर्ट बनाउनेछौँ,' उनले भने। टाइगर प्यालेसको श्रमिक समस्या पनि नयाँ व्यवस्थापनले समाधान गरिसकेको सिइओ लेखकले बताए। अदालत पुगेका ९९ प्रतिशत कर्मचारीले मुद्दा फिर्ता लिएको उनको भनाइ छ। 'एक सय ६४ मध्ये करिब एक सय ४० जना जागिरमै फर्किए, बाँकीको पनि व्यवस्थापन भइसकेको छ,' लेखकले भने, 'अब रिसोर्टमा कुनै समस्या छैन, रिसोर्ट स्मुथली चल्न थालेको छ।' करिब १५ बिघामा फैलिएको रिसोर्टमा भिल्लासहित एक सय दुई कोठा छन्।

सम्पूर्ण प्रमाण...

पृष्ठ १ बाट क्रमशः

तपाईंका आरोपहरूको जवाफ दिन आऊँ ? होइन भने, छोडदिनुस् यो बालहठ। मेरो यो चुनौतीलाई प्रतिशोधका रूपमा लिन पनि आवश्यक छैन।'

विपक्षी दल कांग्रेसले सहकारी प्रकरणमा छानबिन गर्न संसदीय समिति गठनको माग गर्दै आएको छ भने संसद्मा गृहमन्त्रीको नियत र नैतिकतामाथि प्रश्न उठाएको छ। संसद्मा उभिएर कांग्रेसको जवाफ दिन चाहेको भए पनि परिस्थिति नमिलेको र सूर्यदर्शन सहकारीमा आफू निर्दोष रहेको दाबी गरेका छन्।

'सिंगो देशलाई साक्षी राखेर नेपाली कांग्रेसलाई मेरो सानो अनुरोध सार्वजनिक गर्दै छु। तपाईंको पार्टीले ममाथि कैयौँ प्रश्नहरू सदनमा निरन्तर उठाइरहेको छ। म तिनको जवाफ सदनमा उभिएर दिन चाहन्थेँ। तर, तपाईंहरूले प्रधानमन्त्रीको जवाफ माग्नुभो। प्रधानमन्त्रीको जवाफ पाएपछि अब फेरि तपाईंलाई संसदीय समिति चाहिएको छ,' उनले भनेका छन्, 'अदालतमा सूर्यदर्शन सहकारीको मुद्दा चलिरहेको छ भन्ने सुनेको छु, तर मुद्दामा म प्रतिवादी भएको जानकारी छैन, कसैको बयानमा समेत मेरो नाम संलग्न भएको जानकारी छैन, न मलाई प्रहरी वा अदालतले कुनै पत्र काटेको छ, न म त्यसको सदस्य वा पदाधिकारी हुँ, न त्यहाँको पैसा मैले निकाल्न वा कतै लान सक्ने अधिकार राख्छु। अदालतले हेरिरहेको सूर्यदर्शन सहकारीको यो मुद्दामा संसद्मा नन स्टप बहस हुनु र अझ संसदीय समिति माग्नु कानुनी हिसाबले के कति जायज होला ?'

गृहमन्त्री लामिछानेले कांग्रेसले उठाएको मुद्दा बहसको विषय बनेको पनि बताएका छन्। 'तपाईंहरू आफैँ सरकारमा हामी प्रतिपक्षमा हुँदा तपाईंहरूले चरम दबाब दिँदासमेत प्रहरीले दर्ता गर्नसमेत योग्य नठानेको, तर बुझिलिएर विनादर्ता कतै राखिछाडेको ठाडो उजुरीबाहेक केही हैसियत नभएको चिर्कटो बोकेर सदन नै अवरुद्ध गर्नुपर्ने कारणबारे 'एक बहस तो बन्ता है!' उनले भनेका छन्।

गृहमन्त्री लामिछाने कांग्रेसले मागेको बखत नभई काम गर्न नसकेका दिन राजीनामा दिने बताए। 'प्रतिपक्षी नेपाली कांग्रेसले माग्दैमा राजीनामा दिने कुरा हुँदैन। काम गर्न नसकेका वेला राजीनामा माग्नै पर्दैन, खल्तीमा राजीनामा बोकेर हिँडेका छौँ,' उनको भनाइ छ।

उनले सहकारी प्रकरणमा आफूसँग नाम जोडिएको भनिएका जिबी राईलाई समेत जुनसुकै हालतमा पक्राउ गरेर पीडितलाई न्याय दिन आफू तयार रहेको बताए। महामन्त्री थापाले सहकारी प्रकरणमा नाम जोडिएको भन्दै गृहमन्त्री लामिछानेलाई कारबाहीको माग राख्दै संसद् र सार्वजनिक कार्यक्रममा कडा रूपमा आवाज राख्दै आएका छन्। कांग्रेसले लामिछानेमाथि संसदीय समिति बनाएर छानबिन हुनुपर्ने भन्दै सदन अवरुद्ध गर्दै आइरहेको छ।

५ चैतमा संसद्को आकस्मिक समयमा बोल्दै महामन्त्री थापाले सहकारीको विषय उठाएका थिए। उनले कांग्रेसले प्रतिपक्षबाट नउठाउने हो भने फासफुस हुने खतरा देखिएको तर्क गरेका थिए। सहकारीमा बचत गरेका हजारौँ बचतकर्ताले सहकारी डुब्दै छ भन्ने थाहा पाएपछि बचत फिर्ता माग्दा सञ्चालकले हिनामिना गरेर बिचल्लीमा पारेको र त्यसमा लामिछानेसमेतमाथि उजुरी परेको प्रसंग उठाउँदै कारबाही माग गरेका थिए।

'सयजनाले नक्कली खाता खोलेर एक अर्ब ३५ करोड अपचलन गरेका छन्। रिपोर्टको ७८औँ पेजमा यसरी नक्कली खाता खोल्ने मानिसमध्येको एउटा नाम हो, रवि लामिछाने। एक करोड लिनुभएको छ, सहकारीको सदस्य हुनुहुन्न। हाम्रो कानुनको दफा ५० ले भन्छ- यो गैरकानुनी हो,' पोखराको सूर्यदर्शन सहकारीले १९ हजार बचतकर्ताको एक अर्ब ३५ करोडभन्दा बढी पैसा अपचलन गरेको महानगरको अध्ययनले देखाएको उल्लेख गर्दै थापाले भनेका थिए, 'यदि यस्तै मान्ने हो भने सयजनाले लगेको एक अर्बभन्दा बढी रुपैयाँको प्रकृति ठ्याक्कै यही हो। कसैको धितो छैन, कोही सहकारीको सदस्य होइन, कुनै प्रक्रिया पुऱ्याइएको छैन, एक अर्ब इवाम। यसै छोडिदिने हो भने एकजना मात्र छोडेर हुँदैन, सबैलाई छोड्नुपर्छ। एउटा सहकारी छोडेर हुँदैन, सबै सहकारी छोड्नुपर्छ। प्रधानमन्त्रीलाई प्रश्न छ, सरकार यो गर्न तयार हो ?'

सूर्यदर्शन, सुप्रिम र सहारा सहकारीबाट गोर्खा मिडिया नेटवर्कले ५० करोड रुपैयाँभन्दा बढी लगेको भन्दै थापाले यो गैरकानुनी र फौजदारी संहिताअनुसार अपराध भएको बताएका थिए। 'यो कम्पनीले ५०औँ करोड लगेको छ। यो कम्पनीको सेयरहोलल्डर जिबी राई, रवि लामिछाने हो,' उनले भने। सहकारीपीडितसँगको भेटमा प्रधानमन्त्रीले पोखरामा अनुसन्धान गर्ने भनेको उल्लेख गर्दै थापाले भनेका थिए, 'सहकारीमा त गृहमन्त्री आफैँ मुछिनुभएको छ। यसको अनुसन्धान कसरी हुन्छ, हामीले विश्वास कसरी गर्ने ?'

एक वर्षमा...

पृष्ठ १ बाट क्रमशः

कोल्हवी नगरपालिका- २ स्थित तामागढी सामुदायिक वनमा पाटेबाघ फेला पऱ्यो। बाघको टाउकोमा गोली हानेर मारेको प्रारम्भिक अनुसन्धानमा देखिएको डिभिजन वन कार्यालय सिमरा बाराका सूचना अधिकारी जवाहरलालप्रसाद कुर्मीले बताए।

फागुनमा मात्र चार बाघ मृत फेला परेका छन्। १४ फागुनमा ठोरी गाँउपालिकाको मध्यवर्ती क्षेत्रमा १२ वर्षको तथा १६ र १९ फागुनमा डिभिजन वन कार्यालय पर्साको जंगलको सखुवा पर्सौनीमा ९-१० वर्षका दुई बाघ मृत भेटिए। २२ फागुनमा निजगढ नगरपालिका-४ स्थित कर्छडिया सामुदायिक वनमा पाटेबाघ मरेको अवस्थामा फेला परेको थियो।

गत १ वैशाखमा पर्साको पर्टवा सुगौलीको मध्यवर्ती क्षेत्रमा सात वर्षको बाघ मृत फेला परेको थियो भने त्यसपछि ४ असारमा सोही स्थानमा दुई वर्षको अर्को बाघ मारिएको अवस्थामा भेटिएको थियो। भदौमा पुनः पर्साको ठोरी गाउँपालिकामा १०-१२ वर्षको बाघ मृत भेटिएको थियो।

बाघको आक्रमण बढ्यो

वैशाखयता मात्रै बाघको आक्रमणबाट निकुञ्ज र निकुञ्जसँगै रहेको वन क्षेत्रमा तीनजनाको मृत्यु भएको छ।

५ चैतमा बाघको आक्रमणबाट ठोरी गाउँपालिका-४ मालीबस्तीकी ४० वर्षीया कलावती सुवेदीको मृत्यु भएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए। उनका अनुसार मालबस्ती गाउँ नजिकैको जंगलछेउमा घाँस काट्न गएका वेला जंगलबाट आएको बाघले आक्रमण गर्दा सुवेदीको मृत्यु भएको हो।

केही महिनाअघि बाघको आक्रमणमा परी पटेर्वा सुगौली गाउँपालिका-२ थरकटीका ३२ वर्षीय मनोज उराँव धाँगडको मृत्यु भएको थियो। घरनजिकै जंगलमा शौच गर्न गएका धाँगड बेपत्ता भएका थिए। उनको खोजतलास गर्ने क्रममा टाउको र खुट्टा नभएको अवस्थामा शव फेला परेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराज केशरीले जानकारी दिए। १३ भदौमा पर्साको ठोरी गाउँपालिका-५ आठघरेका ५२ वर्षीय कान्छालाल डोङको मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणबाट मृत्यु भएको थियो।

बाघको आक्रमणबाट एक वर्षमै एक दर्जन स्थानीय घाइते भएका छन्। निकुञ्ज नजिकै रहेको निजगढ-११ स्थित तपोभुमी सामुदायिक वनमा चौपाया चराउन गएकी स्थानीय ४० वर्षीय दिलकुमारी पुलामी मगरलाई ६ चैतमा बाघले आक्रमण गरी घाइते बनायो। बाघले आक्रमणबाट भूँइमा लडेकी उनलाई सँगै चौपाया चराउन गएका भोगबहादुर मुक्तानसहितले जोगाकाएका थिए। बाघको आक्रमणमा घाइते मगरको निजगढ सामुदायिक अस्पतालमा उपचार भएको छ।

एक महिना अघि निकुञ्जबाट निस्केको पाटेबाघको आक्रमणबाट रौतहट बौधीमाई नगरपालिका दुई जना घाइते भएका थिए। बाघको आक्रमणबाट मटेर्वा गाउँका ३० वर्षीय कृष्णसाह बनिया र ३५ वर्षीय राजुसाह बनिया घाइते भएका हुन्।

डिभिजन वन कार्यालय हेटौँडा, पर्सा, बारा लागायत क्षेत्रमा वैशाख यता बाघको आक्रमणबाट करिब एक दर्जन बढी मानिस घाइते भएका छन्।

बाघले चौपाया मारेर खान थालेपछि गाउँ त्रसित

बारा र पर्सा जिल्लामा निकुञ्ज र सामुदायिक वन नजिकै रहेका बस्ती यतिवेला त्रसित भएका छन्। बाघले दिनदिनै स्थानीयले पालेको चौपाया मारेर खान थालेपछि पूरै गाउँ त्रसित भएको हो। निकुञ्जसँगै जोडिएको सामुदायिक वनमा पसेको बाघले गाई, गोरु, खसी, बाख्रा खाए पनि पर्सा राष्ट्रिय निकुञ्जले हिंसात्मक गतिविधि गर्ने बाघलाई नियन्त्रण गर्न सकेको छैन। निकुञ्जको मध्यवर्ती क्षेत्रका रूपमा रहेको पर्साको ठोरी, पटेर्वा सुगौली, बाराको निजगढ, कोल्हवीलगायत स्थानमा पछिल्लो समयमा मात्रै बाघले दर्जनौँ चौपाया मारिसकेको छ। बाघले चौपाया मार्ने क्रम बढेपछि स्थानीयमा त्रास बढेको हो। घर र गोठमै बाघ पसेर चौपाया मार्न थालेपछि स्थानीयमा त्रास बढेको र बाघको आक्रमण बढेपछि सर्वसाधारणले समेत असुरक्षित महसुस गर्न थालेको निजगढ नगरपालिका-११ रतनपुरीकी नयनकुमारी श्रेष्ठले बताइन्।

बाराको निजगढ नगरपालिका- ११ रतनपुरीमा मात्रै पछिल्लो समयमा बाघले घरमै आएर र जंगलमा चरिचरणमा लगिएका करिब चार दर्जन बाख्रा मारिसकेको छ। वन्यजन्तुले आसपासका बस्तीमा पटकपटक क्षति गर्दा पनि निकुञ्जले बस्ती जोगाउन दीर्घकालीन योजना अघि नसारेको निजगढ नगरपालिकाका मेयर सुरथ पुरीले बताए। बस्ती बचाउन दीर्घकालीन योजना निर्माण गर्नुपर्ने उनको भनाइ छ। 'कति वेला बाघ बस्तीमा आउँछ थाहा हुँदैन। यस्तो अवस्थामा कसरी जोखिम कम गर्न सकिन्छ त्यसबारे उपाय अवलम्बन गर्नुपर्ने हो। तर, निकुञ्च प्रशासनले केही गर्न सकेको छैन। बाघ कतिवेला आउँछ भन्ने डरले स्थानीयका दैनिक कामकाजसमेत प्रभावित भएका छन्। एक्लै हिँडडुल गर्न र काममा निस्कन सक्ने वातावरण बनाउनुपर्छ,' उनले भने। केही वर्षयता रतनपुरी क्षेत्रमा जंगली जनावरले किसानले पालेको चौपाया र लगाएको बाली खाएर क्षति पुऱ्याउँदै आएको छ।

वन्यजन्तुको समस्या हल गर्ने प्रमुख जिम्मेवारी निकुञ्ज, आरक्ष र वन कार्यालयको भए पनि उनीहरूसँग उपलब्ध पर्याप्त स्रोत-साधन अभावले प्रभावकारी रूपमा यसको निदान गर्न सकिरहेका छैनन्।


निकुञ्जको क्षेत्रभित्र नभएका कारण घटनाको जानकारी निकुञ्जलाई नभएको पर्सा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत सन्तोषकुमार भगतले बताए। बाघले निकुञ्जको जंगलमा नभई सामुदायिक वन र जिल्ला वनको क्षेत्रमा स्थानीयलाई समस्या पारेकाले त्यो विषयमा निकुञ्जले प्राविधिक सहयोग मात्र गर्न सक्ने भगतले बताए।

यस क्षेत्रमा जंगली जनावरले आक्रमण गरेर चौपाया मार्ने र मानवीय क्षतिको समेत जोखिम उच्च रहेकाले नियन्त्रणका लागि आवश्यक कार्य गरी पीडित किसानलाई क्षतिपूर्तिसमेत उपलब्ध हुने डिभिजन वन कार्यालय बाराका प्रमुख विनोद सिंहले बताए।बाघ वस्तीमा पस्नु र बाघ मारिने क्रम पनि बढ्नु मुख्य चुनौती रहेको उनको भनाइ छ।

होलीको...

पृष्ठ १ बाट क्रमशः

परिसरमातहत रहेका सुरक्षाकर्मी खटिने काठमाडौं उपत्यका प्रहरी कार्यालयले जनाएको छ। त्यसबाहेक काठमाडौं उपत्यका ट्राफिक कार्यालयबाट पनि सुरक्षाकर्मी परिचालन हुनेछन्। कार्यालयका अनुसार ट्राफिक कार्यालयबाट मात्रै नौ सय हाराहारीमा सुरक्षाकर्मी खटिनेछन्। होलीलाई सुरक्षित, मर्यादित र उल्लासमय बनाउन उपत्यकाका तीनै जिल्लाको सडकमा अधिकतम ट्राफिक प्रहरी खटाउने प्रहरीले जनाएको छ।



● **अवदेश विष्ट,** एसपी,
उपत्यका प्रहरी कार्यालय

होली पर्वलाई सुरक्षित र मर्यादित बनाउनुपर्छ। यसका लागि उपत्यकाभित्र करिब पाँच हजारको संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। अवाञ्छित क्रियाकलाप गर्नेलाई प्रहरीले पक्राउ गर्नेछ। भिड हुने ठाउँको सुरक्षा निगरानी ड्रोनबाट पनि हुनेछ।

'होली पर्वलाई सुरक्षित र मर्यादित बनाउनुपर्छ। यसका लागि उपत्यकाभित्र करिब पाँच हजारको संख्यामा सुरक्षाकर्मी परिचालन गरिएका छन्। अवान्छित क्रियाकलाप गर्नेलाई प्रहरीले पक्राउ गर्नेछ। भिड हुने ठाउँको सुरक्षा निगरानी ड्रोनबाट पनि हुनेछ,' उपत्यका प्रहरी कार्यालयका एसपी अवदेश विष्टले भने।

कार्यालयका अनुसार होली पर्व मनाउने क्रममा हुन सक्ने सम्भावित दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै उपत्यका प्रवेश गर्ने नाकाहरू र अन्य ९० स्थानमा बिहान ७ बजेदेखि नै चेकजाँचको व्यवस्था मिलाइएको छ। ३० मोबाइल भ्यान परिचालन गरी आवश्यकताबमोजिम मोबाइल गस्ती तथा चेक प्वाइन्टसमेत राख्ने तथा दुर्घटनारहित होली पर्व मनाउन र उच्छृंखल गतिविधि नियन्त्रणका लागि मुख्य सडक, चोक गल्लीमा समेत प्रहरीको बाक्लो परिचालन गर्ने योजना छ।

अनावश्यक हर्न बजाउने, होहल्ला गरी सवारी चलाउने, मोडिफाई गरी ठूलो आवाज निकाल्ने, मोटरबाइकमा तीनजना चढ्ने, हेल्मेट नलगाउने, तीव्र गति र जिकज्याक गरी मोटरसाइकल कुदाउनेमाथि विशेष निगरानी हुने प्रहरीले जनाएको छ। अन्य ट्राफिक नियम उल्लंघन गर्नेलाई समेत कडाइका साथ कारबाही गरिनेछ। विशेष गरी मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारी चलाउने चालकलाई कडाइका साथ चेकजाँचको व्यवस्था मिलाएको र अनुमतिविपरीत रङ दल्ने, लोला हान्ने, अनावश्यक होहल्ला गर्ने, झैझगडा गर्नेलगायत गतिविधि गर्नेलाई समेत कारबाहीको दायरामा ल्याउन संयुक्त चेक प्वाइन्ट राखिने उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता एसएसपी जीवन श्रेष्ठले बताए।

सुनकाण्डको अनुसन्धानमा 'बदनियत' देखिएका सिआइबीका अधिकारीमाथि कारबाही गर्न अर्को समिति गठन

सुन तस्करी प्रकरणमा चार प्रहरी अधिकारीमाथि कस्तो कारबाही गर्ने भन्ने अन्योल भएपछि गृहले बनायो अर्को समिति

सुनको अवैध पैठारीसम्बन्धी जाँचबुझ आयोगले 'ब्रेक सु' तथा विद्युतीय चुरोटमा लुकाएको सुन तस्करी अनुसन्धानमा बदनियत गरेको भन्दै एआइजी किरण बज्राचार्य, एसपी सञ्जयसिंह थापा तथा डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहालमाथि कारबाही सिफारिस गरेको थियो

नवराज मैनाली/नयाँ पत्रिका



सुन तस्करीको अनुसन्धानमा बद्नियत राखेको आरोपमा कारबाही सिफारिस भएका प्रहरी अधिकारीमाथि थप छानबिन हुने भएको छ। गृह मन्त्रालयले सहसचिवको नेतृत्वमा उनीहरूमाथि कारबाहीका लागि समिति गठन गरेको छ। कानुन महाशाखाका सहसचिव भरतमणि रिजालको नेतृत्वमा नयाँ समिति गठन भएको हो। समितिको सदस्यमा नेपाल प्रहरीका डिआइजी भीमप्रसाद ढकाल र गृह मन्त्रालयको प्रहरी प्रशासन शाखाका उपसचिव रामबहादुर शाही छन्।

सुनको अवैध पैठारीसम्बन्धी जाँचबुझ आयोगले 'ब्रेक सु' तथा विद्युतीय चुरोटमा लुकाएको सुन तस्करीको सिआइबीले बद्नियत राखेर अनुसन्धान गरेको भन्दै तत्कालीन प्रमुख एआइजी किरण बज्राचार्यसहित चार प्रहरी अधिकारीमाथि कारबाही सिफारिस गरेको थियो। उनीहरूमाथि कस्तो कारबाही गर्ने भन्ने अन्योल भएपछि नयाँ समिति गठन गरिएको गृह मन्त्रालयका एक अधिकारीले बताए। 'कारबाही सिफारिस गरिएकोलाई कस्तो कारबाही मात्र होइन, गलत नियत नदेखिएमा पुरस्कारका लागिसमेत सिफारिस गर्न सक्ने अधिकार समितिलाई दिइएको छ,' गृह मन्त्रालयका एक अधिकारीले भने। कसको भूमिका के देखिएको र कस्तो कारबाही गर्ने भनेर आयोगको प्रतिवेदनका आधारमा सो समितिले सिफारिस गर्नेछ।

आयोगले एआइजी बज्राचार्य, एसपी सञ्जयसिंह थापा तथा डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहालमाथि कारबाही सिफारिस भएको थियो। उनीहरूमध्ये एआइजी बज्राचार्य, डिएसपीद्वय दाहाल र कुँवरको प्रस्ट बद्नियत देखिएको र एसपी थापाको हकमा त्यस्तो नदेखिएको विषय उठेपछि पनि नयाँ समिति गठन भएको स्रोत बताउँछ। 'एसपी थापाले आफूलाई जानकारी नदिई अनुसन्धान मिसिलमा अन्य प्रहरी अधिकारीले बयान कागज राखेको कुरामा पहिले नै असहमति जनाई त्यसलाई हटाउने कामसमेत गरेको देखियो,' प्रहरी स्रोत भन्छ, 'उनीमाथि कारबाही अन्याय हुन्छ कि भनेर आवाज उठेको छ, त्यसकारण पनि कारबाहीको विषयमा थप छानबिन हुन लागेको हो।' जाँचबुझ आयोगको सिफारिसअनुसार उनलाई नुवाकोटबाट प्रहरी प्रधान कार्यालय तानिएको छ।

पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको जाँचबुझ आयोगले गत १ चैतमा प्रतिवेदन बुझाउँदै अनुसन्धानमा केही आरोपीलाई मिलेमतोमा जोगाउन खोजेको भन्दै कारबाही सिफारिस गरेको हो। तस्करी समूहका नाइके दावा छिरिङसँग तस्करीको सुन कारोबारबारे बारम्बार कुरा गरेका जीवन चलाउनेलाई सुरुमा उपस्थित गराएर बयान कागज गराइएको र पछि फरार बनाइएको विषयमा प्रहरीको भूमिकामाथि आयोगले प्रमुख रूपमा प्रश्न उठाएको हो। उनलाई जोगाउने नियत राखेको र पछि माथिल्लो निकायको दबाबमा प्रतिवादी बनाएको भन्ने आयोगको छानबिन प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, सुन तस्करीको पैसा शुद्धीकरण हुने ठमेलको वाल्डो क्यासिनो तथा दावासँग निकट सम्पर्कमा रहेका अन्य केही व्यक्तिमाथि समेत विस्तृत अनुसन्धान नगरेको विषयमा आयोगले प्रश्न उठाएको छ। यही विषयमा प्रहरी अधिकारीमाथि कारबाही हुन लागेको हो। यसमा गृहले केही निजामती कर्मचारीलाई पनि कारबाहीको तयारी गरेको छ। सुन तस्करीका आरोपीहरूसँग सम्पर्कमा देखिएका कर्मचारीहरू झलकराम अधिकारी, अरुण पोखरेल, उमाकान्त अधिकारीलगायत माथि कारबाही हुन लागेको हो।

■ आइजिपी वसन्त कुँवरका एक वर्ष

नक्कली शरणार्थीदेखि सुनकाण्डसम्मको अनुसन्धान



गत वर्ष ११ चैतमा पसन्त कुँवरले आइजिपीको दर्ज्यानी चिह्न लगाएको र नक्कली भुटानी शरणार्थी ठगीमा संलग्नले हत्कडी लगाएको दिन एउटै परेको थियो। यो संयोग मात्र थिएन, प्रहरीको एउटा रणनीतिक कदमसमेत थियो। विगतमा गृह प्रशासन तथा प्रहरी प्रशासनको दबाबमा रोकिएको भुटानी शरणार्थी ठगी प्रकरण नेतृत्व फेरिएकै दिनबाट अनुसन्धान अघि बढेको थियो। त्यो अनुसन्धानले प्रहरीको साख बढायो, तर प्रहरी नेतृत्वमाथि भने प्रश्न खडा गऱ्यो।

प्रहरीले इतिहासमै पहिलोपटक पूर्वगृहमन्त्री, सचिवसहितका हाइप्राफोइल व्यक्तिमाथि पक्राउ गरी अनुसन्धान गरेको थियो। तर, आइजिपी कुँवर काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख रहँदा यसका आरोपीहरूलाई सोधपुछमा बोलाएर पनि अनुसन्धानको दायरामा नल्याएको खुलेपछि उनीमाथिसमेत प्रश्न उठेको थियो। यद्यपि, कुँवरले आइजिपी हुँदा उच्चपदस्थसम्मलाई कानुनी दायरामा ल्याउने कामको नेतृत्व गरे।

कुँवरले प्रहरी नेतृत्व सम्हालेको एक वर्ष पुगेको छ। अहिले अर्को हाइप्रोफाइल घटनामा महानिरीक्षकले सशक्त भूमिका खेल्न नसकेको भनेर प्रश्न उठिरहेको छ। ब्रेक सु तथा विद्युतीय चुरोटमा लुकाएर भएको सुन तस्करीमा सिआइबीले निष्पक्ष अनुसन्धान गर्न नसकेको भन्दै जाँचबुझ आयोगले यसमा कारबाही सिफारिस गरेको छ। पहिला, अनुसन्धानलाई सही भनेकामा अहिले गलत ठहर गरी त्रुटि औंल्याएपछि यस प्रकरणमा पनि उनको भूमिकामाथि प्रश्न उठेको छ।

कुँवरको नेतृत्वमा पछिल्लो एक वर्षमा नेपाल प्रहरीले हाइप्रोफाइल घटनाको अनुसन्धान गरेको छ। त्यसमा कतिपय अवस्था प्रहरीले प्रशंसा कमाएको छ भने कतिपयमा आलोचना। तर, समग्रमा एक वर्षको अवधिमा प्रहरीले पहुँचवाला व्यक्तिलाई कानुनी दायरामा ल्याएर कानुनी शासनको राज दिन प्रहरी सफल भएको गृह मन्त्रालयका एक अधिकारी बताउँछन्। यद्यपि, अनुसन्धानमा भएका कतिपय त्रुटि र बद्नियतले प्रहरी पनि विवादमा पर्दै आएको छ। कुँवरकै नेतृत्वमा बालुवाटार जग्गा हिनामिना मुद्दा पनि अदालतसम्म पुग्यो। यसमा पनि केही व्यक्तिहरू प्रमाण हुँदाहुँदै पनि मुद्दा नचलाएको भन्दै प्रश्न उठेको थियो।

हाई प्रोफाइल घटनालाई अनुसन्धान गर्ने हिम्मत गरेका आइजिपी कुँवरले प्रहरी अधिकारीको मनोबल भने बढाउन सकेका छैनन्। उदारणका लागि प्रहरीमा डिएसपीबाट एसपीमा बढुवा महिनौदेखि अलपत्र छ। आठ पद रिक्त छन्, तर १२ जना प्रतिस्पर्धीको टक्करका कारण यसको असर आकांक्षीलाई त परेको छ नै, तल्लो तहसम्म बढुवा रोकिएको छ। यसमा प्रहरी महानिरीक्षकको भूमिका कमजोर रहेको प्रहरी अधिकारी बताउँछन्।

सरुवामा पनि नियमित हुन सकेको छैन। एक वर्षमा हुने एसपी र डिएसपीको सरुवा टक्करकै कारण १३ महिनापछि मात्र भयो। 'क' श्रेणीका जिल्लामा एसपी पठाउँदा राजनीतिक नेतृत्व नै हाबी भएको स्रोत बताउँछ। यद्यपि, सरुवामा नयाँ मापदण्ड बनाएर 'क' वर्गको जिल्लामा बसेकालाई दोस्रोपटक बस्न नपाउने नियम कार्यान्वयनमा ल्याइएको छ।

कुँवरको नेतृत्वमा केही सुधारका काम पनि भएका छन्। आइजिपीमा नियुक्त भएलगत्तै उनले काजको विकृतिलाई रोक्ने अभियान चलाए। तर, त्यसमा थोरै मात्र सफल भए। तराईका महत्त्वपूर्ण कार्यालयमा वर्षौंदेखि कार्यरत घुमुवालाई भने उनलाई हटाएर संगठनमा शुद्धीकरण अभियान चलाउन सफल भए। जसकारण कतिपय प्रहरीले त राजीनामा नै दिएको एक प्रहरी अधिकारीहरू बताउँछन्। संस्थागत सुधारअन्तर्गत प्रहरी कार्यालयमा वर्षौंदेखि बेबारिसे रहेका सवारीसाधन हटाउने प्रक्रिया अघि बढाएका छन्। अपराधीबाट बरामद गरिएको हतियार नष्ट गर्ने काम पनि उनको कार्यकालमा भएको छ। गर्भवती महिला प्रहरीलाई छुट्टै पोसाक दिनेदेखि प्रहरी चालचलनलाई थप व्यवस्थितजस्ता सुधारका काम पनि भएका छन्।

● डिआइजी भीमप्रसाद ढकाल
प्रवक्ता, नेपाल प्रहरी



यो एक वर्षको अवधिमा अपराध रोकथाम र अनुसन्धानमा महत्त्वपूर्ण प्रगति भएको छ। संस्थागत सुधारका काम पनि भएका छन्, केही प्रक्रियामै छन्।

प्रहरी प्रवक्ता डिआइजी भीमप्रसाद ढकाल एक वर्षको अवधिमा प्रहरीमा सुधारका धेरै काम भएको बताउँछन्। 'यो एक वर्षको अवधिमा अपराध रोकथाम र अनुसन्धानमा महत्त्वपूर्ण प्रगति भएको छ,' उनले भने, 'संस्थागत सुधारका कामहरू पनि भएका छन्, केही प्रक्रियामै छन्।' एक उच्च प्रहरी अधिकारी भने समग्रमा कुँवरको नेतृत्वमा संगठनभित्र उत्साह थपिन नसकेको बताउँछन्। 'व्यक्तिगत रूपमा उहाँ इमान्दार मान्छे हो,' ती अधिकारी भन्छन्, 'तर, उनको नेतृत्वमा पनि संगठनमा खराब अधिकृतहरू नै हाबी भएको देखिन्छ, कमान्ड पनि त्यति सशक्त हुन सकेको देखिँदैन।'

संक्षेप

मधेश प्रदेशमा मन्त्रिपरिषद् विस्तार

जनकपुरधाम/ मधेश प्रदेशमा मन्त्रिपरिषद् विस्तार भएको छ। मुख्यमन्त्री सरोजकुमार यादवले एमालेबाट तीन मन्त्री र एक राज्यमन्त्री थपेका हुन्। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नवनियुक्त मन्त्री राजकुमार लेखी, शत्रुधन सिंह र प्रमोदकुमार जयसवाललाई शपथ गराइन्। लेखीले गृह, सञ्चार तथा कानुन, सिंहले स्वास्थ्य तथा जनसंख्या र जयसवालले शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी पाएका छन्। एमालेबाटै केशव रायले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीको जिम्मेवारी पाएका छन्। केन्द्रमा समीकरण फेरिएपछि एमाले ५ चैतमा मधेश सरकारमा गएको थियो। एमाले मधेश संसदीय दलका नेता सरोज यादव यसअघि नै भौतिक तथा पूर्वाधारमन्त्री बनिसकेका छन्। कांग्रेस सरकारबाट बाहिरिनुका साथै समर्थन पनि फिर्ता लिइसकेको छ। केन्द्रको समीकरणअनुसार लोसपा कांग्रेस गठबन्धनमा छ। तर, मधेशमा भने लोसपा एक मन्त्रीसहित जसपा नेतृत्वकै सरकारमा छ। अब मधेशमा कांग्रेस र जनमत पार्टी मात्रै विपक्षमा छन्। मुख्यमन्त्री यादवसँगै अझै श्रम तथा यातायात मन्त्रालय छन्।

१ वैशाखदेखि काठमाडौं महानगरभित्र दुई चरणमा नक्सा स्वीकृत हुने

काठमाडौं/ काठमाडौं महानगरपालिकाले आगामी १ वैशाखदेखि दुई चरणमा भवन नक्सा स्वीकृत गर्ने भएको छ। सुरक्षित भवन निर्माणका लागि प्लिन्थ लेभलसम्मको एक चरणमा र यसभन्दा माथिल्लो भागको अर्को चरणमा नक्सा स्वीकृत गर्ने भएको हो। सरकारी, अर्धसरकारी, बैंक तथा वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य भवन, संयुक्त भवन, व्यापारिक भवन निर्माण गर्दा अनिवार्य रूपमा आकस्मिक विपत् व्यवस्थापन योजना पेस गर्नुपर्नेछ। महानगरपालिकाको सहरी व्यवस्थापन विभागले वडासचिव र वडाका इन्जिनियरका लागि आयोजना गरेको 'भवन निर्माण मापदण्ड २०८० तथा भवन संहितासम्बन्धी' अभिमुखीकरण कार्यक्रममा यससम्बन्धी जानकारी दिइएको हो। अभिमुखीकरणमा उपप्रमुख सुनिता डंगोलले, कर्मचारीहरूले निष्पक्ष र तटस्थ सेवा प्रदान गरिरहेकोमा विश्वास गरिरहेको बताइन्। 'विधि र पद्धति तपाईंहरूका आधारभूत सीमा हुन्। त्यसको मर्यादाभित्र रहेर सेवा प्रवाह गर्नुहुन्छ भन्ने हाम्रो अपेक्षा हो। कानुनमा नलेखिएका विषयमा निर्णय गर्दा पनि विवेकको प्रयोग गर्नुपर्छ,' उनले भनिन्, 'प्राविधिकहरूले निर्माण गर्ने स्थलगत प्रतिवेदन तथ्यमा आधारित र विषयको विस्तृत जानकारी हुने विवरण आवश्यक छ। यसमा ध्यान दिनुहोला।'

सञ्चार क्षेत्रमा दलित सहभागिता र सवालको 'कभरेज' बढाउन जोड

काठमाडौं/ सरोकारवालाहरूले आमसञ्चारमाध्यममा दलितसम्बन्धी सवालको 'कभरेज' बढाउनुपर्नेमा जोड दिएका छन्। जागरण मिडिया सेन्टरले शनिबार आयोजना गरेको 'आमसञ्चारमा दलित सवाल र समावेशीकरण' विषयक अन्तर्क्रियामा वक्ताहरूले सरकारी तथा निजी मिडियाहरूमा दलित पत्रकारको सहभागितासमेत बढाउनुपर्ने धारणा राखे।

पूर्वराजदूत पदम सुन्दासले सञ्चार क्षेत्रमा दलित समुदायका सवाल र दलित समुदायका पत्रकारको सहभागिता बढाउन आवश्यक रहेको बताए। समावेशीकरणको सिद्धान्त मिडिया क्षेत्रमा पनि लागू हुनुपर्ने उनको भनाइ छ। संविधानसभा सदस्य विनोद पहाडीले दलित मुद्दालाई गैरदलित समुदायले पनि अपनत्व लिनुपर्ने बताए। दलित अधिकारकर्मी सुशील विकेले सञ्चार क्षेत्रमा दलित समुदायका सवाल र पत्रकारको सहभागिता बढाउन राज्य, मिडिया र दलित समुदायको सहकार्य आवश्यक रहेको बताए। नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले मिडियामा दलितको मुद्दा ओझेलमा परेको बताए। समग्रमा सामाजिक विषयवस्तुले नै मिडियामा कम स्थान पाएको बताउँदै उनले मिडियामा सामाजिक विषयवस्तुको कभरेज बढाउनुपर्नेमा जोड दिए। जागरण मिडिया सेन्टरका कार्यवाहक अध्यक्ष दिनेश परियारले दलितको हक अधिकार प्राप्तिका लागि आमसञ्चारको महत्त्वपूर्ण भूमिका हुने बताए। कार्यक्रममा प्रस्तुत एक प्रतिवेदनअनुसार सरकारी मिडियामै दलित पत्रकारको सहभागिता न्यून देखिएको छ। सरकारी स्वामित्वको गोरखापत्रमा २.२५ प्रतिशत, रेडियो नेपालमा ५.४६ प्रतिशत, नेपाल टेलिभिजनमा २.५ प्रतिशत र राष्ट्रिय समाचार समितिमा ४.२२ प्रतिशत हिस्सा दलित पत्रकारको छ। समानुपातिक समावेशीको सिद्धान्तअनुसार सरकारी मिडियामा दलित पत्रकारको उपस्थिति बढाउनुपर्ने सरोकारवालाहरूको भनाइ छ।

बागलुङका दुई स्थानीय तहलाई क्षयरोगमुक्त बनाइने

बागलुङमा **नारायण रिजाल**

बागलुङका दुई स्थानीय तहलाई क्षयरोगमुक्त बनाउने अभियान सञ्चालन गरिएको छ। बडिगाड गाउँपालिका र गलकोट नगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउने लक्ष्यसहित स्वास्थ्य कार्यालय बागलुङ र सम्बन्धित स्थानीय तहले काम अगाडि बढाएका छन्। यस क्षेत्रमा क्षयरोग संक्रमणदर उच्च रहेकाले त्यसको निवारण गर्न अभियान अघि बढाइएको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ। कार्यालयका अनुसार क्षयरोगमुक्त पालिका बनाउन प्रतिवर्ष प्रति १० लाखमा एकभन्दा कम बिरामीको संख्या भएमा अन्त्य भएको मानिनेछ। क्षयरोगमुक्त बनाउन सरोकारवाला निकाय र स्थानीय सरकारले पालिकाभित्र क्षयरोग खोज पड्तालका कार्यक्रम सञ्चालन गरेको स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ निरीक्षक अधिकृत देवप्रकाश घिमिरेले जानकारी दिए।

'हो हामी क्षयरोग अन्त्य गर्छौं,' भन्ने नारासहित बागलुङमा क्षयरोग निवारणको अभियान थालिएको छ। जिल्लाका सबै पालिकामा परीक्षणको दायरा बढाएर क्षयरोग पत्ता लगाउने दर पनि बढ्दै गएको छ। 'पहिलो चरणमा बडिगाड र गलकोटलाई क्षयरोगमुक्त पालिका बनाउने लक्ष्य लिएका छौं। हामीले लक्ष्य छिट्टै पूरा गर्नेछौं। त्यसका लागि ती क्षेत्रमा परीक्षणको दायरा बढाइएको छ,' घिमिरेले भने। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय र बडिगाड गाउँपालिकाले केही समय पहिले क्षयरोगका बिरामीको खोज-पड्तालका निम्ति शिविर नै आयोजना गरेको थियो। स्वास्थ्य कार्यालयका अनुसार बागलुङमा गत वर्ष २ सय ३५ जनामा क्षयरोग संक्रमण भएकोमा चालू वर्षको आठ महिनामै दुई सय २७ पुगेको हो। यही दरले बढ्ने हो भने अघिल्लो वर्षको तुलनामा क्षयरोगीको संख्या झनै वृद्धि हुने अनुमान गरिएको छ।

■ क्षयरोगबाट एक वर्षमा चारजनाको मृत्यु

बागलुङमा क्षयरोगकै कारण अघिल्लो वर्ष चारजनाको मृत्यु भएका थियो। यस वर्ष पनि चारजनाको मृत्यु भइसकेको कार्यालय प्रमुख आचार्यले जानकारी दिए। अघिल्लो वर्ष मृत्यु हुनेमा बडिगाड, बागलुङ, जैमिनी नगरपालिकामा एक-एक र निसीखोला गाउँपालिकामा एकजना थिए। यस वर्ष भने चारैजना बडिगाड गाउँपालिकाका छन्। क्षयरोगका कारण हुने मृत्युदर घटाउन समयमै क्षयरोगको पहिचान आवश्यक रहेको आचार्य बताउँछन्। 'बागलुङमा क्षयरोगको नियन्त्रण र अन्त्य गर्न नियमित औषधि सेवन नगर्नु, शंकास्पद देखिएमा खुल्न नसक्नु र ढिलो परीक्षण गराउनुलगायतका चुनौती छन्,' उनले भने, 'लुकेर बसेका क्षयरोगी पत्ता लागेमा बिरामी चाँडै निको हुने, बिरामीको स्वास्थ्य अवस्था खराब हुनबाट बच्न सकिने, अकालमा हुने मृत्युबाट जोगाउन सकिन्छ। त्यसैले अब परीक्षण र उपचारमा जोड दिने हो।' उनले गत वर्षको पुरुष संक्रमितको संख्या बढ्दो रहे पनि यस वर्ष बडिगाडमा सञ्चालन गरिएको शिविरमा महिलाको संख्या बढिरहेको जानकारी दिए। पुरुषभन्दा महिलाको पहुँच कम हुँदा महिलाहरूमा यो संक्रमणदर अझै बढी देखिएको आचार्यले बताए। क्षयरोगमुक्त पालिका घोषणा अभियानका निम्ति जिल्ला समन्वय प्रमुख अमरबहादुर थापाको संयोजकत्वमा क्षयरोगमुक्त पालिका घोषा समिति गठन गरिएको छ।

विपन्न महिलाको उपचार खर्च मिनाहा

लहान/ लहान नगरपालिका- ३ स्थित लहान एडभान्स हस्पिटलका सञ्चालकसमेत रहेका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. वीरेन्द्रकुमार यादवले प्रसूति गराउन आएकी एक महिलाको शल्यक्रिया गरी आठ दिनसम्म लागेको उपचार खर्च मिनाहा गरी दिएका छन्। सिराहाको कल्याणपुर नगरपालिका- ९ पिलुवाहा गाउँकी करिब ३७ वर्षीया कोशिलादेवी यादवले गत २७ फागुनमा शल्यक्रियाबाट चौथो छोरी जन्माएपछि आठ दिन शिशु र सुत्केरीको उपचार, औषधिको समेत लिनुपर्ने करिब ९० हजार रुपैयाँ निःशुल्क गरी ४ चैतमा घर पठाएका हुन्।

'श्रीमानूबाट पीडित कोशिलाको एम्बुलेन्सको भाडासमेत तिर्न सामर्थ्य देखेनौं,' डा. यादवले भने, 'प्रसूति गराउन आएकी उनको साथमा कोही नरहेको, तर तत्काल केही नगरे ज्यान तलमाथि पर्न सक्ने जोखिम बढेपछि स्थानीय प्रशासनसँग समन्वय गरी शल्यक्रिया गर्यौं।' गर्भमा रहेकी शिशुले दिसा गरेकाले जटिल बन्दै गएकी उनलाई अन्यत्र रेफर गर्दा आर्थिक रूपले नसक्ने भएकाले अस्पतालमा शल्यक्रिया गरी उपचारसहित सबै खर्च निःशुल्क गरिएको उनले बताए। पिलुवाहाका दिनेशकुमार यादवले जेठी श्रीमतीबाट सन्तान नजन्मिएको भन्दै कोशिलासँग दोस्रो विवाह गरेका थिए। लगालग तीनवटी छोरी जन्मिएपछि श्रीमानूले हिंसा गर्न थालेपछि उनी धनगढीमाई नगरपालिका-११ शान्तिपुर गाउँमा भाडाको घरमा बस्दै आएकी थिइन्।

पाँच वर्षदेखि त्रिपालकै वास भएपछि २१ पहिरोपीडितले भेटे सिडिओ

थातथलो पहिरोले पुरिएपछि विस्थापित पीडितका लागि बनाइएको बस्ती अझै स्थानान्तरण हुन सकेन

धादिङमा अर्जुन श्रेष्ठ

धादिङको गजुरी गाउँपालिका- २ चामवासका पहिरोपीडित पाँच वर्षदेखि त्रिपालमै जीवन बिताउन बाध्य छन्। थातथलो पहिरोले पुरिएपछि विस्थापित बनेका उनीहरूको बस्ती स्थानान्तरण हुन नसक्दा त्रिपालमुनिको वास बनेको हो।

वर्षौंदेखि बस्दै आएको थातथलो पहिरोका कारण बस्न योग्य नभएको भूगर्वविद्हरूले बताएका छन्। तर, बस्ती स्थानान्तरण नहुँदा घर न घाटको बनेको पहिरोपीडितहरू बताउँछन्। 'हावाहुरी र पानी आउँदा ठूला मान्छे जोगिन कठिन छ, बालबालिका कसरी जोगाउने, एउटा टेन्टमा ६/७ जनासम्मको परिवार कसरी बस्नू ?' प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेलाई ज्ञापनपत्र बुझाउँदै पहिरोपीडित पञ्चमाया तामाङले भनिन्, 'अब त बर्खा लाग्यो, झनै गाह्रो हुन्छ। पहिलेकै बस्तीमा बस्न पनि हुँदैन भन्नुहुन्छ। अन्त जाने ठाउँ छैन। च्यातिएकै त्रिपालमा बर्खा कट्ला र ? हामी कहाँ गएर बस्ने प्रमुख जिल्ला अधिकारीज्यू ?'

सुरक्षित स्थानमा बस्ती स्थानान्तरणका लागि हारगुहार गर्दै यहाँका विस्थापितले यसअघि वडा कार्यालय, गाउँपालिका, मुख्यमन्त्री र जिल्ला प्रशासन कार्यालयमा पटक-पटक ज्ञापनपत्र बुझाइसकेका छन्। तर, सुरक्षित ठाउँमा सर्ने आश्वासन मात्रै पाएको पीडितहरूको गुनासो छ।

०७५ मा बस्तीमा धाँजा फाट्यो। ०७६ मा वर्षाका कारण जमिन भासिएर धादिङको गजुरी गाउँपालिका-२, चामबास गाउँ नै पहिरोमा पऱ्यो। जमिन चिरा पऱ्यो। घर र वस्तुभाउ बाँध्ने गोठहरू पनि भत्किए। २१ परिवार विस्थापित भए। त्यतिबेलादेखि नै चामबासका पहिरो विस्थापितहरू बाह्रबिसेमा बस्दै आएका छन्। पाँच वर्षदेखि टेन्टमा बिताइरहेका विस्थापित परिवारलाई सरकारले अहिलेसम्म पुनर्वास गर्न सकेको छैन। शुक्रबार जिल्ला प्रशासन कार्यालयमा भेटिएकी पहिरो विस्थापित सानुमाया तामाङले भनिन्, 'अघिल्ला सिडियो, मन्त्री, सांसद धेरैसँग हारगुहार गरियो, सबैबाट आश्वासन मात्रै पाइयो, अहिले नयाँ सिडियो आउनु भएको रहेछ, उहाँले हाम्रा लागि केही गरिदिनुहुन्छ कि भन्ने आश लिएर यहाँ आएका हौं।'



धादिङका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेलाई ज्ञापनपत्र बुझाउँदै पहिरोपीडित।

सुरक्षित ठाउँमा बस्ती स्थानान्तरण गरिदिनुपर्ने, जीविकोपार्जनका लागि वैकल्पिक व्यवस्था मिलाइदिनुपर्ने र महिलाहरूलाई सीपसहित साना उद्यम सञ्चालन गर्ने व्यवस्था मिलाइदिनुपर्ने मागसहित पीडितले प्रजिअलाई ज्ञापनपत्र बुझाएका हुन्। ज्ञापनपत्र बुझ्दै धादिङका प्रमुख जिल्ला अधिकारी गैह्रेले बस्ती स्थानान्तरण गर्न यही आर्थिक वर्षमा काम सुरु गरिने बताए।

यो बस्तीको पीडा गाउँपालिका अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, विभिन्न मन्त्रीहरूले पनि पटक-पटक प्रत्यक्ष देखेका छन्। तर, स्थायी प्रबन्ध मिलाउन सकेका छैनन्। पीडितले आशैआशमा कठिनले पाँच वर्ष बिताए। २१ घरपरिवारका ९२ जना कोही टेन्टमा त कोही पुराना जस्ताको ट्रस्ट बनाएर बसिरहेका छन्। अस्थायी बस्तीमा बालबालिकालाई राख्न सुरक्षित ठाउँ छैन। बस्ने र खानेको ठेगान छैन, बालबालिकाले पढ्न पाएका छैनन्। टेन्ट र जस्तापाताबाट छिरेको पानीले ओछ्यान भिजाउँछ। अब वर्षात्को समय दुई मुठी सास कसरी जोगाउने भन्ने चिन्ताले पिरोलेको विशु तामाङ बताउँछन्।

पहिरोपीडित पञ्चमाया तामाङ भन्छिन्–

हावाहुरी र पानी आउँदा ठूला मान्छे जोगिन कठिन छ, बालबालिका कसरी जोगाउने, एउटा टेन्टमा ६-७ जनासम्मको परिवार कसरी बस्नु ? अब त बर्खा लाग्यो, झनै गाह्रो हुन्छ। पहिलेकै बस्तीमा बस्न पनि हुँदैन भन्नुहुन्छ। अन्त जाने ठाउँ छैन। च्यातिएकै त्रिपालमा बर्खा कट्ला र ? हामी कहाँ गएर बस्ने प्रमुख जिल्ला अधिकारीज्यू ?


विश्वकै महँगो लोकतान्त्रिक अभ्यासमा भारत

मोदीको भाषण मतदातामाझ लोकप्रिय भइरहेको र कुनै पनि विपक्षी दलका नेताले जनतालाई आकर्षित गर्न नसकिरहेका वेला भारतमा लोकसभा निर्वाचन हुँदै छ



● पामिर गौतम

अग्रलेख



५४३ सदस्य चयन गर्न भारतीय लोकसभाको निर्वाचन आगामी १९ अप्रिलदेखि १ जुनसम्म सात चरणमा हुने भएको छ। भारतीय निर्वाचन आयोगले जनाएअनुसार उक्त निर्वाचनमा मतदान गर्न करिब ९७ करोड भारतीय योग्य छन्। १८औँ लोकसभाका लागि हुन लागेको निर्वाचनको मतगणना ४ जुन २०२४ मा हुनेछ। यस निर्वाचनमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी लगातार तेस्रो कार्यकालका लागि मैदानमा डटेका छन्। विभिन्न सर्वेक्षणले मोदी मतदाताबीच लोकप्रिय रहेका र उनको दल भारतीय जनता पार्टी (भाजपा) ले पुनः बहुमत हासिल गर्ने जनाएका छन्। ३ डिसेम्बरमा विभिन्न चार राज्यमा भएको निर्वाचनमा विपक्षीको विभिन्न आक्रमण र आरोपका बाबजुद प्रधानमन्त्री मोदीको भाजपाले तेलंगनाबाहेक छत्तीसगढ, मध्य प्रदेश र राजस्थानमा सानदार जित हासिल गऱ्यो। यस निर्वाचन परिणामबाट भाजपा थप उत्साहित भएको छ।

अर्कोतर्फ डिसेम्बरको प्रादेशिक चुनावको परिणाम आफ्नो गणना र अपेक्षाप्रतिकूल भएपछि विपक्षी राजनीतिक दल झस्किएका छन्। मोदी र भाजपाविरुद्ध सशक्त रूपमा लड्न भारतीय राष्ट्रिय कंग्रेसको नेतृत्वमा दुई दर्जनभन्दा बढी क्षेत्रीय दल भारतीय राष्ट्रिय विकासात्मक समावेशी गठबन्धन (इन्डियन नेसनल डेभलपमेन्टल इनक्लुसिभ एलाएन्स, इन्डिया) लाई गम्भीर रूपमा थप मजबुत गरेर अघि बढ्ने भएका छन्। यद्यपि, इन्डियामा आबद्ध विभिन्न दलबीचको वैचारिक द्वन्द्व, विभिन्न दलभित्रको आन्तरिक मनमुटाव र टुटफुटका साथै स्पष्ट एजेन्डाको अभावले विपक्षी गठबन्धनको प्रभावकारिता अस्पष्ट छ। अर्कोतर्फ पश्चिम बंगालको सत्तारुढ राजनीतिक दल अखिल भारतीय तृणमूल कंग्रेस गठबन्धनमा नरहेर स्वतन्त्र रूपमा चुनाव लड्दै छ भने गठबन्धनमा रहने भनेका विहारका मुख्यमन्त्री नितीश कुमार इन्डिया गठबन्धन छाडेर भाजपासँग मिलेर चुनावी मैदानमा होमिने भएका छन्।

केही दिनअघि तमिलनाडुको चुनावी प्रचारप्रसारका क्रममा मोदीले विपक्षी दलहरू, विशेषगरी कंग्रेसमाथि भ्रष्टाचार र परिवारवादको आरोप लगाएका छन्। नातावाद त भाजपाभित्र र भाजपाको राजनीतिक दाउपेचमा पनि छ्यापछ्यापती छ। भ्रष्टाचारको विषयमा त भारत विश्वकै सबैभन्दा महँगो लोकतन्त्र हो। नयाँदिल्लीको सेन्टर फर मिडिया स्टडिजको एक अध्ययनअनुसार सन् २०१९ को लोकसभा निर्वाचनमा राजनीतिक दलहरूले करिब सात अर्ब अमेरिकी डलर खर्च गरेका थिए। एक रिपोर्टअनुसार यसपटकको निर्वाचनमा राजनीतिक दलहरूले चौध अर्ब अमेरिकी डलरभन्दा बढी खर्च गर्ने आकलन छ। भाजपा सरकारले कर्पोरेट पैसा गुमनाम रूपमा राजनीतिक दलहरूमा भित्र्याउन सन् २०१८ मा चुनावी बन्डको अवधारणा ल्याएको थियो। भारतीय सर्वोच्च अदालतले गत महिना त्यसलाई असंवैधानिक घोषणा गरेको छ। भाजपाले चुनावी बन्डमार्फत सबैभन्दा धेरै पैसा प्राप्त गरेको छ। सर्वोच्च अदालतको निर्देशनअनुसार स्टेट बैंक अफ इन्डियाले सार्वजनिक गरेको चुनावी बन्डको तथ्यांकअनुसार गत चार वर्षमा भाजपाले भारतीय ६ हजार करोड रुपैयाँभन्दा बढी प्राप्त गरेको छ।

विभिन्न रिपोर्टअनुसार भाजपाको बन्ड खरिद गर्ने अधिकांश कम्पनी प्रवर्तन एजेन्सीद्वारा छापा मारिएका वा तिनको 'राडार'मा परेका कम्पनी छन्। सर्वोच्चको फैसलाले भाजपालाई खासै असर पर्ने देखिन्न किनभने यस प्रक्रियाबाट प्राप्त भइसकेको पैसा उसले राख्न पाउँछ। तर, विपक्षीहरूलाई भने चुनावअघि आर्थिक संकटमा पुऱ्याउने रणनीतिमा भाजपा देखिन्छ। यही २१ मार्चमा वरिष्ठ कंग्रेस नेता सोनिया गान्धी, राहुल गान्धी र पार्टी अध्यक्ष मल्लिकार्जुन खड्गेले नयाँदिल्लीमा गरेको एक पत्रकार सम्मेलनमा मोदी प्रशासनले कंग्रेसको खाता रोक्का गरेर आपराधिक कार्य गरेको भन्दै भाजपा सरकारको आलोचना गरेका थिए।

प्रवर्तन निदेशालय (इडी) ले सोही दिन दिल्लीका मुख्यमन्त्री र आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक अरविन्द केजरिवाललाई 'मनी लन्ड्रिङ' मुद्दामा पक्राउ गरेको छ। हाल दिल्लीका पूर्वउपमुख्यमन्त्री मनीष सिसोदिया र राज्यसभा सांसद सञ्जय सिंहजस्ता आपका वरिष्ठ नेताहरू न्यायिक हिरासतमा छन्। झारखण्डका हेमन्त सोरेनलाई ३१ जनवरीमा विनाकानुनी सोधपुछ इडीले पक्राउ गरेको थियो। मोदी सरकार गठन भएदेखि नै उसले आफ्नो राजनीतिक लक्ष्य हासिल गर्न विपक्षी नेताहरूमाथि मनी लन्ड्रिङको मुद्दामा कारबाही गर्न प्रवर्तन निर्देशनालयको दुरुपयोग गर्दै आएको छ। एक अध्ययनअनुसार सन् २०१४ मा बिजेपी सत्तामा आएदेखि ९५ प्रतिशत इडी सम्बन्धित मामिला विपक्षी नेताविरुद्ध भएका छन्। द इन्डियन एक्सप्रेसको एक रिपोर्टअनुसार सन् २०१४ र २०२२ को सेप्टेम्बरबीच १२१ जना प्रमुख नेता इडीको कारबाहीमा परेका थिए, जसमध्ये ११५ जना विपक्षी नेता थिए र पछिल्लो समयमा यो सूची थप बढेको छ।

सन् २०१४ मा नातावाद, राजनीतिक अभिजात वर्ग र भ्रष्टाचारमाथि धाबा बोल्न सक्ने बाहिरी व्यक्तिका रूपमा आफूलाई प्रस्तुत गर्दै मोदी पहिलोपटक सत्तामा पुगेका थिए। सन् २०१९ मा मोदीसँग चुनाव लड्न खासै एजेन्डा थिएन। बरु विमुद्रीकरणले भारतीय अर्थतन्त्रमा परेको नकारात्मक असर, बढ्दो महँगी र बेरोजगारी, वस्तु र सेवा करजस्ता मुद्दाले मोदी चेपुवामा थिए। तर, विपक्षीले यी मुद्दालाई पुँजीकरण गर्न सकेनन्। त्यहीमाथि अन्तिम समयमा पाकिस्तानसँगको सैन्य तनाव र भारतीय सेनाको कारबाहीले अचानक मोदीलाई राष्ट्रियताको नाममा छाती चौंडा पार्ने अवसर दियो। त्यस्तै चुनावको पूर्वसन्ध्यामा किसान परिवारलाई लक्षित गर्दै मोदी सरकारले नयाँ योजनाअन्तर्गत विपन्न परिवारको बैंक खातामा सीधै वार्षिक ६ हजार रुपैयाँ नगद हस्तान्तरण गर्ने घोषणा गऱ्यो। सन् २०१४ मा सरकारी अनुदानलाई कडा गर्ने बताएका मोदी स्वयंले अनुदानको राजनीतिलाई अँगाले र त्यसको श्रेय लिन त्यस्ता योजना आफ्नै नामबाट ब्रान्डिङ गरे।

> राजनीतिक स्वतन्त्रताका कारण करिब ९७ करोड भारतीय जनताले मतदान गर्न पाए पनि सम्मानपूर्वक बाँच्ने अधिकार भने पाउन नसकिरहेको सेरोफेरोमा विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र विश्वकै महँगो लोकतान्त्रिक अभ्यास गर्ने मोडमा उभिएको छ

यो चुनावमा त झन् मोदीसँग छाती चौंडा पार्ने धेरै मुद्दा छन्। मोदी र उनको दल मतदानको मिति घोषणा हुनु महिनौंअघि नै प्रचारप्रसारमा लागेका छन्। मोदी दिनहुँ देशैभर उडान भर्दै नयाँ आयोजनाको घोषणा र उद्घाटन गर्न तल्लीन छन्। चुनावको मिति सार्वजनिक हुनु केही दिनअघि मात्र मोदीले एक लाख करोड रुपैयाँको ११४ राष्ट्रिय राजमार्ग परियोजना, ओडिसामा २७० भन्दा बढी रेलवे परियोजना, कोलकातामा १५ हजार ४०० करोड रुपैयाँको बहु-कनेक्टिभिटी परियोजना, 'विकसित भारत विकसित उत्तर पूर्व' कार्यक्रमअन्तर्गत ६ वटा पूर्वोत्तर राज्यका लागि ५५ हजार ६०० करोडका परियोजनाजस्ता विभिन्न परियोजना अन्य प्रदेशमा पनि उद्घाटन र शिलान्यास गरेका छन्। गत अगस्टमा भारतको चन्द्रयानले चन्द्रमामा ऐतिहासिक अवतरण गर्दै चन्द्रमामा पुग्ने भारत चौथो राष्ट्र बनेको छ। त्यसको केही दिनपछि नै सूर्यको अध्ययन गर्न भारतले आफ्नो पहिलो अन्तरिक्षयान प्रक्षेपण गऱ्यो। त्यस्तै गत सेप्टेम्बरमा भारतले जी-२० को सम्मेलन आयोजना पनि गऱ्यो। यी सबैलाई सत्तारुढ दल र त्यसका 'गोदी मीडिया'ले यसरी मार्केटिङ अभियान चलाएका छन् कि भारतमा एक व्यापक धारणा बनेको छ, मोदीले विश्वव्यापीस्तरमा भारतको हैसियत उचालेका छन्। त्यस्तै जनवरीमा अयोध्यामा ध्वस्त बाबरी मस्जिदको ठाउँमा राम मन्दिर निर्माण गरेर खोलेपछि मोदीले आफ्नो पार्टीको लामो समयदेखि राखेको हिन्दू राष्ट्रवादी वाचा पूरा गरेका छन्। यसले धर्मको नाममा विभाजित हिन्दू प्रभुत्व रहेको भारतीय समाजलाई थप ध्रुवीकृत गर्ने निश्चित छ, जसले आउने चुनावमा पनि भाजपाको पक्षमा फाइदा पुऱ्याउने देखिन्छ।

विपक्षी तथा विभिन्न पश्चिमा मिडियाले मोदीको शासनकालमा भारतमा धर्मनिरपेक्षता कमजोर भएको, हिन्दू तानाशाही बढेको, लोकतन्त्रका विभिन्न सूचक संकुचित भएको, बेरोजगारी बढेको आदि आरोप लगाउँदै आएका छन्। विश्वव्यापी मञ्चमा भने मोदी भारतलाई लोकतन्त्रको अवधारणाको जन्मथलो बताउँदै भारतको लोकतन्त्रमा अटल विश्वास रहेको बताउँदै आएका छन्। मोदी परिवारका सदस्य र गोदी मिडिया भने मोदीलाई आलोचना गर्ने पश्चिमा आलोचकलाई भारतलाई लेक्चर दिनुको साटो आफ्नै नेतृत्वलाई बिभिन्न मुद्दामा प्रश्न गर्न भन्दै काउन्टर तर्क गर्छन्।

केही समयअघि भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सचिव के बालकृष्णनले भाजपा केन्द्रमा पुनः सत्तामा निर्वाचित भयो भने सम्भावित रूपमा २०२४ को लोकसभा चुनाव देशले सामना गर्ने अन्तिम चुनाव हुने बताएका थिए। तर, नरेन्द्र मोदीका अनुसार भारत अहिले अमृतकाल अर्थात् स्वर्णयुगको बीचमा रहेको छ। विगत १० वर्षमा मोदीको भाषण मतदातामाझ लोकप्रिय भएको छ, अर्कातर्फ कुनै पनि विपक्षी दलका नेताले जनतालाई आकर्षित गर्न सकेका छैनन्। आफ्नो पुस्तक 'मेनुफेकचरिङ कनसेन्ट : द पोलिटिकल इकोनोमी अफ द मास मिडिया'मा नोम चोम्सकी र एडवर्ड हार्मनले लेखेका छन्- विनाकुनै जबर्जस्ती, प्रणाली-समर्थक प्रचारप्रसार गर्न आमसञ्चार माध्यम प्रभावकारी र शक्तिशाली वैचारिक संस्था हुन्, जसले बजार शक्तिहरू, आन्तरिक मान्यता र सेन्सरसिपमा निर्भर भएर आफ्नो एजेन्डा अघि बढाउँछन्।

भारतमा घरेलु मिडियाका सन्दर्भमा विपक्षीले ठूलो बेफाइदाको सामना गर्नुपरेको छ, जुन धेरै हदसम्म बिजेपीको पक्षमा छ। विन्स्टन चर्चिलले भनेका छन्, 'एक राजनीतिज्ञमा भोलि, अर्को हप्ता, अर्को महिना र अर्को वर्ष के हुनेछ भनी भविष्यवाणी गर्ने र पछि यो किन भएन भनेर व्याख्या गर्ने क्षमता हुनुपर्छ।' भारतीय राजनीतिमा अहिले मोदी मात्र यस्ता पात्र हुन्, जसमा मात्र कति वेला कसरी हाँस्ने, रुने र बोल्ने भन्ने सीप छ।

एकजना टिप्पणीकारले लेखेका छन्, भारतमा अहिलेको आर्थिक असमानता ब्रिटिस उपनिवेशवादको समयभन्दा पनि खराब छ। स्वतन्त्रताका कारण करिब ९७ करोड भारतीय जनताले मतदान गर्न त पाउने भए, तर सम्मानपूर्वक बाँच्ने अधिकार पाउन सकेका छैनन्। यद्यपि विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र विश्वकै महँगो लोकतान्त्रिक अभ्यास गर्ने मोडमा छ।

---

३ प्रश्न



लोसपाका वरिष्ठ उपाध्यक्ष **जितेन्द्र सोनल**लाई

भारतसँग नेपालको सहकार्यका सम्बन्धमा तपाईंहरूको पार्टीको निर्णय के हो ?

प्रधानमन्त्री प्रचण्डजीको भारत भ्रमणका वेलामा भएको दश हजार मेगावाट बिजुली भारतमा निर्यातसम्बन्धी सहमतिलाई हामीले स्वागत गऱ्यौं। त्यसले मुलुकको आर्थिक समृद्धिमा ठूलो टेवा पुग्ने हाम्रो विश्वास छ। दोस्रो, भारत सरकारले नेपालको सामुदायिक उच्च प्रभावका आयोजनामा विगतमा पाँच करोडको सीमाबाट अहिले एउटा परियोजनालाई २० करोडसम्म लगानी गर्ने बाटो खुलाउनुलाई पनि हामीले स्वागत गरेका छौं। वास्तवमा २० करोड रुपैयाँसम्मको भारतीय अनुदानले ग्रामीण क्षेत्रमा विकास पूर्वाधार परियोजनाले गति लिन्छ।

तर, तपाईंहरूले अर्को छिमेकी चीनसँग बिआरआईअन्तर्गत सहकार्यका सम्बन्धमा चाहिँ आलोचना गर्नुभयो नि ?

हामीले पार्टीमा नेपाल-चीन सम्बन्धको समग्रतामा छलफल गरेनौं, केवल बिआरआईबारे छलफल गऱ्यौं। यसमा नेपालमा विनाअध्ययन छलफल र बहस भइरहेको छ। बिआरआई ऋणमा आधारित सहकार्य भएको हुनाले अहिलेका घटनाक्रमको अध्ययनबाट हामीले बिआरआईको ऋण नेपालको हितमा छैन भन्ने निष्कर्ष निकालेका छौं। विभिन्न देशमा बिआरआईको अप्रिय उदाहरण र नेपालमा पनि स्पष्टता नभएको हुनाले यो नेपालको हितमा छैन भन्ने हाम्रो निष्कर्ष रह्यो।

पार्टीको आन्तरिक जीवनका विषयमा चाहिँ के-के निर्णय गर्नुभयो ?

हामीले ६ महिनाभित्र विधान अधिवेशन र एक वर्षभित्र महाधिवेशन गर्ने भनेका छौं। अहिले मुलुकको संघीयतामाथि भएका प्रहार लामो संघर्ष र बलिदानको अपमान हो। हामी संघीयताका पक्षमा दह्रो रूपमा उभिन्छौं। संविधान संशोधन हुनुपर्छ भन्ने हाम्रो पहिलेदेखिको मागमा दृढ छौं। प्रहरी तथा प्रशासनिक समायोजनमार्फत संघीयता थप सुदृढ गर्नुपर्छ। भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लागू हुनुपर्छ भन्नेमा पनि हामी स्पष्ट छौं।

प्रेरक प्रसंग

चार आनाको ज्ञान

आचार्य रामतीर्थ एकपटक गंगाकिनार घुम्ने विचारले ऋषिकेश गए। गंगाकिनारमा घुम्दै गर्दा उनले एक साधु आरामले बसिरहेको देखे। साधुलाई देखेपछि रामतीर्थको मनमा अचानक एउटा विचार आयो। उनलाई साधुबाबासित कुराकानी गर्ने रहर जाग्यो। साधुको नजिकै पुगेपछि उनले सोधे, 'बाबा, तपाईं सन्न्यासी बनेको कति वर्ष भयो ?' 'त्यस्तै चालीस वर्ष भयो होला बालक,' साधुले जवाफ दिए।' 'अनि यी चालीस वर्षमा तपाईंले के-के प्राप्त गर्नुभयो त बाबा ?' रामतीर्थले साधुलाई प्रश्न गरे। 'यो देख्दै छौ,' गंगातिर इसारा गरेर साधुले बड़ो गर्वले भने, 'यदि मैले चाहेँ भने म यो गंगाको पानीको एक छेउबाट हिँडेरै अर्को छेउसम्म जान सक्छु।' 'त्यसो भए त त्यो छेउबाट यो छेउसम्म फर्केर आउन पनि सक्नुहुन्छ होला हैन बाबा !' रामतीर्थले फेरि प्रश्न गरे। 'हो, बिल्कुल आउन सक्छु। तिमी हेर्न चाहन्छौ भने म हिँडेर देखाउन पनि सक्छु,' साधुको गर्धन गर्वले तन्कियो।

'यसबाहेक अरू के-के गर्न सक्नुहुन्छ बाबा तपाईं ?' रामतीर्थले फेरि प्रश्न गरे। 'के तिमीले यसलाई सजिलो काम सम्झेका छौ ?' रामतीर्थको प्रश्नमाथि प्रश्न सोध्ने शैलीबाट तिल्मिलाएका साधुले तीखो स्वरमा प्रश्न गरे। रामातीर्थ साधुको कुरा सुनेर मुसुक्क मुस्कुराए र भने, 'मेरो कुराले तपाईंको आत्मसम्मानमा ठेस पुगेको भए मलाई माफ गर्नुस् बाबा ! म तपाईंलाई दुःखी बनाउन चाहन्नँ। तर, बाबा, मेरो विचारमा तपाईंले आफ्नो ४० वर्ष त्यत्तिकै गुमाउनुभएछ। किनकि, यो नदी डुंगा चढेर पनि पार गर्न सकिन्छ।

उता जाँदा दुई आना र उताबाट यता फर्किंदा दुई आना तिरेर एकैछिनमा यो नदी पार गर्न सकिन्छ। चालीस वर्षमा तपाईंले केवल त्यही प्राप्त गर्नुभएछ, जुन कुनै मानिसले जम्मा चार आना खर्च गरेर पाउन सक्छ। त्यसैले बाबा, तपाईंले ज्ञानको सागरमा गोता लगाउनुभयो तर मोतीको ठाउँमा सिपी टिपेर ल्याउनुभयो।' रामातीर्थको कुराले साधु बाबा अवाक् बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राम्रा कामको प्रशंसा गरौं

कुनै पनि राजनीतिक दल, त्यसको नेतृत्व एवं व्यक्ति-विशेषको गुण र दोषबारे आफ्नो विवेक प्रयोग गरी स्वतन्त्र, निष्पक्ष एवं विनाआग्रह अनि पूर्वाग्रह टीका-टिप्पणी तथा आलोचना र समर्थन गर्न पाउनु स्वतन्त्र नागरिकको संविधानप्रदत्त नैसर्गिक अधिकार हो। लोकतन्त्रको सुन्दर पक्ष पनि यही हो। मुलुकको वर्तमान राजनीतिक घटनाक्रमले यसको सान्दर्भिकता अझै उजागर भएको छ। राजनीतिक समीकरणको परिवर्तनसँगै अहिलेको मन्त्रिमण्डलमा केही आशालाग्दा व्यक्तिहरू समावेश हुनुलाई सकारात्मक मान्नुपर्छ। यतिखेर केही आशालाग्दो परिस्थिति देखिएकाले यसलाई हामीजस्ता विवेकशील र सचेत नागरिकले राजनीतिक आग्रह र पूर्वाग्रह नराखी सकारात्मक रूपमा लिई वर्तमान सरकारले गरेका राम्रा कामको प्रशंसा गर्नुपर्छ।

● **माधवप्रसाद पुडासैनी**, जोरपाटी, काठमाडौं

सरकारलाई धन्यवाद

नेपाल सरकारले ४२ वर्षपछि बाँसबारीमा हडपिएको १० रोपनी सरकारी जग्गा पुनः सरकारकै नाममा फिर्ता ल्याएको समाचार पढ्दा खुसी लाग्यो। बाँसबारी, बालुवाटारस्थित ललितानिवासँगै देशभर अन्यत्र पनि सरकारी जमिन व्यक्तिको नाममा लगिएको होला। त्यसको पनि सत्यतथ्य खोजतलास गरी जमिन फिर्ता ल्याउनुपर्छ। अब बाँसबारीस्थित सरकारी जग्गामा चलिरहेको चाँदबाग स्कुललाई छिटोभन्दा छिटो स्थानान्तरण गराई त्यहाँ सरकारी कार्यालय स्थापित गरिनुपर्छ।

● **वन्दना कायस्थ**
गैरीगाउँ, काठमाडौं

अनुसन्धान सशक्त बनाऔं

सरकारले पूर्वसभामुख कृष्णबहादुर महरालाई सुन तस्करी प्रकरणमा संलग्नताको आरोपमा पक्राउ गरेको थियो। तर, केही दिनको बयानसँगै उसले महरालाई हाजिरी जमानीमा रिहा पनि गरिसकेको छ। यस विषयमा उनको संलग्नता छ या छैन भन्ने तथ्यबारे अदालतले निर्क्योल गर्ने नै छ। तर, यस तस्करी प्रकरणमा गरिने अनुसन्धानलाई भने फितलो हुन दिनुहुन्न। यस्तो अनुसन्धानलाई सशक्त बनाउनुको विकल्प छैन।

● **वरदान केसी**
सातदोबाटो, ललितपुर

पाण्डेको मन छुने लेख

१० चैतको झन् नयाँमा प्रकाशित पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको 'इतिहास र भूगोलको सुरक्षामा राजनीति र कूटनीति' शीर्षकको लेखले सारै मन छोयो र गर्वसाथ केही लेख्न मन लाग्यो। वर्तमान पुस्ताले आफ्ना पूर्वजबाट नेपालको इतिहास र भूगोल नासोको रूपमा पाएको हुनाले त्यसलाई सके बलियो नसके जस्ताको त्यस्तै अर्को पुस्तालाई हस्तान्तरण गर्नुपर्ने लेखकको सुझाव वर्तमान राजनीतिक नेतृत्वले गायत्री मन्त्र मानेर जप्नु जरुरी देखिन्छ। विश्वका ठूला देशले साना देशको भौगोलिक अखण्डता र आन्तरिक राजनीतिमाथि हस्तक्षेप गर्ने हुनाले जहिले पनि विदेशीको पक्ष वा विपक्षमा आन्तरिक शक्तिहरू एकमत हुनुपर्ने लेखकको सुझाव दलका नेतृत्वले आत्मसात् गर्नु आवश्यक छ।


देशको भौगोलिक अखण्डता र राष्ट्रिय राजनीतिको स्वामित्वलाई सुरक्षित राख्न आफैंले लक्ष्मणरेखा कोर्नुपर्छ। यसलाई उल्लंघन गर्नुहुँदैन, त्यस्तो प्रयास भयो भने खबरदारी गर्ने साहस राजनीतिक नेतृत्वले देखाउनुपर्छ।

लेखकले तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको दृष्टान्त दिएर कोरोना महामारीको वेला समयमा औषधि नपाएर करिब ११ हजार ९५२ जना नेपाली नागरिकको ज्यान गएको, मित्र राष्ट्रहरूबाट सदासयतापूर्वक प्राप्त खोप औषधिमा राज्यका हर्ताकर्ताले भ्रष्टाचार र कालोबजारी गरेको तथा उपलब्ध खोप र औषधिको सही समयमा व्यवस्थापन गर्न नसक्दा करिब ४० लाख डोज खोप नष्ट गरेकोजस्ता महत्त्वपूर्ण कुरा उजागर गरेका छन्। यस्ता तथ्यपरक लेखका लागि लेखकलाई धन्यवाद। साथै, यसबाट अहिलेको राजनीतिक पुस्ताले थोरै मात्र सिक्न सक्यो भने पनि त्यो देशका लागि वरदान साबित हुन सक्छ।

● **माधवप्रसाद भुसाल**, चन्द्रागिरि-१५, काठमाडौं

पश्चिमले रुस र पुटिनलाई बेवास्ता गर्न सक्दैन

रुस अझै विश्वको महत्त्वपूर्ण खेलाडी रहिरहने हुनाले पनि उसलाई बेवास्ता गर्नु हुँदैन



देश/विदेश

● पिटर टेस्च

आमअनुमानअनुरूप नै भ्लादिमिर पुटिन पुनः रुसका राष्ट्रपति बनेका छन्। राष्ट्रपतिका रूपमा यो उनको पाँचौं कार्यकाल हो। गत साताको निर्वाचनको जितसँगै उनी थप ६ वर्षका लागि रुसको सर्वोच्च पदमा विराजमान रहनेछन्। सन् २०२० मा रुसको संविधान पुटिनअनुकूल पुनः लेखन गराएपछि रुसमा राष्ट्रपतिको कार्यकाल बढाएर ६ वर्ष बनाइएको छ। उमेरका हिसाबले सन् २०३० मा पुटिन ७७ वर्षका हुनेछन्। पुटिनले रुसमा राष्ट्रपति वा प्रधानमन्त्रीका रूपमा २४ वर्ष शासन गरिसकेका छन्। रुसी चुनाव पश्चिमको जस्तो छैन। पश्चिममा हुने चुनावका परिणाम मतदाताका हातमा हुन्छन् र स्वतन्त्र निर्वाचन आयोगले सञ्चालन गर्छन्। रुसी चुनावबारे लेख्दै मस्कोका लागि पूर्वबेलायती राजदूत लौरी ब्रिस्टो भन्छन्- रुसमा चुनावको उद्देश्य जनताको इच्छा पत्ता लगाउनु होइन, बरु शासकको निर्णयलाई प्रमाणित गर्नु हो।

पुटिनको दिक्कलाग्दो पश्चिमा दृष्टिकोण : पुटिनले अब नयाँ सरकार नियुक्त गर्नेछन्। भावी उत्तराधिकारी र भावी नीतिका लागि उनको यस छनोटलाई मिहिन रूपमा निगरानी गरिनेछ। पुटिनले हठात् निर्णय लिने भए पनि उनले चाँडै सत्ता छोड्नेमा विश्वास गर्नु हुँदैन। किनभने आधुनिक रुस र सोभियत संघका चार नेताले मात्र जीवित रहँदै देशको सर्वोच्च पद छाडेका छन्। बाँकीको मृत्यु प्राकृतिक वा अन्य कारण पदमा रहँदै भएको छ। यसबाहेक विगत दुई वर्षमा पुटिनका कार्य रुसलाई अधिनायकवादबाट अर्ध-अधिनायकवादमा लैजाने दिशामा निर्देशित छन्।

पुटिनले युक्रेनमा सुरु गरेको युद्धलाई पश्चिमसँगको व्यापक, दीर्घकालीन संघर्षका रूपमा प्रस्तुत गरेका छन्। उनी पश्चिमा देश (जो उनका अनुसार रुसविरोधी छन्) अनिर्णीत, पतनको मार्गमा रहेको ठान्छन्। अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको साझेदार मुलुकप्रतिको 'आक्रामक' मनोवृत्ति र युक्रेनलाई थप सैन्य सहायताबारे पश्चिमाको उदासीनताले पुटिनलाई थप हौसला प्रदान गर्नेछ।

फलस्वरूप पुटिन र 'पुटिनवाद'को विचारधाराले पश्चिमा सरकार र नीति-निर्मातालाई (जो आफ्ना मतदाता, पार्टी, संसदीय प्रतिपक्ष, मुखर र जिज्ञासु मिडिया र स्वतन्त्र न्यायपालिकाप्रति जवाफदेही हुनुपर्छ) गम्भीर चुनौती खडा गरेको छ। निर्वासित रुसी पत्रकार मिखाइल जिगरले तर्क गरेझैं पुटिनको कूटनीतिको अंश अत्यधिक रुढिवादी पश्चिमी राजनीतिक तत्त्वहरूसँग विश्वव्यापी 'जागरण'को सामना गर्न, युक्रेनको समर्थनलाई निष्क्रिय पार्न र यसको छिमेकमा रुसी क्षेत्रीय महत्त्वाकांक्षाको सुस्त प्रतिरोधका लागि निर्देशित छ।

लोकतान्त्रिक सरकारले दिनुपर्ने जवाफ : पुटिनलाई राम्ररी थाहा छ कि लोकतन्त्रको अन्तर्निहित मतभिन्नता र मतदातालाई आकर्षित गर्नुपर्ने आवश्यकताले लोकतान्त्रिक सरकारहरू दीर्घकालीन योजना कार्यान्वयन गर्न असहज महसुस गर्छन्। यसबाहेक, पश्चिमी राजनीतिक संस्कृति समस्या 'समाधान' गर्न अपर्याप्त देखिन्छ। फेरि कहिलेकाहीं रुस वा मध्यपूर्वले उब्जाएको समस्या केवल व्यवस्थित गर्न सकिन्छ, तर समाधान हुँदैन। ती समस्या समान विचारधाराका सहयोगी र साझेदारको संयुक्त प्रयासबाट व्यवस्थित गर्न सकिन्छ। त्यसका लागि छोटो अवधिको राजनीति र हाम्रो 'तत्काल प्रतिक्रिया दिनुपर्ने' सामाजिक मिडिया संस्कृतिको झट्कासाथ माथि उठ्न दृढता र लचिलोपन आवश्यक पर्छ।

यसले दोस्रो विश्वयुद्धपछि युरोपबाहिर देखिएको खतराबारे सार्वजनिक बुझाइ बनाउन र त्यसलाई दिगो बनाउन निरन्तर लगानीको माग गर्छ। यो पश्चिममा मात्र



होइन, जहाँसुकै पनि गाह्रो हुन्छ। भलै पश्चिमले दोस्रो विश्वयुद्धपछिका अधिकांश समय तुलनात्मक रूपमा सहज पायो। विगत ५० वर्षको कुनै पनि बिन्दुमा भन्दा अहिले हामीलाई दक्ष र सिद्धान्तपूर्ण नेतृत्व चाहिएको छ। विशेषगरी लोकतान्त्रिक समाजमा हामीले के मूल्य र चाहना राख्छौं र त्यो प्राप्ति र संरक्षणका लागि हामी कस्तो मूल्य चुकाउन इच्छुक छौं भन्नेबारे निरन्तर गम्भीर र अत्याधुनिक सार्वजनिक वार्तालाप आवश्यक छ। हामीले पश्चिममा रहेका रुसी विशेषज्ञताको समूहलाई घटाउँदै भन्डै विलुप्त हुने स्थिति सिर्जना गर्‍यौं। हाम्रा विश्वविद्यालयमा रुसी भाषा र सम्बन्धित अध्ययनमा उद्देश्यपूर्ण रूपमा पुनः लगानी गर्न धेरै ढिलो भइसक्यो। हामीले 'रुसी साक्षरता' र उक्त देशसम्बन्धी ज्ञानलाई बढावा दिन आवश्यक छ। किनकि रुस अझै विश्वको महत्त्वपूर्ण खेलाडी रहिरहनेछ। यो हाम्रा लागि अर्थ राख्ने देशका रूपमा महत्त्वपूर्ण छ। हामीले इमानदारीपूर्वक र आलोचनात्मक रूपमा गलत धारणा र उदासीनताको मूल्यांकन गर्नुपर्छ, जसले कहिलेकाहीं सोभियत रुसपछि प्रभावकारी पश्चिमी नीतिलाई कमजोर पारेको छ। यद्यपि, हामीले पुटिन र उनका समर्थकले रुसी राज्यलाई ध्वस्त पार्ने उद्देश्यले मस्कोलाई पश्चिमाले निसाना बनाएको भन्ने प्रचारमा झुक्नु हुँदैन। बरु, अस्ट्रेलियाका प्राध्यापक मार्क एडेलले आफ्नो हालैको पुस्तक 'रसियाज वार एगेन्स्ट युक्रेन'मा यसरी लेखेका छन्- 'क्रेमलिनले रुसलाई नवऔपनिवेशिकवादको प्रतिरोध गर्ने र 'बहुध्रुवीयता'लाई रक्षा गर्न 'ग्लोबल साउथ'को सहयोगीका रूपमा प्रचार गरिरहेको छ।' पुटिनले युक्रेनलाई लन्डन र वासिंगको दासका रूपमा चिनाइरहेका छन् र यसमा उनी सफल पनि भइरहेका छन्। किनकि यो तर्कले केही समर्थन फेला पारिरहेको छ। यसैले गर्दा विकासोन्मुख देशमा रुसमाथिको पश्चिमी प्रतिबन्धप्रति आक्रोश देखिन्छ।

पश्चिमसँगको वास्तविक अस्तित्ववादी युद्धमा इतिहास, नैतिकता र देवत्व पनि आफ्नो पक्षमा छ भन्नेमा विश्वस्त भएको उदास र आक्रोशित रुससँग हामीले सामना गर्नुपरेको छ। र, रुसबारे पश्चिमी ज्ञान कमजोर छ। यसबाहेक मेरा मस्कोस्थित पूर्वसहकर्मी बिस्टो लेख्छन्- रुसीहरूको उदाउँदो पुस्ताले अझै प्रजातान्त्रिक र पश्चिमा समर्थक दृष्टिकोणलाई अँगाल्नेछ भन्ने अनुमान गर्नु मूर्खतापूर्ण हुनेछ। यद्यपि, हामीले त्यस्ता दृष्टिकोण राख्ने रुसीहरूबाट टाढा हुनु हुँदैन।

(टेस्च अस्ट्रेलियन नेसनल युनिभर्सिटीको एएनयू सेन्टर फर युरोपियन स्टडिजका भिजिटिङ फेलो हुन्।)

कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थतन्त्र कमजोर हुँदा पनि लोकप्रिय छन् मोदी

दोहोरो अंकको आर्थिक वृद्धि गर्ने भनेर सत्तामा आएको भाजपाले वाचा पूरा गर्न सकेको छैन। करोडौँ युवा रोजगारीका लागि भौँतारिइरहेका छन्।





● इयान हल
(हल ग्रिफिथ विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हुन्)

विश्वको सबैभन्दा ठूलो निर्वाचन यही अप्रिल १९ देखि जुन १ सम्म भारतले गराउँदै छ। यस चुनावको अन्तिम नतिजा अहिले नै भन्न सकिने अवस्था छैन। तर, अधिकांश विश्लेषकले नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा)ले अर्को पाँच वर्ष सरकार चलाउने आकलन गरेका छन्। विभिन्न मत सर्वेक्षणले एक दशकभन्दा लामो समयदेखि शासनमा रहे पनि नरेन्द्र मोदीलाई धेरै भारतीयमाझ लोकप्रिय रहेको देखाउँछ। विभिन्न प्रयासका बाबजुद प्रमुख विपक्षी दलले बलियो जनाधार निर्माण गर्न सकेको छैन।

■ सुस्त आर्थिक वृद्धि, न्यून रोजगारी

विशेषतः अर्थतन्त्र व्यवस्थित गर्ने विषयमा मोदी सरकारको काम त्यति सन्तोषजनक छैन। उसो त प्रधानमन्त्री मोदी मतदातामाझ बोल्ने क्रममा भारतले थुप्रै प्रतिस्पर्धी मुलुकको तुलनामा तीव्र आर्थिक वृद्धि हासिल गरेको दाबी गर्छन्। तर, दोहोरो अंकको आर्थिक वृद्धि गर्ने भनेर सत्तामा आएको भाजपाले सो वाचा पूरा गर्न सकेको छैन। सबैभन्दा खराब अवस्था रोजगारी सिर्जना गर्ने कुरामा देखिएको छ। करोडौ युवा रोजगारीका लागि भौँतारिरहेका छन्। तर, सरकारले आवश्यक रोजगारी सिर्जना गर्न सकेको छैन। भाजपाको आर्थिक नीतिका आलोचक अर्थतन्त्रलाई मोदी सरकारका निम्न निर्णयले असर गरेको औँल्याउँछन् :

- भ्रष्टाचारविरुद्ध लड्ने भन्दै मोदी सरकारले सन् २०१६ मा ८५ प्रतिशत कागजी मुद्रालाई अकस्मात खारेज गर्दा अर्धतन्त्रमा धक्का लाग्यो,
- कृषि क्षेत्रमा सुधारका लागि भनेर ल्याइएको त्रुटिपूर्ण सुधार नीति
- भारतका ठूला औद्योगिक घरानालाई घरेलु एवं विदेशी प्रतिस्पर्धाबाट जोगाउने काम,

आलोचकका अनुसार यी गलत निर्णयले मानिसलाई जोखिमपूर्ण रोजगारीको अवस्थामा धकेलेको छ र उत्पादनमा लगानी घटाएको छ।

■ बलियो हिन्दू राष्ट्रवादी आधार

सुस्त आर्थिक वृद्धि एवं न्यून रोजगारीका बाबजुद भारतीय मतदातामाझ मोदी सरकारको समर्थन उच्च छ। आखिर किन ? यसमा कैयौँ सन्देश प्रवाह गरेर जनतालाई प्रभावित गर्ने भाजपाको क्षमता आंशिक रूपमा जिम्मेवार छ। भारतमा पार्टी र जनताबीच गठबन्धन निर्माण गरेर कायम राख्न सक्नेले मात्र शासन गर्न सक्छ। मोदी नेतृत्वको भाजपाले दुवै काम राम्ररी गरिरहेको छ। यसलाई संसद्मा थुप्रै ससाना पार्टीले समर्थन गरेका छन्।

यसमार्फत उसले विभिन्न समूहका मतदातालाई जोड्न सकेको छ। यो गठजोडको केन्द्रमा हिन्दू राष्ट्रवादी हिन्दुत्वको वैचारिकी छ। यो वैचारिकीअनुसार भारतको समाज र सरकारमा हिन्दू बहुसंख्यक इच्छा झल्किनुपर्छ। दशकौँदेखि भाजपाले धार्मिक अल्पसंख्यकलाई दिइँदै आएको राजनीतिक संरक्षण अन्त्य गर्नुपर्छ भन्दै अभियान चलाउँदै आएको छ। भाजपा सत्तामा आएपछि धार्मिक अल्पसंख्यकका कैयौँ पूजास्थल हटाइएका छन्।

> सुस्त आर्थिक वृद्धि एवं न्यून रोजगारीका बाबजुद भारतीय मतदातामाझ मोदी सरकारको आम समर्थन उच्च छ। आखिर किन ? कैयौँ सन्देश प्रवाह गरेर जनतालाई प्रभावित गर्ने भाजपाको क्षमता आंशिक रूपमा जिम्मेवार छ।

मुस्लिम धर्मावलम्बीका धार्मिक पारपाचुके प्रथा र अन्य कानुन खारेज गरिसकेका छन्। त्यसैगरी एक मात्रै मुसलमानबहुल राज्य जम्मु-कस्मिरको स्वायत्त अवस्था खारेज गरिएको छ। यो वर्षको सुरुमा प्रधानमन्त्री मोदीले अयोध्यामा राम मन्दिरको उद्घाटन गरे। त्यो मन्दिर सन् १९९२ मा हिन्दू अभियन्ता(कारसेवक)ले मस्जिद भत्काएको ठाउँमा बनाइएको छ। मन्दिर उद्घाटन गरेलगत्तै सरकारले विवादास्पद नयाँ कानुन कार्यान्वयन गर्ने घोषणा गरेको छ। यो कानुनले मुसलमानबहुल देशबाट भारत आएका हिन्दू, शिख र अन्य शरणार्थी जीवन बिताइरहेका मानिसलाई शीघ्रताका साथ भारतीत नागरिकता दिने प्रावधान गरिएको छ। यो कानुनले अवैधानिक आप्रवासी ठानिएका मुसलमानलाई बेदखली गर्न सक्नेछ। यसपछि धेरैले 'समान नागरिक संहिता' लागू हुने आकलन गरेका छन्, जसले विवाह, सम्भरण र संरक्षण विविध धर्मका बाबजुद सबै नागरिकका लागि एउटै हुनेछ। भाजपाले यसरी एकपछि अर्को बहुसंख्यकलाई तुष्टीकरण गर्ने मुद्दा बहस गराएर अर्थतन्त्रको बहस कमजोर बनाउने गरेको छ।

■ महिला र सहरी मध्यमवर्गीय मतदातालाई प्राथमिकता

भाजपाको एजेन्डामा हिन्दू राष्ट्रवादले केन्द्रीय स्थान लिएको छ। तथापि यो मुद्दा मात्र बोकेर सरकार बनाउन आवश्यक सांसद जित्न सकिँदैन। अर्थात्, भाजपालाई हिन्दू राष्ट्रवाद मात्र पर्याप्त छैन भन्ने थाहा छ। यसैकारण पार्टीले बढ्दो सहरी क्षेत्रका मध्यम वर्गका मानिसलाई आकर्षित गर्न खोजेको छ। यो वर्ग सांस्कृतिक विषयमाथि चासो राख्दैन। ऊ मुख्यतः भारतमा असल शासन लागू भएको र विश्वमा देशको छवि उँचो भएको देख्न चाहन्छ। पछिल्ला दुई चुनावमा भ्रष्टाचार निर्मूल पार्ने, व्यापारिक वातावरण सुधार्ने, पूर्वाधारमा सुधार ल्याउने र राष्ट्रिय छवि पुनर्स्थापित गर्नेजस्ता वाचा गरेर भाजपाले यो वर्गको समर्थन बटुल्न सफल भएको थियो।

यसैगरी भाजपाले वामपन्थी पार्टीले विश्वास जित्न नसकेका ग्रामीण विपन्न र महिलाको समर्थन खोजिरहन्छ। यी समूहलाई आकर्षित गर्न हालैका वर्षमा मोदी सरकारले ग्रामीण आम्दानी प्रत्याभूति योजना दुई गुणाले बढाएको छ। त्यसैगरी विद्यालयमा मध्याह्न खाना बाँड्ने योजनाजस्ता कार्यक्रम लागू गरेको छ। भाजपाले महिलासहित करोडौँ मानिसको बैंक खाता खोल्न सघाएको छ। यसले एकातर्फ सिद्धान्ततः सरकारी अधिकारीले खान सक्ने घुसमा कमी ल्याएको छ। त्यस्तै दोस्रो यसले श्रीमतीलक्षित आर्थिक लाभ गैरजिम्मेवार श्रीमान्को हातमा जानबाट रोक्ने काम गऱ्यो। सरकारले करोडौँ ग्रामीण घरमा शौचालय निर्माण गरेको छ। ग्यासचुलो वितरण गरेको छ। यी योजनाले महिलाले सुरक्षित महसुस गरेको भाजपाको दाबी छ। यसपालि थप महिला मत सुरक्षित गर्न भाजपाले नयाँ लैंगिक कोटा विधेयक पारित गरेको छ, जसले सन् २०२९ को लोकसभाको चुनावदेखि ३३ प्रतिशत सिट आरक्षित गर्नेछ।

■ विभाजित एवं कमजोर प्रतिपक्षी

भारतमा भएका पछिल्ला दुई संसदीय चुनावमा भाजपाले राम्रो नतिजा ल्याए पनि उसले अहिलेसम्म राष्ट्रिय चुनावमा लोकप्रिय मतको ४० प्रतिशत कटाउन सकेको छैन। यस तथ्यालाई मध्यनजर गर्ने हो भने भारतजस्तो बहुमत ल्याउनेले जित्ने निर्वाचन प्रणालीमा विपक्षीहरू एक भएर चुनाव लडे भने भाजपालाई बहुमत हासिल गर्न गाह्रो हुनेछ। तर, भारतमा विपक्षी पार्टीहरू विभाजित छन्। केही विपक्षी दलहरू मिलेर गठबन्धन बनाउन सफल त भए तर त्यो त्यति बलियो देखिँदैन, तिनले अहिलेसम्म विश्वसनीय प्रधानमन्त्रीका लागि वैकल्पिक उम्मेदवार टुंगो लगाउन सकेको छैन।

कंग्रेसका नेता राहुल गान्धीलाई स्वाभाविक विकल्पका रूपमा हेरिए पनि विगतमा भारतीयमाझ उनको छवि एक अक्षम नेताको बनेको छ। क्षेत्रीय रूपमा सफल ममता बनर्जी आफ्नो राज्यको दायराभन्दा बाहिर आउन सकेकी छैनन्। मोदीको व्यक्तिगत लोकप्रियता बाँकी सबै नेताको भन्दा उच्च छ। मध्यम वर्गीय परिवारबाट उदाएका मोदीको विगत र उनको बलियो व्यक्तिगत छविले उनी युवा, त्यसमा पनि विशेषतः ऐतिहासिक रूपमा पिछडिएका जातिका युवामाझ अत्यधिक लोकप्रिय छन्। यस्तो व्यक्तित्व भएका मानिसलाई हराउन गाह्रो छ, तर असम्भव भने छैन।

- द कन्भर्सेसन

तत्काल सुनुवाइका लागि केजरिवालले गरेको अनुरोध अदालतद्वारा अस्वीकार

नयाँदिल्ली / दिल्ली उच्च अदालतले मुख्यमन्त्री अरविन्द केजरिवालले आफ्नो निवेदनमा तत्काल सुनुवाइका लागि गरेको अनुरोधलाई अस्वीकार गरेको छ। केजरिवालले आफ्नो गिरफ्तारी र प्रवर्तन निर्देशनालय (इडी) लाई सात दिनका लागि हिरासतमा राख्ने तल्लो अदालतको आदेशलाई चुनौती दिँदै उच्च अदालतमा निवेदन दिएका थिए। इडीको आदेशलाई गैरकानुनी भन्दै केजरिवालले तत्काल रिहा गर्नसमेत उच्च अदालतमा अनुरोध गरेका थिए। तर, उच्च अदालतले अर्को हप्ता मात्र केजरिवालको याचिकाबारे सुनुवाइ गर्ने जनाएको छ।

आम आदमी प्रमुखसमेत रहेका केजरिवाललाई दिल्ली मदिरा नीति प्रकरणमा केन्द्रीय वित्त मन्त्रालयअन्तर्गत राजस्व विभागको अधीनमा रहेको विशेष वित्तीय जाँच निकाय इडीले बिहीबार पक्राउ गरेको थियो। शनिबार दिल्ली उच्च अदालतमा पुगेर केजरिवालले आफ्नो गिरफ्तारी आदेशलाई अवैध भन्दै चुनौती दिएका थिए। उच्च अदालतका कायममुकायम प्रधानन्यायाधीशबाट आइतबारसम्म तुरुन्त सुनुवाइ गर्न माग गर्दै केजरिवालले आफू हिरासतबाट तत्काल रिहा हुने हक भएको उच्च अदालतसँग गरेको निवेदनमा दाबी गरेका थिए।

दिल्ली उच्च अदालतले बिहीबार केजरिवाललाई गिरफ्तारीबाट सुरक्षा दिन अस्वीकार गरेको थियो। त्यसको केही घन्टापछि इडीले हिरासतमा लिएको थियो। शनिबार बिहान मुख्यमन्त्रीले आम आदमी कार्यकर्तालाई समाजका लागि आफ्नो काम जारी राख्न र भाजपाका कार्यकर्तालगायत कसैलाई पनि घृणा नगर्न आग्रह गरेका थिए। भाजपाले इडीजस्ता एजेन्सीलाई दुरुपयोग गरेर विपक्षीलाई निसाना बनाएको पार्टीले दाबी गर्दै आएको छ। आम आदमी पार्टीका प्रमुख केजरिवाललाई मदिरा नीति प्रकरणको अनुसन्धानलाई लिएर सोधपुछका लागि इडीले पटक-पटक बोलाएको थियो। हालसम्म इडीले केजरिवाललाई नौपटक बोलाइसकेको थियो।

कारागारबाट सरकार चलाउने निर्णयप्रति कानुनविद्हरूको आपत्ति : आम आदमी पार्टी (आप)ले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालले आफ्नो गिरफ्तारीपछि कारागारबाट सरकार चलाउने कुरा स्पष्ट गरेपछि कानुनी विशेषज्ञहरूले आपत्ति व्यक्त गरेका छन्। कानुनले कसैलाई पनि कारागारबाट सरकारको नेतृत्व गर्न निषेध नगरेको भए पनि केजरिवालले कारागारबाट आफ्नो कर्तव्य निर्वाह गर्न विभिन्न कठिनाइको सामना गर्नुपर्ने कानुनका विद्वान्हरूले बताएका हुन्।

कारागारभित्र सबै समान हुने र कारागारको नियम सबैलाई समान रूपमा लागू हुने उनीहरूले बताएका छन्। संवैधानिक विज्ञ पिडिटी आचार्यले मुख्यमन्त्री केजरिवालले कारागारबाट आफ्नो कर्तव्य निर्वाह गर्दा व्यावहारिक कठिनाइ सामना गर्नुपर्ने बताए। केजरिवालले कारागारभित्र कैदीका रूपमा विभिन्न प्रतिबन्धहरूको सामना गर्नुपर्ने उनले बताए। 'केजरिवालको गिरफ्तारीले उनको हैसियतमा परिवर्तन गर्दैन। उनले मुख्यमन्त्रीका रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न सक्छन् वा सक्दैनन् भन्ने कुरा नितान्त कारागार नियमको अधीनमा छ। कारागार नियमले त्यस्तो कुरालाई अनुमति दिएको भए ठीक छ नत्र भने उनले अदालतबाट अनुमति लिनुपर्छ। अदालतले कारागारका अधिकारीलाई विशेष निर्देशन दिनुपर्छ,' आचार्यले भने।

इतिहासमा आज

मार्च २४



सन् १८८२ : रोबर्ट कोचले क्षयरोगका लागि जिम्मेवार ब्याक्टेरिया पत्ता लगाए। आधुनिक ब्याक्टेरियोलोजीका पिता मानिने जर्मन वैज्ञानिकले सन् १९०५ मा फिजियोलोजी र मेडिसिनमा नोबेल पुरस्कार जितेका थिए।

सन् १९७२ : उत्तरी आयरल्यान्डमाथि बेलायतको प्रत्यक्ष शासन सुरु।

सन् १९६५ : लाखौँ मानिसले नासाको अन्तरिक्षयान रेंजर ९ चन्द्रमामा दुर्घटना भएको अवलोकन गरे। दुर्घटनाबारे अमेरिकी अन्तरिक्ष अनुसन्धानले पृथ्वीमा प्रत्यक्ष तस्बिर पठाएको थियो।

सन् १९८५ : स्पेनमा नेटोको उपस्थितिको विरोधमा म्याड्रिडमा हजारौँको प्रदर्शन।


सन् १९८९ : तेल ट्यांकर एक्सन वाल्डेज अलास्कामा दुर्घटना। दुर्घटनामा कम्तीमा दुई लाख ५० हजार समुद्री चरा र अन्य वन्यजन्तु मारिएका थिए।

सन् १९९९ : इतिहासमै पहिलोपटक नेटोद्वारा सार्वभौमसत्ता सम्पन्न देशमाथि आक्रमण। कोसोभो युद्धको समयमा सैन्य गठबन्धनले संयुक्त राष्ट्रको अनुमति देशविना युगोस्लाभियामा बमबारी गरेको थियो।

इस्लामिक स्टेटको निशाना

मस्कोको कन्सर्ट हलमा भएको घातक हमलामा १३३ भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने करिब १२० जना घाइते भएका छन्

मस्कोको क्रोकस सिटी हलमा शुक्रबार सोभियतकालीन रक ब्यान्डको प्रदर्शन हेर्न गएकाहरूमाथि अन्धाधुन्ध गोलीबारी भयो। आक्रमणमा १३३ जनाभन्दा बढीको मृत्यु भएको छ भने अन्य सयजनाभन्दा बढी घाइते भएका छन्। बन्दुकधारीले गोलीबारीपछि विस्फोटक पदार्थ पनि प्रहार गर्दा भएको आगजनीले कन्सर्टस्थलको छत भत्किएर खसेको थियो। आक्रमणपछि घटनास्थलमा गोलीबारीमा प्रत्यक्ष संलग्न चारजनासहित ११ जनालाई हिरासतमा लिइएको रुसस्को समाचार एजेन्सी इन्टरफ्याक्सले जनायो। आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट(आइएस)को अफगान शाखा (जसलाई इस्लामिक स्टेट-खोरासान (आइएस-के)ले लिएको छ। अमेरिकी अधिकारीले पनि आइएसकेपीको दाबीको प्रामाणिकता पुष्टि गरेका छन्। यस समूह र मस्को आक्रमणको तिनको उद्देश्यबारे हालसम्म थाहा भएको तथ्यको यहाँ चर्चा गरिँदै छ :



अतिवादीको घातक हमलापछि क्षतिग्रस्त क्रोकस सिटी हल कन्सर्ट। **तस्बिर रोयटर्स**

साउथ क्यारोलिनास्थित क्लेमसन विश्वविद्यालयकी सहायक प्राध्यापक तथा आइएस-केसम्बन्धी पुस्तककी सहलेखिका अमिरा जादुनका अनुसार आइएसले रुसलाई प्रमुख प्रद्विन्द्वीका रूपमा हेरेको छ

■ आइएसको अफगानिस्तान शाखा

आइएसको अफगान शाखा 'आइएस-के' आइएससँग आबद्ध भएका संगठनमध्ये सबैभन्दा सक्रिय रहँदै आएको छ। आइएस-केले अफगानिस्तान, इरान, पाकिस्तान र तुर्कमेनिस्तानका क्षेत्रहरूलाई समेटेको यस क्षेत्रलाई हेर्छ। यसको नाममा जोडिएको (खोरासान) प्राचीन खलिफाको समयमा रहेको हिस्साको नाम हो। सन् २०१४ को अन्तमा पाकिस्तानमा सक्रिय तालिबानका लडाकु र स्थानीय लडाकु मिलेर बनेको थियो। त्यति वेला समूहका सदस्यहरू आइएसका दिवंगत नेता अबु बकर अल-बगदादीप्रति बफादारीको वाचा गरेर सक्रिय भएका थिए।

स्थापनाकालदेखि यस समूहले क्रूरतापूर्ण गतिविधिका लागि कुख्याति कमाएको छ। सैन्य विश्लेषक तथा टर्किस सेनाका अवकाश प्राप्त कर्णेल मुरात अस्लान पनि आइएसको अफगान शाखा उसको 'कट्टरपन्थी र कठोर विधिहरू'का लागि परिचित भएको मान्छन्। 'जहाँसम्म आक्रमण गर्ने निसानाको छनोटको कुरा छ, मेरो विचारमा यसलाई संगठनको विचारधाराले निर्देशित गर्छ। पहिलो त रुस सिरियामा संलग्न छ र अमेरिकाजस्तै त्यस भेगका आइएस लडाकुविरुद्ध लडिरहेको छ। यसले गर्दा रुसलाई स्वाभाविक रूपमा संगठनले शत्रु ठान्छ,' असलानले अल जजिरालाई भने। सिरियामा आइएसविरुद्धको लडाइँमा मस्कोले दमास्कसलाई सघाइरहेको छ। गृहयुद्धको प्रारम्भिक वर्षमा आइएस लडाकुहरूले हासिल गरेका लाभलाई पछाडि धकेल्न बसर अल-असदलाई मस्कोको सहयोग महत्त्वपूर्ण भएको थियो।

'उनीहरूले अहिले मस्कोलाई निसाना बनाए। यसअघि तिनले इरानमा आक्रमण गरेका थिए। आगामी दिनमा यस्ता अरू पनि आक्रमण देख्नेछौँ। हुन सक्छ अन्य देशका राजधानी पनि तिनको निसानामा छन्,' असलानले भने। यद्यपि अफगानिस्तानमा यसको सदस्यता सन् २०१८ मा सबैभन्दा उच्च पुगेर घटेको बताइन्छ। यसका बाबजुद आइएस-केका लडाकुहरू अफगानिस्तानमा तालिबान सरकारको सबैभन्दा ठूलो चुनौती बनेका छन्।

■ आइएस-केले यसअघि गरेका आक्रमण

सन् २०२१ मा अन्तिम अमेरिकी सैनिक टुकडीहरू अफगानिस्तानबाट बाहिरिँदा काबुल विमानस्थलबाहिर जम्मा भएका अफगान नागरिकको भिडमा भएको आक्रमणका लागि पनि आइएस-केले जिम्मेवारी लिएको थियो। आक्रमणमा कम्तीमा १७५ आमअफगान नागरिक र १३ अमेरिकी सैनिक मारिएका थिए भने दर्जनौँ घाइते भएका थिए। सन् २०२० मेमा काबुलको एक प्रसूति वार्डमा भएको रक्तपातपूर्ण आक्रमण पनि यही समूहले गरेको आरोप लगाइएको थियो। त्यसमा महिला र शिशुसहित २४ जनाको ज्यान गएको थियो। सोही वर्ष नोभेम्बरमा संगठनले काबुल विश्वविद्यालयमा हमला गऱ्यो, जसमा कम्तीमा २२ शिक्षक र विद्यार्थी मारिए।

सन् २०२२ सेप्टेम्बरमा यस समूहले काबुलमा रहेको रुसी दूतावासमा भएको घातक आत्मघाती बम आक्रमणको जिम्मेवारी लिएको थियो। गत वर्ष अगस्टमा इरानको दक्षिणी सिराजको एउटा प्रमुख सिया मन्दिर 'शाह चेराघ'मा भएका दुई अलग-अलग आक्रमणका लागि यही समूहलाई दोष दिइएको थियो। त्यस समय कम्तिमा १४ जनाको ज्यान गयो भने ४० भन्दा बढी घाइते भए। यही वर्ष जनवरीमा पुनः इरानको दक्षिणपूर्वी सहर केरमानमा झन्डै सयजनाको ज्यान लिने आक्रमणमा आइएस-केले जिम्मेवारी लियो।

■ आइएसले रुसमा आक्रमण गर्नुको कारण के हो ?

रक्षा र सुरक्षा विश्लेषकका अनुसार आइएसले पछिल्लो समय रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलक्षित प्रोपोगान्डा सामग्री प्रसार गर्न थालेको पाइएको बताएका छन्। रुस मुस्लिमहरूको दमनमा संलग्न भएको उक्त सामग्रीमा उल्लेख हुने गरेको तिनले बताए।

साउथ क्यारोलिनास्थित क्लेमसन विश्वविद्यालयकी सहायक प्राध्यापक तथा आइएस-केसम्बन्धी पुस्तककी सहलेखिका अमिरा जादुनका अनुसार आइएसले रुसलाई प्रमुख प्रद्विन्द्वीका रूपमा हेरेको छ। 'आइएस र यसका शाखाविरुद्ध विश्वभर जारी संघर्षमा रुसको संलग्नता र विशेषतः सिरियामा आइएसविरुद्ध जारी सैन्य कारबाहीमा रुसको महत्त्वपूर्ण भूमिकाले रुस आइएस र उसका शाखाका प्रमुख शत्रु बनेको हो,' जादुनले अल जजिरालाई भनिन्। मस्को आक्रमणपछि समूहले 'आफू रुसमा समेत आक्रमण गर्न सक्ने विश्वव्यापी प्रभाव भएको संगठन' भएको देखाउन सक्छ र समर्थन विस्तार गर्न सक्छ। 'आइएस-केले एक शक्तिशाली क्षेत्रीय एकाइमा विकसित हुने आफ्नो महत्त्वाकांक्षा निरन्तर प्रदर्शन गरेको छ, इरान र रुसजस्ता राष्ट्रहरूतर्फ आफ्नो आक्रामकता निर्देशित गरेर यसले क्षेत्रीय शक्तिको मात्र सामना गर्दैन, विश्वव्यापी मञ्चमा आफ्नो राजनीतिक सान्दर्भिकता र परिचालन पहुँचलाई पनि जोड दिन्छ,' जदुनले भनिन्। नयाँदिल्लीस्थित थिंक ट्यांक 'अब्जरभर रिसर्च फाउन्डेसन'अन्तर्गतको रणनीतिक अध्ययन कार्यक्रमका फेलो कबिर तनेजाका अनुसार आइएस-केले सुरुदेखि नै रुसलाई निसाना बनाएको थियो। संगठनले सन् २०२२ मा काबुलस्थित रुसी दूतावासमा आक्रमण गरेको थियो। त्यसपछि नै रुसी सुरक्षा एजेन्सीहरूले रुस र उसवरपरका क्षेत्र, त्यसमा विशेषतः मध्यएसिया क्षेत्रमा आइएस समर्थन रोक्ने प्रयास बढाएको थियो। मार्चको सुरुमा रुसको संघीय सुरक्षा सेवा(एफएसबी)ले मस्कोको सिनागोगमा आक्रमण गर्ने आइएस-केको योजनालाई विफल पारेको बताएको थियो।

त्यसमा अर्को कारक तत्त्व पनि छ, विश्वको ध्यानबाट ओझेलमा रहेर यस सशस्त्र समूहले सिरिया र इरानमा असफलतापछि आफूलाई शक्तिशाली शक्तिमा पुनर्गठित गरिरहेको छ। 'अफगानिस्तानमा आइएस-के सशक्त बलको रूपमा उदाएको छ, अफगानिस्तानमा मात्र होइन, आइएसको मूल थलो सिरिया र इराकमा पनि यसको आक्रमण क्षमतामा वृद्धि देखिन थालेको छ,' तनेजाले भने। उनका अनुसार 'राजनीतिक, रणनीतिक रूपमा नभए पनि यो अझै वैचारिक रूपमा शक्तिशाली छ।' र, विचलित विश्वका लागि यसले ठूलो चुनौती खडा गर्न सक्छ। 'ठूला शक्ति राष्ट्रहरू एक-आपसमा प्रतिस्पर्धामा व्यस्त भएर आतंकवादीको मुद्दा ओझेलमा पर्दा यसविरुद्ध कसरी लड्ने अहिलेको मुख्य प्रश्न यही हो,' तनेजाले थपे।

■ रुसमा मुस्लिम अतिवादीको आक्रमणको इतिहास

मस्को र अन्य रुसी सहरहरू यसअघि पनि अतिवादी आक्रमणको निसाना बनेको इतिहास छ। सन् २००२ मा चेचेन लडाकुले मुस्लिमबहुल चेचन्या क्षेत्रबाट रुसी सेना फिर्ता गर्न र यस क्षेत्रमा रुसी अतिक्रमणको अत्यको माग गर्दै मस्कोको एक थिएटर 'डुब्रोभका'लाई कब्जामा लिए। नौ सयभन्दा बढी मानिसलाई बन्धक बनाएका थिए। बन्दक प्रकरण लामो जाने देखिएपछि रुसी विशेष बलहरूले गतिरोध अन्त्य गर्न थिएटरमा आक्रमण गरे। त्यस क्रममा १३० जना मारिए। मारिनेमध्ये धेरै चेचन लडाकुलाई बेहोस पार्न सुरक्षा बलहरूले प्रयोग गरेको ग्यासबाट निसास्सिएर मरेका थिए। चेचेन संकटको क्रममा भएको सबैभन्दा घातक हमला सन् २००४ मा भएको थियो। त्यस घटनामा चेचेन्याको स्वतन्त्रताको माग गर्दै चेचेन लडाकुले बेस्लान स्कुललाई कब्जामा लिएका थिए, जसमा १८६ बालबालिकासहित ३३४ जना मारिए।

- अलजजिराका लागि केविन डोयलको रिपोर्ट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ११ चैत ०८०

लुम्बिनी क्षेत्रमा गुम्बाको नाममा गुरुयोजनाविपरीत तारे होटेलजस्ता संरचना

लिजमा लिएका जग्गामा विभिन्न राष्ट्रले गुरुयोजनाविपरीत संरचना बनाउँदा पनि लुम्बिनी विकास कोष मूकदर्शक



मलेसियाले लुम्बिनीपरिसरभित्र होटेलकै रूपमा निर्माण गरिरहेको भवन।

लुम्बिनी विकास कोषका उपाध्यक्ष **ल्यारक्याल लामा** भन्छन्- लामो समयदेखि विवादित बनेको गुम्बामा पर्यटक राख्ने विषयमा ठोस निर्णय लिएर अगाडि बढ्छौं। लुम्बिनीका होटेल व्यवसायीबाट धेरै गुनासो आएका कारण सबै सरोकारवाला निकाय राखेर छलफलका माध्यमबाट नयाँ निकास निकालेर अगाडि बढ्छौं।

गुरुयोजना कार्यान्वयन गर्न मन्त्रीको निर्देशन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले लुम्बिनी गुरुयोजना कार्यान्वयन नभएकोमा सर्वत्र आलोचना भइरहेको भन्दै कार्यान्वयन गर्न निर्देशन दिए। लुम्बिनी सम्मेलनका सन्दर्भमा आएका उनले शनिबार कोषका पछिल्ला गतिविधि र अवस्थाबारे जानकारी लिँदै निर्देशन दिएका हुन्। गुरुयोजनाविपरीत संरचना बनेको, युनेस्कोको असहमति रहेको जस्ता विषय आइरहेकाले यसबारे आफ्नो ध्यानाकर्षण भएको उनले बताए।

भैरहवामा **दिपेश पछाई**/काठमाडौंमा **नवीन अर्याल**

गुरुयोजनाविपरीत लुम्बिनीपरिसरमा गुम्बा (मन्दिर)हरू लक्जरी होटेलकै संरचनामा निर्माण गरिन थालेका छन्। लिजमा दिएको बिहार क्षेत्रको प्लटमा उद्देश्य र मापदण्डविपरीतका संरचनाहरू निर्माण भइरहँदा लुम्बिनी विकास कोष भने मूकदर्शक बनेको छ।

पछिल्लो समय मलेसियाले लुम्बिनीपरिसरभित्र होटेलकै रूपमा भवन निर्माण गरिरहेको छ। गुम्बा बनाउनुपर्ने स्थानमा एट्याच बाथरुमसहित एक सय ५० कोठाको ६ तले भवन निर्माण भइरहेको छ। बिहार क्षेत्रका गुम्बाहरूले सम्झौताविपरीत संरचना निर्माण गरेर दैनिक सयौं पर्यटक राख्दै आएका छन्। गुम्बा-बिहारले नै होटेल सञ्चालन गर्न लागेपछि होटेल व्यवसायीहरूले पनि विरोध जनाउँदै आएका छन्।

लुम्बिनी क्षेत्रभित्र निर्माण भएका र निर्माणाधीन बिहारहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने मापदण्ड पनि छ। तर, कोषका पदाधिकारीको मिलेमतोका कारण धेरै देशले मनपरी गरिरहेको स्थानीयको आरोप छ। कोषका प्रशासन प्रमुख ज्ञानिन राईले भने यस विषयमा आफूलाई जानकारी नभएको बताए। 'यस विषयमा मलाई थाहा छैन, योजना शाखामा सोध्नुहोस्,' उनले भने।

विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई धार्मिक, आध्यात्मिक एवं शान्तिको केन्द्रका रूपमा विकास गर्ने अभिप्रायले लुम्बिनी गुरुयोजना क्षेत्रभित्र विभिन्न राष्ट्र र बौद्ध समुदायलाई बिहार-गुम्बा निर्माण गर्न ९९ वर्षका लागि प्लट उपलब्ध गराइएको छ। त्यहाँ बौद्ध बिहार, गुम्बा, ध्यान केन्द्रहरू निर्माण गरी बौद्ध आध्यात्मिकता र बौद्ध भावनाको विकास गर्नुपर्छ।

कोषको बिहार क्षेत्रमा ४२ प्लट छन्, जसमध्ये एउटा प्लट लिजमा लिएर मलेसियाले होटेलको संरचना निर्माण गरिरहेको छ। 'मलेसियाले निर्माण गरिरहेको संरचना हेर्दा कुनै पनि एंगलबाट गुम्बाको छनक पाइँदैन,' लुम्बिनी होटेल संघका महासचिव पुरुषोत्तम अर्याललले भने, 'अन्डरग्राउन्डसहितको भव्य भवन स्टार होटेलभन्दा कम छैन।' लुम्बिनी विकास गुरुयोजनाअनुसार गुम्बा, चैत्य, बिहार र ध्यान केन्द्रहरूलाई 'लुम्बिनी विकास कोषको बिहार क्षेत्र विनियमावली, २०५८' अनुसार

■ कुन गुम्बा-बिहारमा कति क्षमता ?

लुम्बिनीमा बनेका गौतमी भिक्षुणी बिहारले दैनिक एक सय ५० पाहुना राख्न मिल्ने गरी भवन बनाएको छ। यस्तै, गोल्डेन टेम्पल म्यानमारले दुई सय ५०, कम्बोडियाको बिहारले दुई सय, महाबोधि सोसाइटीले एक सय २०, थाई बिहारले तीन सय, कोरियन बिहारले पनि तीन सय, बज्रयान बिहारले दुई सयजना पाहुना एकैपटक राख्न सक्छन्। चाइना बिहारमा दुई सय ५०, क्यानेडियन बिहारमा एक सय २०, सिंगापुरको बिहारमा सयजना पर्यटक राख्ने क्षमता छ। निर्माणाधीन अवस्थामा रहेका कर्मा साम्तेङ बिहार र क्वालाम्पुर बिहारले धेरै कोठा निर्माण गरिरहेका छन्। जापनिज स्तूपा, तारा फाउन्डेसन (जर्मन), फ्रान्सको बिहार, मनाङ समाज स्तूपालगायतका गुम्बाले पर्यटक राख्दैनन्। बिहार क्षेत्रमा रहेका गुम्बाहरूले दिनमा दुई हजारभन्दा बढी पर्यटक राख्न सक्ने बताइन्छ। विनियमावलीमा सम्बन्धित देशले आफैंले डिजाइन गरेको मन्दिर (गुम्बा-बिहार) निर्माण र भिक्षुहरूको सहयोगी बस्नका लागि आवश्यक भवन बनाउन सक्ने व्यवस्था छ। तर, गुम्बा सञ्चालकले विनियमाली र कोषसँगको सम्झौतालाई बेवास्ता गर्दै होटेल नै सञ्चालन गरिरहेका छन्।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit तत्काल रेमिट

थप मापदण्ड बनाएर व्यवस्थापन गर्नुपर्नेमा कोषका कर्मचारी र पदाधिकारी मूकदर्शक बनेका छन्।

०७७ साउनमा लुम्बिनी विकास कोषका कार्यकारी सदस्य राजेश ज्ञवालीको संयोजकत्वमा गठित समितिले स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार पारेको थियो। बृहत् लुम्बिनी गुरुयोजना क्षेत्रअन्तर्गत निर्माण गरिएका र निर्माणाधीन बाँकी प्लटहरू (बिहारहरू)को वस्तुस्थितिको अध्ययनसम्बन्धी सो प्रतिवेदन तत्कालीन संस्कृति, पर्यटनमन्त्री योगेश भट्टराईलाई बुझाएको थियो। कोषको विनियमावलीमा सामान्यतया एक देशलाई एउटा मात्र प्लट दिने प्रावधान रहे पनि पहुँचका भरमा तीनवटासम्म दिइएको छ।

ज्ञवाली नेतृत्वको समितिले विनियमावलीबमोजिम निश्चित मापदण्ड निर्धारण गरेर नियमित अनुगमनका लागि थप निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव दिएको थियो। बिहार क्षेत्रमा धार्मिक एवं आध्यात्मिक गतिविधिमा मात्र संलग्न हुन पनि सुझाव दिइएको छ। विनियमावलीको विनियम ७ र १० मा धार्मिक गतिविधि, पूजा-प्रार्थना गर्नका लागि पाँचजना भिक्षु-भिक्षुणी र उनीहरूको सहयोगीका रूपमा थप पाँचजना गरी १० जनासम्म मात्रै विदेशी नागरिक बस्न सक्ने व्यवस्था छ।

लुम्बिनी क्षेत्रको संरक्षण गरी विश्वभर चिनाउने उद्देश्यले सुरु गरिएको लुम्बिनी विकास गुरुयोजना ४६ वर्ष बित्दासम्म पनि अझै पूरा भएको छैन। सन् १९७८ मा सुरु गरिएको गुरुयोजना १४ वर्षभित्र पूरा गर्ने महत्त्वाकांक्षी लक्ष्य राखिएको थियो। तर, कतिपय महत्त्वपूर्ण संरचनाहरूको निर्माण कार्य अझै बाँकी नै छ।

जापानी वास्तुकलाविद् केन्जो टाँगेको डिजाइनमा अघि बढाइएको गुरुयोजनाअन्तर्गत एक हजार एक सय ५५ बिघामा पवित्र उद्यान, मोनास्ट्रिक जोन र न्यु लुम्बिनी भिलेजका रूपमा विकास गर्ने योजना छ। लुम्बिनीमा हाल विभिन्न देशका छुट्टाछुट्टै मन्दिर (गुम्बा)हरू रहेका छन्।

लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाले भने लामो समयदेखि विवादित बनेको गुम्बामा पर्यटक राख्ने विषयमा ठोस निर्णय लिएर अगाडि बढ्ने बताए। उनले भने, 'लुम्बिनीका होटेल व्यवसायीबाट धेरै गुनासो आएका कारण सबै सरोकारवाला निकाय राखेर छलफलका माध्यमबाट नयाँ निकास निकालेर अगाडि बढ्छौं।'

निजी क्षेत्रको लगानी संकटमा

भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि लुम्बिनीमा पर्यटक ओइरिने अपेक्षसहित होटेलमा ठूलो लगानी ओइरिएको थियो। लुम्बिनी, भैरहवा, बुटवल क्षेत्रमा सञ्चालनमा आइसकेका र निर्माणाधीन होटेलमा गरी करिब ६० अर्ब रुपैयाँभन्दा बढी लगानी हुँदै छ। अझै थुप्रै होटेल निर्माणको लागि पाइपलाइनमा छन्। विमानस्थल शिलान्यास भएपछि पाँचतारे टाइगर प्यालेस, सिद्धार्थ भिलासा र पवन प्यालेस सञ्चालनमा आइसकेका छन्। आधा दर्जन पाँचतारे होटेल रुपन्देहीमा निर्माणाधीन छन्।

तर, विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा होटेल व्यवसायी निराश बनेका छन्। लुम्बिनीका होटेल व्यवसायीले फागुन अन्तिम साता कोषमा ज्ञापनपत्र बुझाउँदै एक हप्ताभित्र बिहारमा पर्यटक राख्ने काम रोक्न चेतावनी दिएका थिए। कोषले पनि बिहार र गुम्बालाई होटेल सञ्चालन नगर्न भन्दै २ चैतमा पत्राचार गरेको छ।

लुम्बिनी होटेल संघका महासचिव पुरुषोत्तम अर्याललले १२ वर्षदेखि यही माग राख्दै आएको बताए। 'अनलाइनबाट होटेल बुकिङ गरेर लुम्बिनी आएका पर्यटक बिहार भ्रमणमा गएपछि बुकिङ क्यासिल गर्छन्,' उनले भने।' बिहार-गुम्बाले भित्रै होटेल सञ्चालन गर्दा बाहिरका होटेल पाहुनाविहीन बन्ने गरेको होटेल व्यवसायी महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष भास्कर काफ्लेले बताए। संघका अनुसार लुम्बिनीमा करिब सयवटा होटेल सञ्चालनमा छन्। पर्यटक नभएपछि १५ होटेल बन्द भइसकेको र थप १५ वटा बन्द हुने अवस्थामा रहेको बताइन्छ।

आठ महिनामा दुई खर्ब १८ अर्ब ऋण प्राप्ति, पुँजीगत खर्च ८१ अर्ब मात्रै

सार्वजनिक ऋण प्राप्तिसँगै ऋण सेवामा हुने खर्च बढ्दो, पुँजीगत खर्चमा सुधार भएन

नयाँ पत्रिका

सरकारले सार्वजनिक ऋणको प्रयोग पुँजी निर्माण नहुने क्षेत्रमा बढी गरेको देखिएको छ। ऋणको प्रयोग पुँजी एवं विकास निर्माणमा मात्रै गर्नुपर्ने आफ्नै नीतिविपरीत सरकारले ऋण उठाएर चालू प्रकृतिका कार्यमा बढी खर्च गरिरहेको तथ्यांकले देखाउँछ।

चालू आर्थिक वर्षको आठ महिनामा सरकारले पुँजी निर्माणमा गरेको खर्चभन्दा तीन गुणा बढी ऋण उठाएको तथ्यांकले नै देखाउँछ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार फागुन मसान्तसम्म सरकारले दुई खर्ब १८ अर्ब ८६ करोड सार्वजनिक ऋण प्राप्त गरेको छ। जबकि यही अवधिमा पुँजीगत खर्च भने ८१ अर्ब २१ करोडबराबर मात्रै भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। प्राप्ति गरेको ऋणभन्दा पुँजीगत खर्च एकतिहाइ मात्रै हुनुले ऋण उठाएको रकम ऋणकै साँवा-ब्याज भुक्तानी र चालू प्रकृतिका कार्यमा खर्च भइरहेको देखाउँछ।

सरकारले चालू आर्थिक वर्षमा दुई खर्ब ४० अर्ब आन्तरिक र दुई खर्ब १२ अर्ब रुपैयाँ वैदेशिक गरी कुल चार खर्ब ५२ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। जबकि, चालू आवका लागि पुँजीगततर्फको बजेट भने तीन खर्ब दुई अर्ब सात करोड रुपैयाँबराबरको रहेको छ। चालू आर्थिक वर्षको लक्ष्यअनुसार प्राप्त र खर्च भएमा सरकारले गर्ने पुँजीगत खर्चभन्दा ऋणको प्राप्ति एक खर्ब ५० अर्बले बढी हुनेछ।

यस अवधिमा सरकारले पुँजीगततर्फभन्दा ऋण सेवामा बढी खर्च गरेको देखिन्छ। यस अवधिमा साँवातर्फ एक खर्ब २६ अर्ब तीन करोड र ब्याजतर्फ ४९ अर्ब ४७ करोड गरी ऋण सेवामा कुल एक खर्ब ७५ अर्ब ५० करोड खर्च गरेको छ। ऋण सेवामा भएको यो खर्च पुँजीगततर्फको भन्दा ९४ अर्ब २९ करोड रुपैयाँले बढी हो।

ऋण र ऋण सेवामा हुने खर्च बढे पनि पुँजीगत खर्चमा भने सरकारले अपेक्षित सुधार गर्न सकेको छैन। शुक्रबारसम्ममा सरकारले ८७ अर्ब

■ सार्वजनिक ऋण २३ खर्ब ८८ अर्ब पुग्यो

नेपालले भुक्तानी गर्नुपर्ने सार्वजनिक ऋण पौने २४ खर्ब पुगेको छ। फागुन मसान्तसम्ममा आन्तरिक ऋण ११ खर्ब ८५ अर्ब ५२ करोड र बाह्य ऋण १२ खर्ब दुई अर्ब ७३ करोड गरी कुल सार्वजनिक ऋण २३ खर्ब ८८ अर्ब २६ करोड रुपैयाँबराबर पुगेको हो। गएको असार मसान्तसम्ममा सरकारले तिर्न बाँकी ऋण २२ खर्ब ९५ अर्ब ४३ करोड रुपैयाँबराबर रहेको थियो। यो आठ महिनामा सरकारले दुई खर्ब १८ अर्ब ८६ करोड ऋण लिँदा एक खर्ब २६ अर्ब तीन करोड साँवा फिर्ता गरेको छ। यसबाट ९२ अर्ब ८३ करोड ऋण दायित्व बढेको देखिन्छ। चालू आवमा नेपालको सार्वजनिक ऋण २५ खर्ब ५६ अर्ब पुग्ने अनुमान गरिएको छ। सरकारको वार्षिक बजेटले चालू आवको अन्त्यसम्ममा आन्तरिक ऋण ११ खर्ब ८४ अर्ब नौ करोड र बाह्य ऋण १३ खर्ब ७२ अर्ब ८८ करोड पुग्ने अनुमान गरेको छ।

३० करोड रुपैयाँ पुँजीगत खर्च गर्न सकेको छ। जुन विनियोजित कुल पुँजीगत बजेटको २८.९ प्रतिशत मात्रै हो। चालूतर्फ भने विनियोजित बजेटको ५२.३ प्रतिशत अर्थात् पाँच खर्ब ९७ अर्ब रुपैयाँ खर्च गरिसकेको छ।

अर्थशास्त्री प्रा.डा. चन्द्रमणि अधिकारी सार्वजनिक ऋणको परिचालन पुँजी निर्माण नहुँदा त्यसले भविष्यमा जोखिम निम्त्याउन सक्ने बताउँछन्। उनले ऋण र ऋण सेवामा हुने खर्च वृद्धिको तुलनामा पुँजीगत खर्च कम हुनु अर्थतन्त्रका लागि हानिकारक हुने बताए। 'हरेक नीति कार्यक्रम र बजेटमा ऋणलाई पुँजी निर्माण र विकासका कार्यमा मात्रै लगाइने उद्घोष गरिँदै आएको छ, तर त्यसको कार्यान्वयन भने भएको देखिँदैन,' उनले भने, 'ऋणलाई चालू खर्चमा प्रयोग गर्ने तथा ऋण तिर्नका लागि ऋण नै लिने अवस्था र प्रवृत्तिले अर्थतन्त्रलाई सही दिशामा लैजाँदैन, यसमा सुधार आवश्यक छ।'

नयाँ ब्रोकरलाई ग्राहक बढाउन सकस

भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर बजारलाई प्रतिस्पर्धात्मक बनाउन पहिलोपटक खुला प्रणालीमार्फत लाइसेन्स पाएका नयाँ ब्रोकर कम्पनीलाई नयाँ लगानीकर्ता थप्न कठिन भएको छ। आर्थिक मन्दी र पुँजी बजारमा आएको गिरावटले नयाँ ब्रोकरलाई पुराना ब्रोकरसँग प्रतिस्पर्धा गर्न चुनौती भएको हो।

नयाँ ब्रोकर कम्पनीले कारोबार सुरु गरेको करिब एक वर्ष हुनै लाग्दा पनि उलेख्य रूपमा लगानीकर्ता थप्न सकेका छैनन्। न्यु स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले नयाँ ब्रोकरको औसतमा तीनदेखि चार हजारको संख्यामा नयाँ लगानीकर्ता भएको बताउँछन्। उनले भने, 'नयाँ ब्रोकरले लाइसेन्स पाएदेखि नै बजार २२ सयको विन्दुभन्दा माथि उक्लिन सकेको छैन। जसले गर्दा दोस्रो बजारमा कारोबार गर्ने नयाँ लगानीकताको संख्या पनि कम नै छ।' बजार बढेको अवस्थामा नयाँ लगानीकर्ता थपिनेको संख्या पनि बढ्दै जाने उनको भनाइ छ। अर्थतन्त्रको सुधारसँगै सेयर बजारमा पनि सुधार आउने र नयाँ ब्रोकरमा पुँजी, लगानी र लगानीकर्ताको संख्या पनि थपिने उनको विश्वास छ।

नयाँ ब्रोकर कम्पनीहरूले लामो समयको संघर्षपछि ब्रोकर लाइसेन्स पाएका हुन्। सेयर बजारमा ५० वटा ब्रोकर कम्पनीको सिन्डिकेट रहेको भन्दै आलोचना हुँदै आएपछि बजारलाई प्रतिस्पर्धात्मक बनाउन तत्कालीन बोर्ड अध्यक्ष रमेशकुमार हमालको पहलमा सरकारले ब्रोकर लाइसेन्सका लागि अनुमति दिएको थियो। तर, करिब १६ वर्षपछि थपिएको नयाँ ब्रोकर कम्पनीलाई नयाँ सदस्य थप्न अहिलेको बजारमा मुस्किल परेको नयाँ ब्रोकरका सञ्चालक स्वीकार गर्छन्। हाल नयाँ र पुरानासहित ८६ वटा ब्रोकर कम्पनीले कारोबार गरिरहेका छन्।

नयाँ ब्रोकर एक पदाधिकारीले लामो संघर्षपछि लाइसेन्स पाउँदा छुट्टै उत्साह थियो, तर अहिले लगानीसमेत संकटमा परेको बताए। उनले भने, 'बजार पूरै सुस्तता छायो, पुराना ब्रोकरको कमी-कमजोरीलाई हामीले क्यास गर्न सक्छौं भनेर उत्साहित थियौं, तर समग्र अर्थतन्त्र नै थलियो, नयाँ ग्राहक थप्नै सकस भयो।'

कारोबारको हिसाबले पुराना ब्रोकर कम्पनीको तुलनामा नयाँ ब्रोकर कम्पनी धेरै पछि नै छन्। अहिले बढी सेयर किनबेच गर्ने १० ब्रोकरभित्र कुनै पनि नयाँ ब्रोकर परेका छैनन्। यसले पनि नयाँ ब्रोकरमा चुनौती रहेको देखिन्छ। ब्लुचिप सेक्युरिटिजका प्रबन्धक डिल्लीराम पंगेनीले तत्कालको अवस्थामा नयाँ ब्रोकरलाई चुनौती भए पनि सधैं यो गति नहुने बताए।

अहिले सेयर बजार मात्र होइन, समग्र बजार नै मन्दीको चपेटामा परेको हुँदा समस्या सबैतिर भएको उनको भनाइ छ। उनले भने, 'हामीले लाइसेन्स पाउँदै गर्दादेखि नै एउटा चुनौती थियो त्यसमा बजार भनै खस्कियो, नयाँ लगानीकर्ता बजारमा आउनै चाहेनन्, तैपनि पुराना ब्रोकर कम्पनीसँग प्रतिस्पर्धामै छौं।'

अर्का एक ब्रोकर सञ्चालक नयाँ र पुरानालाई अहिले नै तुलना गर्न नहुने बताउँछन्। उनले भने, 'हो, पक्कै पनि हामी संकटमा छौं, बजारको गति सुस्त छ, तर पुराना ब्रोकरले हिजो र आजै बनाएको पोर्टफोलियो होइन, २० वर्षदेखि बनाएका हुन्, सुरुमा आएर बजारमा भिजिसकेका छन्, अहिले हामीले जति पाएका छौं, अहिलेको समयअनुसार सन्तुष्ट नै मान्नुपर्छ।'

● पुराना ब्रोकर भन्छन्- प्रतिस्पर्धात्मक बजार हुन सकेन

बजारलाई प्रतिस्पर्धात्मक बनाउन लाइसेन्स वितरण गरिए पनि प्रतिस्पर्धात्मक हुन नसकेको ब्रोकर एसोसिएसनका अध्यक्ष धर्मराज सापकोटाले बताए। 'प्रतिस्पर्धात्मक गराउने भनेर नयाँ ल्याइयो, तर नियामकको निकाय बन्धनमा बसेर कसरी प्रतिस्पर्धात्मक हुन्छ,' उनले भने, 'न कमिसनमा फेरबदल गर्न पाइन्छ, नयाँ कुनै स्किम ल्याएर लगानीकर्तालाई प्रभावित गर्न पाइन्छ, एउटै नियममा बसेर प्रतिपर्स्धा नभई खुला गरेमा बजार प्रतिस्पर्धात्मक हुन्छ।'

बजारलाई प्रतिस्पर्धात्मक बनाउन नयाँ ब्रोकर थपियो, अब प्रतिस्पर्धा बनाउन खुला छाडिदिनुपर्ने उनको सुझाव छ। तोकिएको कमिसन, तोकिएको पुँजीमा बसेर बजार प्रतिस्पर्धात्मक नहुने सापकोटाको भनाइ छ।

चर्को विद्युत् शुल्कको विरोधमा सडकमा माछा फालेर प्रदर्शन

सर्लाहीमा **श्रवण थापा**

चर्को विद्युत् शुल्कको विरोधमा सर्लाहीका माछापालक किसानले राजमार्गमा माछा फालेर प्रदर्शन गरेका छन्। विद्युत् प्राधिकरणले ढाड सेक्ने गरी विद्युत् महसुल लिएको उनीहरूको आरोप छ। माछापालन गर्ने किसानलाई उद्योगीसरह शुल्क लिएर दुःख दिएको स्थानीय किसान रामकैलाश महतोले गुनासो गरे। यसअघि प्रतियुनिट तीन रुपैयाँ महसुल तिर्दै आएकोमा चार-पाँच महिनादेखि प्रतियुनिट १२ रुपैयाँ तिर्नुपरेको किसानको गुनासो छ। जिल्लाका ईश्वरपुर नगरपालिका, चन्द्रनगर गाउँपालिका र पर्सा गाउँपालिकालगायत स्थान माछाको पकेट क्षेत्र मानिन्छ। चन्द्रनगर गाउँपालिकाका-३ का माछापालक किसान अनिल रायले अहिलेको विद्युत् महसुलअनुसार माछापालन गर्न नसकिने बताए।

किसानले समयमै महसुल तिर्न नसक्दा प्राधिकरणले असुल्ने जरिवानासमेत चर्को रहेको उनीहरूको गुनासो छ। आफूहरूले पटक-पटक समस्या राख्दा पनि समाधानको पहल नभएपछि आन्दोलनमा उत्रिन बाध्य भएको माछापालक किसान रामनारायण सहनीले बताए। सरकारले माछापालक किसानलाई दोहोरो र



विभेदपूर्ण चरित्र देखाएको उनले बताए। 'एकातर्फ सरकार पोखरी खनेर माछा पाल्न अनुदान दिएर प्रोत्साहन गरे जस्तो गर्छ,' उनले भने, 'अर्कोतर्फ अनेक बहानामा सबै आम्दनी चुस्छ। किसानले कसरी खेती गर्नु ?'

चर्को विद्युत् महसुलले व्यवसायमा टिक्नै मुस्किल परेको ईश्वरपुर-भक्तिपुरका माछापालक किसान तेजनारायण सहनीले गुनासो गरे। अर्कोतर्फ नेपाली बजारमा भारतीय माछासँग प्रतिस्पर्धा गर्नुपर्दा किसानहरू अझ संकटमा रहेको उनको गुनासो छ। खुला सिमाना भएर आउने भारतीय माछाका कारण स्थानीय उत्पादनले भाउ नपाउने समस्या रहेको उनले बताए। नेपाल विद्युत् प्राधिकरणको लालबन्दी वितरण केन्द्रले कृषि मिटर राख्दै आएका माछापालक किसानलाई गत साउनदेखि उद्योगअन्तर्गत राखेर विद्युत् महसुल उठाउँदै आएको छ। माछापालनका लागि कृषि सिँचाइ मिटरको प्रयोग गर्न नपाइने लालबन्दी वितरण केन्द्रका प्रमुख इन्जिनियर त्रिभुवन यादवले बताए। प्राधिकरणको विनियमअनुसार उद्योग मिटर जडान गर्नुपरेको उनको भनाइ छ।

रुपन्देहीमा ट्याक्सी भाडा निर्धारण, प्रतिकिलोमिटर ४५ रुपैयाँ

नयाँ पत्रिका

रुपन्देहीमा सञ्चालन हुने ट्याक्सीको भाडादर प्रतिकिलोमिटर ४५ रुपैयाँ कायम गरिएको छ। जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जिल्लामा सञ्चालित टयाक्सीको भाडादर कायम गरेको हो। जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाईको अध्यक्षतामा बसेको बैठकले सडक सवारी, यातायात तथा परिवहन ऐन, २०६४ को उपदफा ९० बमोजिम भाडा निर्धारण गरेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए।

रुपन्देही जिल्लाभित्र सञ्चालन हुने पञ्जीकृत भएका सम्पूर्ण ट्याक्सी सञ्चालन गर्दा प्रतिकिमि ४५ रुपैयाँ लिने र प्रयोग गरेबापत न्यूनतम एक सय ५० रुपैयाँ रहनेछ। त्यसैगरी, पाँच किमिसम्म तीन सय रुपैयाँ, सिटी एरियामा पाँचदेखि १० किमिसम्म पाँच सय रुपैयाँ र त्योभन्दा माथि प्रतिकिलोमिटर ४५ रुपैयाँका दरले भाडादर बढाउने निर्णय गरेको प्रजिअ अर्याललले बताए।



यसैगरी, रातिको समय अर्थात् १० बजेदेखि बिहान चार बजेसम्म प्रयोग गरेबापत आउने रकममा त्यसको ५० प्रतिशत थप गरेर लिन पाउने यातायात व्यवस्था कार्यालय रुपन्देहीका मेकानिकल इन्जिनियर नवीन घिमिरेले बताए।

पेट्रोलियम पदार्थको मूल्य १० प्रतिशतसम्म थपघट भएमा अहिलेकै मूल्य कायम रहने र त्यसभन्दा बढी-घटी भएमा पुनः मूल्य कायम गर्ने बैठकले निर्णय गरेको छ।

त्यसैगरी, बैठकले ट्याक्सीमा अनिवार्य मिटर जडान गर्न तीन महिनाको समय दिने र साउन १ गतेदेखि मिटर जडान अनिवार्य रहेको प्रमुख जिल्ला अधिकारी अर्याललले बताए। ट्याक्सी व्यवसायीलाई संयमित रहेर सेवा प्रवाह गर्न आग्रह गरे।

बैठकमा जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक उमाकान्त चपाई, जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख गणेश अर्याल, जिल्ला प्रशासन कार्यालय रुपन्देहीका सदस्य चिरञ्जीवी राना, प्रमुख सडक पूर्वाधार विकास रुपन्देही कार्यालयका लालु गिरी, प्रमुख उपरीक्षक जिल्ला प्रहरी कार्यालय रुपन्देहीका रञ्जितसिंह राठोर, जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख बजिरसिंह विष्टलगायतले ट्याक्सी सेवा सञ्चालनका विषयमा आ-आफ्ना धारणा राखेका थिए।

बैंकको ऋण तिर्न सहज वातावरण गराउन माग

बुटवल/ बैंक तथा वित्तीय संस्थापीडित समन्वय समिति रुपन्देहीले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न सहज वातावरण बनाउन माग गरेको छ। समितिले शनिबार पत्रकार सम्मेलन गर्दै ब्याजदर घटाएर एकरूपता कायम गर्नुपर्ने र ऋण तिर्ने अवधि बढाउनुपर्ने माग गरेको हो। ऋणीहरूले आर्थिक मन्दी सकिएको मितिले पाँच वर्षसम्म कुनै पनि धितो लिलाम गर्न नपाइने व्यवस्था गर्न मागसमेत गरेका छन्।

राज्यले आर्थिक मन्दी समाप्त भयो भनेर घोषणा गर्नुपर्ने र त्यसपछि पाँच वर्षको समय दिनुपर्ने उनीहरूको माग छ।

बैंकको कर्जाको ब्याजदरमा भेदभाव भइरहेको भन्दै ऋणीलाई एउटै ब्याजदर कायम गर्न पनि माग गरिएको छ। समितिका अध्यक्ष दुर्गा पोख्रेलले आर्थिक संकटले व्यवसाय थला परेका कारण तोकिएको समयमा ऋण तिर्न सक्ने अवस्था नरहेको बताए। वित्तीय संस्थाले ऋणीबाट तोकिएको मितिमा साँवा-ब्याज नबुझाएमा बारम्बार तनाव दिने गरेको उनीहरूको गुनासो छ।

कर्जा लगानीका बखत ऋणीसँग भएको सम्झौताको पालना नगरी आधारदर बढ्दा विनासूचना ब्याजदर वृद्धि गर्ने र आधारदर घट्दा ब्याजदर नघटाउने कार्य तत्काल रोकेर ऋण सम्झौताका बखत कायम ब्याजदर लागू गर्न पनि उनीहरूले माग गरेका छन्। कर्जाको साँवा तथा ब्याज भुक्तानीमा ढिलाइ भएको नाममा बैंकहरूले आफू खुसी लगाउँदै आएको जरिवाना खारेज गर्नुपर्ने माग पनि उनीहरूको छ।

ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनीको निर्जीवन बिमा सुरु



नयाँ पत्रिका

ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनीले निर्जीवन बिमा व्यवसाय सुरु गरेको छ। रुपन्देहीमा केन्द्रीय कार्यालय रहेको कम्पनीले २७ फागुनबाट व्यवसाय सुरु गरेको हो। संस्थाका अध्यक्ष जगतबहादुर पोखरेलले २८ वटा शाखा खोल्न आवश्यक प्रक्रिया अगाडि बढाइएको बताए । चुक्ता पुँजी ७५ करोड भएको माइक्रो इन्स्योरेन्सले निर्जीवन बिमाको काम गर्नेछ। कम्पनीका विभिन्न व्यावसायिक व्यक्ति संस्थामा आबद्ध ७१ जना सेयर सदस्य रहेका छन्। मध्यमवर्गका नेपाली, साना तथा मझौला व्यवसायीलाई बिमाको मूलधारमा ल्याउने र उनीहरूको सम्पत्तिमा दैवीप्रकोप, आकस्मिकजन्य दुर्घटनाबाट हुने हानि-नोक्सानी तथा जोखिमलाई न्यूनीकरण गर्न सघाउने उद्देश्यका साथ माइक्रो इन्स्योरेन्स कम्पनी सञ्चालनमा ल्याइएको पोखरेलको भनाइ छ।

माइक्रो इन्स्योरेन्स कम्पनीले निर्जीवन बिमा व्यवसायअन्तर्गत लघुमिटर बिमा, लघु सम्पत्ति बिमा, लघु सधमारी तथा नकबजनी बिमा, लघुघर बिमा, लघु सामुद्रिक बिमा, लघु व्यक्तिगत दुर्घटना बिमा, लघु सामूहिक दुर्घटना बिमा, कृषि तथा पशुपक्षी लघु बिमालगायत बिमा व्यवसाय गरी सर्वसाधारणलाई भैपरी आउने दुर्घटनाजन्य तथा दैवीप्रकोपजन्य हुने हानि-नोक्सानीमा राहत दिने उद्देश्यका साथमा आएको कम्पनीको भनाइ छ। माइक्रो इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उज्ज्वल ढुंगानाले अन्य बिमा कम्पनीले भन्दा सहज र सुविधासहितको सेवा दिने गरी अगाडि बढ्ने बताए।

एनसेलको इन्डिया रोमिङ प्याकमा होली छुट अफर

काठमाडौं/ एनसेलले फागु पूर्णिमा अर्थात् होली पर्वको अवसरमा इन्डिया रोमिङ प्याकमा २५ प्रतिशत छुट दिएको छ। ९ चैतबाट सञ्चालनमा आएको यो छुट योजनामा करसहित सय रुपैयाँ पर्ने इन्डिया रोमिङ प्याक अब मात्र ७५ रुपैयाँमा सुचारु गर्न सक्छन्।

होली पर्वको अवसरमा एनसेलले विशेष सन्देशमूलक भिडियो पनि सार्वजनिक गरेको छ। भिडियोमा नयाँ पुस्ताले दूरसञ्चार प्रविधिको प्रयोगमार्फत कसरी बुबाआमाको विगतका खुसीलाई वर्तमानमा पनि स्थापित गर्न सक्छन् भन्ने सन्देश छ। सन्तानका हरेक खुसीका लागि समर्पित हुँदाहुँदै जीवन बिताएका बुबाआमालाई तिनै सन्तानले दिएको एउटा खुसी पनि कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा भिडियोमा देख्न सकिन्छ।

यो प्याक सुचारु गरेपछि प्रतिदिन २५ रुपैयाँका दरले तीन दिनसम्म रोमिङ सेवाको पहुँचबाट फाइदा लिन सकिन्छ। यति मात्र नभई प्याकका साथ ग्राहकले तत्काल पाँच सय एमबी डेटा पाउँछन्, जसले सामाजिक सञ्जाललगायतका माध्यममार्फत सम्पर्कमा रहिरहन महत गर्छ। साथै, भ्वाइस र एसएमएस सेवाको शुल्कमा पनि भारी छुट पाउँछन्।

यो प्याकमा इनकमिङ कल उठाउन र भारतमा कल गर्नका लागि पेएजयुगो शुल्कमा ३२ प्रतिशत छुट रहेको छ। यसको मतलब ग्राहकले करसहित मात्र १६.४८ रुपैयाँ प्रतिमिनेटमा कल उठाउन र भारतमा कल गर्न सक्छन्। साथै, पेएजयुगोको प्रतिएसएमएस शुल्कमा २९ प्रतिशत छुटका साथ मात्र करसहित ६.३४ रुपैयाँमा एसएमएस पठाउन सकिन्छ।

यो प्याकले हाम्रा सीमावर्ती सहरहरू जस्तैः वीरगन्ज, भैरहवा, नेपालगन्ज, विराटनगर, जनकपुर आदिबाट बारम्बार भारत भ्रमण गर्ने स्थानीयवासी, साना व्यवसायी, यातायात मजदुरजस्ता ग्राहकलाई लाभ हुने कम्पनीको भनाइ छ।

Request for Proposals

First Published Date : 24/3/2024

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for providing licenses for Windows, Linux, and Database software

RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the **Administration Department, 4th floor, Ghantaghar building,** Kathmandu, Nepal upon submission of a written request letter in the official letter head of the interested firm/vendor.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, **7th April, 2024 (Chaitra 25, 2080).** RFP documents received after this deadline will not be accepted.

The received Proposals shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11.00. a.m. on 9th April, 2024 (Chaitra 27, 2080).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the bid.

In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening process too.

The Bank reserves the ultimate rights to accept/reject any proposals and shall not be required to disclose any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®

Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-4233781/82

दरबारमार्गमा हुने 'होली पुन्ही'को प्रायोजक ओमोडा

काठमाडौं/ विद्युतीय सवारीसाधन ब्रान्ड 'ओमोडा'ले दरबारमार्गमा हुने 'होली पुन्ही २०२४' कार्यक्रममा 'ड्राइभ इ-फ्युचर'ले प्रायोजकका रूपमा सहकार्य गरेको छ। विगत पाँच वर्षदेखि होलीको उत्सव आयोजना गर्दै आएको 'अर्बिटरी इभेन्ट्स'ले यो वर्ष पनि 'होली पुन्ही २०२४' आयोजना गर्न लागेको हो। होलीको अविस्मरणीय अनुभवका लागि ओमोडाले रोचक खेललगायत विभिन्न गतिविधिसहितको स्टल राख्नेछ। सहभागीले रङ र संगीतमा उत्साहजनक मनोरञ्जन लिनुका साथै ओमोडाको आधुनिक कनेक्टिभिटी र शून्य उत्सर्जनको विषयमा समेत जानकारी प्राप्त गर्न सक्नेछन्। होली पुन्ही २०२४ कार्यक्रममा भेक, यावेश थापा, आविष्कार केसी, डिजे बिपिएम, डिजे डानलगायत ६ जना चर्चित डिजे रहनेछन्।

पर्यावरणीय स्थिरतामा युनिलिभर नेपाल हरित ऊर्जातर्फ कदम बढाउँदै

काठमाडौं/ हेर्टौंडामा रहेको युनिलिभर नेपालको कारखानाले हालसालै युनिलिभर दक्षिण एसियामा पहिलो प्रकारको विद्युतीय बोइलर सञ्चालन गरेको छ। जुन विद्युतीय हिटरबाट स्टिम उत्पादन गर्ने अनौठो प्रविधि हो। यसले साइटलाई ततााउने प्रक्रियाका लागि जीवाश्म इन्धनबाट बाहिर सार्न सक्षम बनाउँछ। कारखानामा हाल ९० प्रतिशत ऊर्जा खपत हुन्छ, जुन दिगो ऊर्जाबाट प्राप्त हुन्छ। जसमा २० प्रतिशत आन्तरिक सौर्य बिजुली उत्पादन प्लान्ट र बाँकी ७० प्रतिशत ग्रिडबाट हुन्छ।

पछिल्लो एक वर्षमा युनिलिभर नेपालको फ्याक्ट्रीले ६ करोडको लगानीमा कार्बनडाइअक्साइड उत्सर्जन कम गर्न धेरै नयाँ प्रविधि स्थापना गरेको छ। यो बोइलर परियोजना नेट जिरोतिर एक कदम हो। साइटले निकट भविष्यमा डिजेल जेनेरेटर चलाउन बायोडिजेलमा सार्ने योजना बनाएको छ। यसले साइटलाई शतप्रतिशत हरित ऊर्जाका साथ सञ्चालन गर्न सक्षम बनाउँछ।

उद्घाटन समारोहमा युनिलिभर नेपाल लिमिटेडका प्रबन्ध निर्देशक तथा सिइओ अमलन मुखर्जीले भने, 'हामी युनिलिभर, नेपालमा हाम्रो सञ्चालनलाई नेट जिरोतर्फ लैजान प्रतिबद्ध छौं र हाम्रो अत्याधुनिक कारखानामा विद्युतीय बाँयलरको स्थापना यस्तै एउटा कदम हो, जुन हाम्रो ग्लोबल युनिलिभर दिगोपन लक्ष्यहरूसँग इनलाइन रहेको यस दिगोपन कार्यका लागि प्रमाण हो।'

सिटिजन्स बैंक र भारतको मेदान्त हस्पिटलबीच समझदारी



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भारत, गुँडगाँवस्थित मेदान्त-द मेडिसिटी अस्पतालबीच बैंकका कार्डवाहक ग्राहकलाई अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिने समझदारीपत्रमा पुनः हस्ताक्षर भएको छ। उक्त समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले हस्ताक्षर गरेका छन्। बैंकले यस्तो किसिमको सुविधा विगत चार वर्षदेखि निरन्तर रूपमा उपलब्ध गराउँदै आइरहेको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरि फैलिएका आफ्ना एक सय ९० वटा शाखा, एक सय ५३ वटा एटिएम र ९८ वटा शाखारहित बैंकिङ इकाइहरूबाट १७ लाख ३६ हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप सात शाखा विस्तार गरेर आगामी दिनमा देशका ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

जापानी दूतावासका पदाधिकारीले गरे केएनपी फ्याक्ट्री अवलोकन

काठमाडौं/ नेपालका लागि जापानी राजदूतावासका मिसन उपप्रमुख ताकाहिरो तामुराले वीरगन्ज, परवानीपुरमा अवस्थित केएनपी जापान प्रालिको फ्याक्ट्री अवलोकन गरेका छन्। भ्रमणका क्रममा केएनपीको हेल्दी होम पेन्ट्सको उच्च प्रविधियुक्त उत्पादन प्लान्ट देखेर हर्षित उपप्रमुख तामुराले फ्याक्ट्रीको सञ्चालन तरिका र सुविधाको तारिफ गरेका थिए। उनले केएनपी जापानको सिसारहित र न्यून भिओसी भएको पेन्ट्स उत्पादन गर्दै आमसर्वसाधारणलाई स्वस्थ पेन्टको महत्त्व दर्साउने काम गरेकोमा मुक्तकण्ठले प्रशंसा गरेका थिए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/११

यस बैंकको शाखा कार्यलय राजविराज, सप्तरीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिकी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

केशरी चन्द्र तातेडको नाती, भवर लाल तातेडको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा./उ.म.न.पा. वडा नं.०३, बस्ने **गजराज तातेड** (ना.प्र.नं. ७६०८०४४१६, जारी मिति २०३४/१०/१८, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. पन्ना लाल सुरानाको छोरी, गजराज तातेडको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०३, बस्ने **सरला तातेड** (ना.प्र.नं. ३७४, जारी मिति २०४६/०२/१३, जि.प्र.का. सप्तरी)
२. भवर लाल तातेडको नाती, हंसराज तातेडको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०३, बस्ने **प्रशान्त तातेड** (ना.प्र.नं. ७२०८५०४६, जारी मिति २०५१/०८/१५, जि.प्र.का. सप्तरी)
३. जतन लालजी बरडियाको छोरी, प्रशान्त तातेडको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०३, बस्ने **मिलन तातेड** (ना.प्र.नं. १६१००१/६१, जारी मिति २०६५/०४/०२, जि.प्र.का. सप्तरी)
४. सुरजमल दुगडको छोरी, हंसराज तातेडको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०३, बस्ने **राज कुमारी तातेड** (ना.प्र.नं. ७६०८४४११, जारी मिति २०३५/१२/०८, जि.प्र.का. सप्तरी)

२. ऋणीको नाम र ठेगाना

ध्रुब लाल यादवको नाती, खुसि लाल यादवको छोरा, रम्पुरा मल्हनिया गा.वि.स/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा./उ.म.न.पा. वडा नं.१४, बस्ने **देव नारायण यादव** (ना.प्र.नं.८०३९३२७२, जारी मिति २०४२/११/१३, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. लक्ष्मण यादवको छोरी, राजेश कुमार यादवको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.१३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४, बस्ने **रमिता कुमारी यादव** (ना.प्र.नं. १६-०१-७६-०९२२५, जारी मिति २०७६/०९/२९, जि.प्र.का. सप्तरी)
२. खुसि लाल यादवको नाती, देव नारायण यादवको छोरा, रम्पुरा मल्हनिया गाविस/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४, बस्ने **राजेश कुमार यादव** (ना.प्र.नं. १६-०१-७१-०१८३१, जारी मिति २०७१/०३/११, जि.प्र.का. सप्तरी)
३. खुसि लाल यादवको नाती, देव नारायण यादवको छोरा, रम्पुरा मल्हनिया गाविस/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४, बस्ने **कमलेश कुमार यादव** (ना.प्र.नं. ४६४४, जारी मिति २०५९/०१/२२, जि.प्र.का. सप्तरी)
४. खुसि लाल यादवको नाती, देव नारायण यादवको छोरा, रम्पुरा मल्हनिया गाविस/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४, बस्ने **हरेराम यादव** (ना.प्र.नं. १६१०३९/१४३, जारी मिति २०६६/११/१९, जि.प्र.का. सप्तरी)
५. ज्ञानचन यादवको छोरी, देव नारायण यादवको पत्नी, रम्पुरा मल्हनिया गाविस/उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. १४, बस्ने श्रीमति **रेखा देवी यादवनी** (ना.प्र.नं. ११२४, जारी मिति २०५३/१२/१८, जि.प्र.का. सप्तरी)

३. ऋणीको नाम र ठेगाना

जुमराती मियाँको नाती, तजमुल मियाँको छोरा, मोहनपुर गा.वि.स/उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला शम्भुनाथ न.पा./उ.म.न.पा. वडा नं.०६, बस्ने **मोहम्द बसिर** (ना.प्र.नं.९१११, जारी मिति २०५६/१२/२२, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नजिर मियाँको छोरी, मोहम्द बसिरको पत्नी, मोहनपुर गा.वि.स./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला शम्भुनाथ न.पा. वडा नं. ०६, बस्ने **तजमा खातुन** (ना.प्र.नं. १६३०८१/१३, जारी मिति २०६३/११/२८, जि.प्र.का. सप्तरी)

४. ऋणीको नाम र ठेगाना

महि नारायण यादवको छोरी, अरबिन्द कुमार यादवको पत्नी, मानराजा गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा./उ.म.न.पा. वडा नं.०७, बस्ने **सिता देवी यादव** (ना.प्र.नं.१६३११३/४७४, जारी मिति २०६३/११/१२, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. बसन्त यादवको छोरी, गंगा प्रसाद यादवको पत्नी, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **चुनचुन देवी यादव** (ना.प्र.नं. २२९३, जारी मिति २०४५/०१/२३, जि.प्र.का. सप्तरी)
२. राम दहिन यादवको नाती, गंगा प्रसाद यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **अरविन्द कुमार यादव** (ना.प्र.नं. ६०७८५५२७, जारी मिति २०५०/०८/०८, जि.प्र.का. सप्तरी)
३. राम दहिन यादवको नाती, गंगा प्रसाद यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **राज कुमार यादव** (ना.प्र.नं. २९५८, जारी मिति २०५९/०६/२०, जि.प्र.का. सप्तरी)
४. रामजी यादवको नाती, राम दहिन यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **गंगा प्रसाद यादव** (ना.प्र.नं. २२९२, जारी मिति २०४५/०१/२९, जि.प्र.का. सप्तरी)

५. ऋणीको नाम र ठेगाना

बेचन चौधरीको छोरी, महेन्द्र प्रसाद चौधरीको पत्नी, सितापुर गा.वि.स/उ.म.न.पा. वडा नं.०३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला अग्नीसाईर कृष्णासवरण गा.पा./उ.म.न.पा. वडा नं.०२, बस्ने श्रीमति **आशो देवी चौधरी** (ना.प्र.न.७४७२३०९०, जारी मिति २०४५/०१/२४, जि.प्र.का. सप्तरी)

जमानीकर्ताको नाम र ठेगाना

१. रकसु चौधरीको नाती, भिल्लु चौधरीको छोरा, सितापुर गा.वि.स./उ.म.न.पा. वडा नं.०३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला अग्नीसाईर कृष्णासवरण गा.पा. वडा नं. ०२, बस्ने **महेन्दर प्रसाद चौधरी** (ना.प्र.नं.७४७२३०८९, जारी मिति २०४५/०१/२४, जि.प्र.का. सप्तरी)

६. ऋणीको नाम र ठेगाना

सुरेश ठाकुरको नाती, खेलानन्द ठाकुरको छोरा, भारदह गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा./उ.म.न.पा. वडा नं.०१, बस्ने **अशोक कुमार ठाकुर** (ना.प्र.न.२८८४, जारी मिति २०५८/०६/२५, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. तेज नारायण झाको छोरी, अशोक कुमार झाको पत्नी, भारदह गा.वि.स./उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. ०१, बस्ने **संगिता झा** (ना.प्र.न.१६२०११/३४१, जारी मिति २०६७/०४/१३, जि.प्र.का. सप्तरी)
२. अधिकान्त झाको छोरी, खेलानन्द ठाकुरको पत्नी, भारदह गा.वि.स./उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. ०१, बस्ने श्रीमति **शुशिला देवी ठाकुर** (ना.प्र.न.१३०००२९०, जारी मिति २०४३/०१/३०, जि.प्र.का. सप्तरी)

७. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : कंचन हार्डवेयर एण्ड सप्लायर्स
रजिष्टर्ड ठेगाना : महदेवा गा.पा.वडा नं.०६, सप्तरी
रजिष्ट्रेसन नं. : ७३४२/०७६/०७७ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६१२००९७७६

प्रोप्राईटरको नाम र ठेगाना

१. भोगी लाल मंडलको नाती, नरेश कुमार मंडलको छोरा, बथनाहा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला महदेवा गा.पा. वडा नं. ०६, बस्ने **अभिषेक मंडल** (ना.प्र.नं.१६-०१-६९-०२८७३, जारी मिति २०६९/०१/१६, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. फुदैन मंडलको नाती, भोगी लाल मंडलको छोरा, बथनाहा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला महदेवा गा.पा. वडा नं. ०६, बस्ने **नरेश कुमार मंडल** (ना.प्र.नं.१०२६११०८, जारी मिति २०४२/०८/२४, जि.प्र.का. सप्तरी)
२. गणेश लाल मंडलको नातीनी, अमर नाथ मंडलको छोरी, बथनाहा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला महदेवा गा.पा. वडा नं. ०६, बस्ने **कंचन कुमारी मंडल** (ना.प्र.नं.१०२६१७५१, जारी मिति २०४६/१०/२३, जि.प्र.का. सप्तरी)
३. भोगी लाल मंडलको नाती, नरेश कुमार मंडलको छोरा, बथनाहा गा.वि.स./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला महदेवा गा.पा. वडा नं. ०६, बस्ने **रितेश मंडल** (ना.प्र.नं.१६१०३२/११५, जारी मिति २०६६/०६/०७, जि.प्र.का. सप्तरी)

८. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : बद्री खरिद बिक्री केन्द्र
रजिष्टर्ड ठेगाना : जमुनी मधेपुरा गा.वि.स. वडा नं.०९, सप्तरी
रजिष्ट्रेसन नं. : २५९७/०७१/०७२ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६०२७७४५१६

प्रोप्राईटरको नाम र ठेगाना

१. बेचु साहको नाती, मुक्ति लाल साहको छोरा, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **बद्री नारायण साह** (ना.प्र.न.८११६३७७४, जारी मिति २०४४/११/१३, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. कुंजी लालको नातीनी, रासि लाल साहको छोरी, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **प्रमिला देवी साह** (ना.प्र.नं.४६४०, जारी मिति २०६२/०६/१६, जि.प्र.का. सप्तरी)
२. मुक्ति लाल साहको नाती, बद्री नारायण साहको छोरा, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०९, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **उमेश प्रसाद साह** (ना.प्र.नं.१६-०१-६९-०५२८०, जारी मिति २०६९/१२/२५, जि.प्र.का. सप्तरी)

९. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : अम्बिका काष्ठ फर्निचर उद्योग
रजिष्टर्ड ठेगाना : राजविराज न.पा. वडा नं.०८, सप्तरी
रजिष्ट्रेसन नं. : ८८२१/०७६/०७७ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६१२०४१८१९

प्रोप्राईटरको नाम र ठेगाना

१. अनुप लाल यादवको नाती, किसन यादवको छोरा, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **सुरेश प्रसाद यादव** (ना.प्र.नं.२४४६, जारी मिति २०५८/०३/१७, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. खटर यादवको नातीनी, बालबोध यादवको छोरी, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **ललिता देवी यादव** (ना.प्र.नं.६७८५, जारी मिति २०६१/०८/२१, जि.प्र.का. सप्तरी)
२. प्रथम यादवको नातीनी, राम टहल यादवको छोरी, मलेठ गा.वि.स./उ.म.न.पा. वडा नं.०४, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **अमेरीका कुमारी** (ना.प्र.नं.५९२७३१३९, जारी मिति २०४३/१०/२१, जि.प्र.का. सप्तरी)
३. अनुप लाल यादवको नाती, किसन यादवको छोरा, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०४, बस्ने **केशव प्रसाद यादव** (ना.प्र.नं.८११६३६२६, जारी मिति २०४१/०१/०९, जि.प्र.का. सप्तरी)

१०. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : राजन किराना एण्ड जेनरल स्टोर पसल
रजिष्टर्ड ठेगाना : बोदे बर्साइन नपा. वडा नं.०७, सप्तरी
रजिष्ट्रेसन नं. : ९३५७/०७८/०७९ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६१४६५१९३५

प्रोप्राईटरको नाम र ठेगाना

१. सोमन यादवको छोरी, सोमन यादवको पत्नी, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **शुशीला देवी यादव** (ना.प्र.नं.४७०५, जारी मिति २०४५/०१/२८, जि.प्र.का. सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. बेचु यादवको नाती, मोती लाल यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **बासुदेव यादव** (ना.प्र.नं.६०७८२७२७, जारी मिति २०४८/०४/२८, जि.प्र.का. सप्तरी)
२. कन्त लाल यादवको छोरी, राजन कुमार यादवको पत्नी, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **निरसा कुमारी** (ना.प्र.नं.१६-०६-७७-०२५६६, जारी मिति २०७७/११/१४, जि.प्र.का. सप्तरी)
३. अनिरुद्ध कुमार यादवको छोरी, भवेश कुमार यादवको पत्नी, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **कविता कुमारी यादव** (ना.प्र.नं.१६-०६-७७-०१३९२, जारी मिति २०७७/०९/०५, जि.प्र.का. सप्तरी)
४. मोती लाल यादवको नाती, बासुदेव यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **भवेश कुमार यादव** (ना.प्र.नं.१६१११३/४३५, जारी मिति २०६९/०४/११, जि.प्र.का. सप्तरी)
५. मोती लाल यादवको नाती, बासुदेव यादवको छोरा, मानराजा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला बोदे बर्साइन न.पा. वडा नं. ०७, बस्ने **राजन कुमार यादव** (ना.प्र.नं.१६२११३/७६, जारी मिति २०७३/१२/१७, जि.प्र.का. सप्तरी)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

आइतबार ११ चैत ०८० www.nayapatrikadaily.com
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

एभरेस्ट र हेल्प नेपाल च्याम्पियन

तीन विभागीय टोलीलाई पछि पार्दै महिलातर्फ एभरेस्ट भलिबल र पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लबलाई आठौँ एनभिए भलिबल च्याम्पियनसिप उपाधि

रमेश सुवेदी / नयाँ पत्रिका

महिलातर्फ एभरेस्ट भलिबल क्लब र पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब आठौँ एनभिए भलिबल च्याम्पियनसिपको च्याम्पियन बनेका छन् । शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा एभरेस्ट पहिलोपटक च्याम्पियन भएको हो । एभरेस्टले पहिलोपटक कुनै पनि राष्ट्रिय प्रतियोगिताको उपाधि जितेको हो । यसक्रममा विभागीय टोली नेपाल पुलिस क्लबविरुद्ध ३-१ सेटको जित निकाल्यो । समूह चरणमा एभरेस्टले पहिलोपटक अर्को विभागीय टोली त्रिभुवन आर्मीलाई हराएको थियो । दोस्रो पटक अर्को विभागीय टोली पुलिसलाई पनि हराउन सफल भयो । यसअघि समूह चरणमा व्यहोरेको ३-२ सेटको हार बदला एभरेस्टले फाइनलमा लियो । ।

जितपछि एभरेस्टका प्रशिक्षक अर्जुन घिमिरेले खेलाडीको मिहिनेतले जित निकाल्न सफल भएको बताए । 'खेलाडीले राम्रो प्रदर्शन गरे । सुरुवाती खेलमा तालमेल नभए पनि त्यसपछि सफल भयौँ,' प्रशिक्षक घिमिरेले नयाँ पत्रिकासँग भने । राष्ट्रिय भलिबल टोलीकी कप्तान अरुणा शाहीसँगै एभरेस्टले तीन भारतीय राष्ट्रिय टोलीका खेलाडीलाई समावेश गर्दै उपाधि जित्यो । अरुणाले एभरेस्टमा पुनरागमन गर्दा भारतीय खेलाडीहरू सुर्या थोटंगल, केपी अनुश्री र जिन्सी जोन्सनले पहिलोपटक नेपाली लिग खेल्दै सानदार प्रदर्शन गरे । उनीहरू एभरेस्टले खेलेका हरेक खेलमा दबाबमुक्त रहेर उत्कृष्ट प्रदर्शन गर्न सफल भए ।

अरुणा र भारतीय तीनैजना खेलाडीले १९औँ एसियाली खेलकुद प्रतियोगिता खेलेका थिए । चारजना खेलाडीले सानदार प्रदर्शन गरेर जित निकाल्न सफल भएको प्रशिक्षक घिमिरेले प्रस्ट पारे । 'अरुणासहित भारतीय खेलाडीले राम्रो प्रदर्शन गरे । पहिलोपटक च्याम्पियन बन्न सफल भयौँ । लिबेरो रिचा थापाले पहिलोपटक यो भूमिकामा खेलेकी हुन् । उनले केही दबाब लिए पनि अनुभवी खेलाडीले सहज वातावरण बनाइदिए । लक्ष्यअनुसार च्याम्पियन बन्न सफल भएका छौँ ।'

पहिलो फाइनल खेलमा एभरेस्टले पहिलो सेट गुमाएर पनि कमब्याक गर्न सफल भएको हो । उषा भण्डारी, पुनम चन्द, कमला पुन, कोपिला राना र शान्ति तामाङ सम्मिलित पुलिसले पहिलो सेट २५-१९ ले जितेको थियो । तर, त्यसपछिका सेटमा एभरेस्टले लगातार २५-२२, २५-१८ र २५-१९ ले आफ्नो पक्षमा पार्न सफल भयो । पुलिसकी अट्याकर उषाले खेलाडी घाइते हुँदा तीन सेटमा समस्या परेको बताइन् । 'पहिलो सेट राम्रो भएको थियो । तर, लगातार खेलाडी घाइते हुँदा दबाब बनाउन सकेनौँ,' राष्ट्रिय टोलीकी सदस्यसमेत रहेकी उषाले भनिन्, 'फाइनलमा राम्रो



एनभिए भलिबल च्याम्पियनसिपको विजेता टोली । तस्बिर : **ज्ञानेन्द्र कार्की** / नयाँ पत्रिका

प्रदर्शन हुन सकेन ।' जितपछि एभरेस्ट र हेल्प नेपाल दुवैले समान पाँच लाख पाएका छन् ।

लगातार च्याम्पियन

प्रतियोगितामा हेल्प नेपाल लगातार च्याम्पियन बनेको छ । तीनजना पाकिस्तानी खेलाडीको साथ पाएको हेल्प नेपालले फाइनलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबमाथि ३-२ को रोमाञ्चक जित निकाल्यो । राष्ट्रिय टोलीका खेलाडीले भरिएको आर्मीले लगातार दुई सेटमा अग्रता बनाए पनि हार व्यहोर्न पुगेको थियो । पहिलो सेट आर्मीले २५-२० ले जित्यो ।

प्रतिस्पर्धात्मक बनेको दोस्रो सेटमा हेल्प नेपालले २७-२५ ले जित्दै बराबरी गरेको हो । तेस्रो सेट पुनः आर्मीले २५-२३ ले जित्दै खेलमा २-१ ले अगाडि बढ्यो । तर, चौथो सेटमा पाकिस्तानी खेलाडीहरू उस्मान, फखर र साफिक चम्किएपछि हेल्प नेपाल २ ९-२७ ले जित निकाल्दै खेल २-२ को बराबरीमा पुऱ्याएका हुन् । चौथो सेटमा आर्मी दुई टाइम आउट लिँदा ८-० ले पछि थियो । राष्ट्रिय टोलीका कप्तान मानबहादुर श्रेष्ठसँगै राजेन्द्र विष्ट, हरि अधिकारी, धनबहादुर भट्ट क्षेत्री, दुर्गा महतो, दुर्गाबहादुर खड्का र इश्वर तामाङ चम्किएपछि आर्मी कमब्याक गर्न सफल रह्यो ।

तर, निर्णायक पाँचौँ सेटमा अग्रता बनाएर पनि आर्मी २२-२० ले पराजित हुन पुगेको हो । लगातार दोस्रोपटक च्याम्पियन भएपछि हेल्प नेपालका प्रशिक्षक उत्सव खड्का खुसी देखिए, 'लगातार च्याम्पियन भएका छौँ । खुसी छु,' खड्काले भने, 'पाकिस्तानी र नेपाली खेलाडीबीच राम्रो तालमेल रह्यो । लगातार सेटमा पछि परे पनि पुनरागमन गर्नेमा विश्वस्त थिए,' खड्काले भने । यसअघि हेल्प नेपालले गण्डकी प्रदेश तथा आर्मीले अर्को विभागीय टोली पुलिसलाई हराउँदै फाइनलमा स्थान बनाएका हुन् । प्रतियोगितामा उपविजेता हुने पुलिस र आर्मी दुवैले दुई लाख प्राप्त गरेका छन् ।

एपिएफ र पुलिस तेस्रो

प्रतियोगिताको महिलातर्फ विभागीय टोलीद्वय एपिएफ र नेपाल पुलिस तेस्रो भएका छन् । महिलातर्फ एपिएफले न्यु डायमन्डलाई ३-१ को सेटमा हरायो । पहिलो सेट एपिएफले २५-२२ ले जितेको थियो । दोस्रो सेटमा न्यु डायमन्डले २५-२३ ले जित्दै खेल बराबरीमा ल्यायो । तर, राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीले भरिएको एपिएफले बाँकी सेट २५-१४ र २५-२१ ले जितै आफ्नो पक्षमा पार्न सफल भयो । पुरुषतर्फ पुलिसले गण्डकी प्रदेशलाई २५-१६, २५-२० र २९-२७ को सोभ्नो सेटमा हराउँदै तेस्रो स्थान हासिल गर्न सफल भए । तेस्रो हुने दुवै टोलीले एक लाख २५ हजार रुपैयाँ प्राप्त गरे ।

लक्ष्यअनुसार च्याम्पियन भयौँ

अर्जुन घिमिरे, प्रशिक्षक, एभरेस्ट



लक्ष्यअनुसार नै च्याम्पियन भएका छौँ । फाइनल खेल्ने र उपाधि जित्ने योजना थियो । खेलाडीको मिहिनेतले सफल भयौँ । भारतीय खेलाडी र अरुण शाही हुँदा सफल भयो । हाम्रा युवा खेलाडीले पनि राम्रो गर्न सफल भएका छन् । पहिलोपटक च्याम्पियन हुँदा सबै खुसी छौँ । पहिलोपटक लिबेरो भूमिकामा रहेकी रिचा थापाले पनि राम्रो गर्न सफल भइन् । आगामी दिनमा राम्रो गर्न प्रेरित गर्नेछ ।

आत्मविश्वासी थियौँ

उत्सव खड्का, प्रशिक्षक, हेल्प नेपाल



आर्मीविरुद्ध हामी रिसिभमा कमजोर भयौँ । त्यसैले पनि धेरै संघर्ष गर्नपऱ्यो । तर, त्यसलाई सुधार गर्दै खेल जित्न सफल भएका छौँ । लगातार च्याम्पियन हुँदा खुसी छौँ । पाकिस्तानी र नेपाली खेलाडीबीच राम्रो तालमेल रह्यो । त्यसैले पनि खेल जित्नेमा विश्वस्त थियौँ ।

खेल संक्षेप

पारा खेलकुद सम्पन्न

कास्की / गण्डकी प्रदेशस्तरीय पारा खेलकुद प्रतियोगिता सम्पन्न भएको छ । प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा शनिबार भएको प्रतियोगिता अन्तर्गत ह्विलचियर बास्केटबल पुरुषतर्फ हरियो खर्क अस्पतालले उपाधि जितेको छ । नवलपुर ह्विलचियर टिम दोस्रो र पोखरा महानगरपालिका ह्विलचियर टिम तेस्रो भएका छन् । विजेता हरियो खर्कले २५, उपविजेताले १५ र तेस्रो हुनेले १० हजार नगद पुरस्कार पाएका छन् । दृष्टिबिहिन क्रिकेट पुरुष र महिलातर्फ तर्फ गण्डकी 'ए' प्रथम र गण्डकी 'बी' दोस्रो भए । उनीहरूले २८ र १४ हजार हात पारेका छन् । बहिरा पुरुष भलिबलतर्फ बागलुङको टोलीले उपाधि हात पारेको छ । ह्विलचियर टेबुल टेनिस तर्फ धना मगर प्रथम, लक्ष्मी सुनार दोस्रो, अन्जु बराल तेस्रो र अञ्जना के.सीले चौथो स्थान हातपारे । बहिरा महिला ब्याडमिन्टन प्रतियोगिता शारदा थापा प्रथम, सरिता उपाध्याय दोस्रो, कमला मगर तेस्रो र मलिना श्रेष्ठ चौथो भएका छन् ।

ह्यान्डबलको प्रशिक्षण

काठमाडौं / महांकाल स्पोर्टस क्लबको आयोजनामा एकदिने ह्यान्डबल प्रशिक्षण सम्पन्न भएको छ । नेपाल ह्यान्डबल संघको प्राविधिक सहयोगमा भएको प्रशिक्षणमा ६० जनाले सहभागिता जनाएका थिए । कालीदेवी माविको खेल मैदानमा सहभागीलाई श्यामराज सिंहले प्रशिक्षण दिएका हुन् । प्रशिक्षणमा सहभागीलाई ह्यान्डबल प्राविधिक पक्षका बारेमा जानकारी गराइएको संघले जनाएको छ । यसअघि बागमती गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष राजकुमार लामाले प्रशिक्षण कार्यक्रमको उद्घाटन गरेका थिए ।

ओसन कप चैत अन्तिम साता

काठमाडौं / द ओसन क्लबको आयोजनामा ओसन कप यू-१३ राष्ट्रिय फुटबल प्रतियोगिताको नवौँ संस्करण चैत २८ देखि वैशाख १ गतेसम्म हुने भएको छ । गोरखा नगरपालिका- ९ स्थित आयोजकको घाँसेमैदानमा हुने प्रतियोगितामा १२ टोलीले सहभागिता जनाउनेछन् । चारदिने प्रतियोगितमा द ओसन क्लब (गोरखा), साबिक विजेता जनजागृति युवा क्लब (बारा) द ओल्ड क्यापिटल माबि (गोरखा), लक्ष्मी सामुदायिक शिक्षा सदन (गोरखा), समाज कल्याण खेलकुद केन्द्र (काठमाडौं, श्री स्टार क्लब (ललितपुर), वालिङ युनाईटेड (स्याङजा), काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर (झापा), विराटनगर सिटी फुटबल क्लब (मोरङ), घोडाघोडी फुटबल एकेडेमी (कैलाली), क्यासी स्पोर्टस एकेडेमी (चितवन) र वाल्मिकि शिक्षा सदन (चितवन) ले प्रतिस्पर्धा गर्नेछन् ।

लखनउ र तालतलाको जित

काठमाडौं / इन्डो-नेपाल टी-२० च्याम्पियनसिप क्रिकेट प्रतियोगितामा शनिबार भारतका पिएसआर ग्रुप लखनउ र तालतला इन्स्टिटाइट कोलकाता विजयी भएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमुना मैदानमा लखनउले लगातार दोस्रो जित निकालेको हो । लखनउले बागमती प्रदेशलाई १०२ रनले हरायो । दोस्रो खेलमा तालतला इन्स्टिटाइट कोलकाताले मधेश प्रदेशविरुद्ध तीन विकेटको जित निकाल्दै प्रतियोगितामा विजयी सुरुवात गरेको छ ।

मकवानपुरले जित्यो जितपुरसिमरा क्रिकेट कप



बारामा **इन्दीप कोइराला**

मकवानपुर क्रिकेट संघले पहिलो जितपुरसिमरा क्रिकेट कपको उपाधि जितेको छ । शनिबार जितपुरसिमरा ४ स्थित सेज क्रिकेट मैदानमा पर्सा क्रिकेट संघलाई सात विकेटले पराजित गर्दै मकवानपुरले उपाधि उचालेको हो । टस जितेर ब्याटिङ गरेको पर्साले निर्धारित २० ओभर खेल्दै ९१ रनको लक्ष्य दिएको थियो । प्रत्युत्तरमा मकवानपुरले १२.१ ओभरमा जित हात पारेको हो । समूह 'ए' विजेता बन्दै फाइनलमा प्रवेश गरेको पर्साका लागि सुरज पटेलले सर्वाधिक ४५ रन बनाए । हासिम अन्सारीले १० रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । पर्सालाई सस्तैमा रोक्न मकवानपुरका असिम श्रेष्ठले तीन, पियुष शर्माले दुई, विशाल फुँयाल र रोहित ठाकुरले समान एक विकेट हात पारेका हुन् ।

जवाफी ब्याटिङ गर्न आएको मकवानपुरका लागि तक्षक सिम्खडाले सर्वाधिक ३० रन बनाए । विशाल फुँयालले १५ र सक्षम बस्ताकोटीले अविजित १४ रन बनाए । पर्साका लागि सम्साद मन्सुरीले एक्लैले तीन विकेट लिए । उपाधि विजेता मकवानपुरले ट्रफीसहित एक लाख प्राप्त गरेको छ भने उपविजेता पर्साले ५० हजार नगद पायो । मकवानपुरका शुभ कंसाकार प्लेयर अफ दी टुर्नामेन्ट तथा उत्कृष्ट ब्यारट घोषित भएका छन् । खुकुरी क्रिकेट क्लब भैरहवाका सन्तोष यादव उत्कृष्ट बलर घोषित भए । फाइनल खेलको प्लेयर अफ दी म्याचको पुरस्कार मकवानपुरका विशाल फुँयालले प्राप्त गरेका छन् । विजेता तथा उपविजेता खेलाडीलाई पूर्वयुवा तथा खेलकुदमन्त्री एवं संविधानसभाका सदस्य पुरुषोत्तम पौडेल, संविधान सभाका सदस्य जयराम दाहाल, मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरी, नेकपा एमाले मधेश प्रदेश सचिव मनोज पौडेललगायतले पुरस्कार वितरण गरेका थिए । अभियान नेपालको आयोजना र जितपुरसिमरा उपमहानगरपालिकाको सहयोगमा आयोजित प्रतियोगितामा ६ टिमले सहभागिता जनाएका थिए ।

अर्जेन्टिनाको सहज जित

एजेन्सी / विश्व विजेता अर्जेन्टिनाले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा एल साल्भाडोरलाई ३-० ले हराएको छ । शनिबार बिहान कप्तान लियोनल मेसीविना मैदान उत्रिएको अर्जेन्टिनालाई जिताउन रक्षक क्रिस्टियन रोमेरो, मिडफिल्डरद्वय एन्जो फर्नान्डेज र जिओभानी लो सेल्सोले गोल गरेका हुन् । १६औँ मिनेटमा एन्जल डी मारियाको पासमा रोमेरोले अग्रता बनाए । ४२औँ मिनेटमा बक्सभित्र अनमार्क रहेका एन्जोले सहज गोल गर्दै पहिलो हाफमै २-० ले टोलीलाई बढाए । लौटारो मार्टिनेजको पासमा ५२औँ मिनेटमा सेस्सोले तेस्रो गोल गरेका हुन् । अब, अर्जेन्टिनाले २७ मार्चमा कोस्टारिकासँग खेल्नेछ । यो खेलमा पनि मेसी हुनेछैनन् । उनी घाइते भएपछि यो दुई मैत्रीपूर्ण खेलमा विश्राम लिएका छन् ।

दीपक र सन्तोषीलाई उपाधि

नयाँ पत्रिका



दीपक अधिकारी र सन्तोषी श्रेष्ठले राइट टु प्रोटिन रनको हाफ म्याराथनमा स्वर्ण पदक जितेका छन् । शनिबार दशरथ रंगशालामा भएको प्रतियोगिताको उद्घाटन र समापनमा नेपाली सेनाका दीपक पुरुषतर्फ तथा धादिङकी सन्तोषी महिलातर्फ पहिलो भएका हुन् । एसियन क्रसकन्ट्री एथलेटिक्स च्याम्पियनसिपका दोहोरो स्वर्ण विजेता दीपकले निर्धारित २१ किलोमिटरको दूरी १ घन्टा ७ मिनेट ३३ सेकेन्डमा पूरा गरेका हुन् । साग स्वर्णधारी (५ हजार मिटर दौड) एपिएफका गोपीचन्द्र पार्की १ घन्टा ७ मिनेट ४२ सेकेन्ड समयमा दोस्रो भए । पर्वतका तीर्थ पुन तेस्रो, आर्मीका नरेन्द्र रावल चौथो र आर्मीकै खडकबहादुर खड्काले पाँचौँ स्थान हासिल गरेका छन् ।

महिलातर्फ १३औँ दक्षिण एसियाली खेलकुद (साग) १० हजार मिटर दौडकी स्वर्ण विजेता सन्तोषीले निर्धारित दूरी १ घन्टा २० मिनेट १९ सेकेन्डमा पार गर्दै पहिलो भएकी हुन् । सन्तोषी पछिल्लोपटक ढाका म्याराथनको च्याम्पियन भएकी थिइन् । १ घन्टा २१ मिनेट ५६ सेकेन्डमा दूरी पूरा गरेकी नेपाल प्रहरीकी राममाया बुढा दोस्रो एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन् । आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले चौथो तथा एपिएफकी फुलमती रानाले पाँचौँ स्थानमा रहे । दुवै विधाका विजेताले एक लाख प्राप्त गरेका छन् । दोस्रोले ७५, तेस्रोले ५०, चौथोले ४० र पाँचौँले ३० हजार रुपैयाँ नगद पुरस्कार पाएका छन् ।

नेपाल भेटेरिनरी संघले आयोजना गरेको प्रतियोगिताको पुरुष खुला १० किलोमिटर दौडमा आर्मी मुकेशबहादुर पाल पहिलो, आर्मीकै सञ्जय श्रेष्ठ दोस्रो र राजेन्द्र राई तेस्रो भएका छन् ।

महिला खुला ५ किलोमिटर दूरी पूरा गर्दै आर्मीकी सिर्जना पाण्डेय पहिलो भइन् । प्रहरीकी राजपुरा पछाईं दोस्रो तथा आर्मीकी निर्मला केसी तेस्रो भए । विद्यालयतर्फ कक्षा १२ सम्मको पुरुष पाँच किलोमिटरमा विश्वराम कुँवर पहिलो, बादल कार्की दोस्रो, विकेश घिमिरे तेस्रो, कृष्ण परियार चौथो र आशेषकुमार क्षेत्री पाँचौँ भएका छन् । विद्यालयतर्फ नै कक्षा १२ सम्मको महिला ३ किलोमिटरमा कल्पना बुढा पहिलो भइन् । ह्विलचेयरको पुरुष ३ किलोमिटरमा रामकाजी मिजार पहिलो, रमेश खत्री दोस्रो र प्रेमबहादुर विक तेस्रो भएका छन् । महिला खुला ५ किलोमिटर, विद्यालयतर्फ पुरुष ५ किलोमिटर र पुरुष/महिला ह्विलचेयरका विजेताले ३० हजार, उपविजेताले २० हजार र तेस्रोले १५ हजार नगद पुरस्कार जितेका छन् ।


पन्जाबको विजयी सुरुवात

एजेन्सी / दिल्ली क्यापिटल्सलाई चार बल बाँकी रहँदा चार विकेटले हराउँदै पन्जाब किङ्सले इन्डियन प्रिमियर लिग (आईपिएल)मा विजयी सुरुवात गरेको छ । शनिबार भएको खेलमा साम करनले प्लेयर अफ दी म्याच प्रदर्शन गरेपछि पन्जाबले महत्त्वपूर्ण दुई अंक जोडेको हो । यसअघि उद्घाटन खेलमा जित निकाल्दै चेन्नई सुपर किङ्सले दुई अंक जोडेको छ । दिल्ली र रोयल च्यालेन्जर्स बेंगलूरु (आरसिबी)ले हारबाट प्रतियोगिता सुरु गरे ।

प्रतियोगिताको दोस्रो खेलमा दिल्लीले सुरुवाती ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ७५ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा पञ्जावले १९.२ ओभरमा ६ विकेट गुमाउँदै एक सय ७७ रन बनाएको हो । पञ्जावको जितमा साम करनले सर्वाधिक ६३ रन बनाए । उनले ४७ बलमा ६ चौका र एक छक्का प्रहार गरेका हुन् । लिआम लिभिङस्टोन २१ बलमा दुई चौका र तीन छक्कासहित ३८ रनमा अविजित रहे । प्रबसिम्रन सिंहले २६ र ओपनर शिखर धवनले २२ रनको योगदान गरे । करन र लिभिङस्टोनबीच पाँचौँ विकेटका लागि ४२ बलमा सर्वाधिक ६७ रनको बलियो साझेदारी भएपछि पन्जाब जित निकाल्न सफल भएको थियो । करन र सिंहबीच ४२ रनको साझेदारी भएको हो । पहिलो विकेटका लागि कप्तान धवन र जानी बाइर्स्टोबबीच ३४ रनको साझेदारी भयो । दिल्लीका खलिम अहमेद र कुलदीप यादवले समान दुई विकेट लिए ।



गाडी दुर्घटनापछि पहिलो पटक मैदान फर्किएका रिसभ पन्तको टोली दिल्लीले मोहालीमा टस हारेर ब्याटिङ गर्दै सम्मानजनक स्कोर बनाएको थियो । दिल्लीको इनिङ्समा कुनै पनि खेलाडीले ठूलो स्कोर बनाउन सकेनन् । शीर्ष क्रमका खेलाडीले औसत प्रदर्शन गरेपछि तल्लो क्रममा भने दिल्लीको ब्याटिङ धर्मराएको थियो । ओपनर डेबिड वार्नले २९ र मिचल मार्सले २० रन बनाएका थिए । दुई अस्ट्रेलियन खेलाडीले पहिलो विकेटको लागि ३९ रनको साझेदारी गरेका हुन् । साइ होपले २५ बलमा सर्वाधिक ३३ रन बनाए । कप्तान रिसभ पन्तले १३ बलमा १८ रनको योगदान गरेका हुन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com